## रामप्रसादराई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश

भोजपुर, बैकुण्ठे, नेपाल

# मध्यमकालीन खर्च संरचना

## “कृषि, पर्यटन र पूर्वाधारः रामप्रसादराई गाउँपालिकाको समृद्धिको आधार”

(आ.व. २०८१/०८२ - २०८३/०८४)


*प्रस्तुतकर्ता*

**भूगोल ईन्जिनियरिङ्ग कन्सल्ट्यान्ट प्रा.लि.**

सुबिधानगर-३२ काठमाण्डौ

ई-मेल: bhugol.eng@gmail.com; फोन नं.ः ९८४९६२०६८७


२०८१

# विषय सूची

**परिच्छेद १: परिचय** १
१.१ पृष्ठभूमि १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा २
१.३ मध्यमकालीन खर्च संरचनाको आवश्यकता र उपादेयता ४
१.४ उद्देश्य ५
१.५ मध्यमकालीन खर्च संरचना र योजनाहरूबीचको अन्तरसम्बन्ध ५
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू ६
१.७ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ७
१.८ मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि कानूनी तथा संस्थागत व्यवस्था १०
१.८.१ कानूनी व्यवस्था १०
१.८.२ संस्थागत व्यवस्था ११
१.८.२.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ११
१.८.२.२ मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल १२
१.८.२.३ विषयगत योजना तर्जुमा समिति १२
१.८.२.४ बजेट तथा कार्यक्रम तर्जुमा समिति १३
१.९ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया १३
**परिच्छेद २: मध्यमकालीन खर्च संरचना** १९
२.१ पृष्ठभूमि १९
२.२ चूनौति तथा अवसर २०
२.३ निर्देशक सिद्धान्त २१
२.४ सोच, उद्देश्य तथा रणनीति २२
२.४.१ गाउँपालिकाको विकासको दीर्घकालीन सोच: २२
२.४.२ गाउँपालिकाको लक्ष्य २३
२.४.३ गाउँपालिकाका उद्देश्यहरू २३
२.४.४ गाउँपालिकाको विकास रणनीति २४
२.५ मध्यमकालीन आर्थिक खाका २४
२.६ मध्यमकालीन नतिजा खाका २५
२.७ मध्यमकालीन बजेट खाका २८
२.८ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड ३१
**परिच्छेद ३: आर्थिक क्षेत्र** ३३
३.१ कृषि तथा पशुपंक्षी ३३
३.१.१ पृष्ठभुमि ३३
३.१.२ समस्या तथा चुनौती ३३

३.१.३ सम्भावना तथा अवसर ३४
३.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ३४
३.१.४.१ लक्ष्य ३४
३.१.४.२ उद्देश्य ३४
३.१.४.३ रणनीति ३४
३.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३५
३.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३५
३.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ३५
३.१.८ अनुमान तथा जोखिम पक्ष ३६
३.२ सिंचाइ ३६
३.२.१ पृष्ठभूमि ३६
३.२.२ समस्या तथा चुनौती ३६
३.२.३ सम्भावना तथा अवसर ३६
३.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ३७
३.२.४.१ लक्ष्य ३७
३.२.४.२ उद्देश्य ३७
३.२.४.३ रणनीति ३७
३.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३७
३.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३८
३.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ३८
३.२.८ अनुमान तथा जोखिम पक्ष ३८
३.३ पर्यटन, संस्कृति तथा सम्पदा ३८
३.३.१ पृष्ठभूमि ३८
३.३.२ समस्या तथा चुनौती ३९
३.३.३ सम्भावना तथा अवसर ३९
३.३.४ उपक्षेत्रगत लक्ष्य, उद्येश्य, रणनीति ३९
३.३.४.१ लक्ष्य ३९
३.३.४.२ उद्देश्य ४०
३.३.४.३ रणनीति ४०
३.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४०
३.३.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४०
३.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ४१
३.३.८ अनुमान तथा जोखिम पक्ष ४१
३.४ उद्योग, व्यापार, व्यवसाय तथा आपुर्ति ४१
३.४.१ पृष्ठभूमि ४१
३.४.२ समस्या तथा चुनौती ४२
३.४.३ सम्भावना तथा अवसर ४३
३.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ४३

४.४.४.१ लक्ष्य ४३
४.४.४.२ उद्देश्य ४३
४.४.४.३ रणनीति ४३
३.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४४
३.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४४
३.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ४४
४.४.८ अनुमान तथा जोखिम पक्ष ४५
३.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ४५
३.५.१ पृष्ठभूमि ४५
३.५.२ समस्या तथा चुनौती ४५
३.५.३ सम्भावना तथा अवसर ४५
३.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४६
३.५.४.१ लक्ष्य ४६
३.५.४.२ उद्देश्य ४६
३.५.४.३ रणनीति ४६
३.५.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४७
३.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४७
३.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ४७
३.५.८ अनुमान तथा जोखिम पक्ष ४७
**परिच्छेद ४: सामाजिक क्षेत्र** **४८**
४.१ स्वास्थ्य तथा पोषण ४८
४.१.१ पृष्ठभूमि ४८
४.१.२ समस्या तथा चुनौती ४८
४.१.३ सम्भावना तथा अवसर ४८
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४८
४.१.४.१ लक्ष्य ४८
४.१.४.२ उद्देश्य ४८
४.१.४.३ रणनीति ४९
४.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४९
४.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४९
४.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५०
४.१.८ अनुमान तथा जोखिम पक्ष ५०
४.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ५०
४.२.१ पृष्ठभूमि ५०
४.२.२ समस्या तथा चुनौती ५०
४.२.३ सम्भावना तथा अवसर ५१
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५१
४.२.४.१ लक्ष्य ५१

४.२.४.२ उद्देश्य ५१
४.२.४.३ रणनीति ५१
४.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५२
४.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५२
४.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५२
४.२.८ अनुमान तथा जोखिम पक्ष ५२
४.३ खानेपानी तथा सरसफाइ ५३
४.३.१ पृष्ठभूमि ५३
४.३.२ समस्या तथा चुनौती ५३
४.३.३ सम्भावना तथा अवसर ५३
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५३
४.३.४.१ लक्ष्य ५३
४.३.४.२ उद्देश्य ५४
४.३.४.३ रणनीति ५४
४.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५४
४.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५४
४.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५५
४.३.८ अनुमान तथा जोखिम पक्ष ५५
४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ५५
४.४.१ पृष्ठभूमि ५५
४.४.२ समस्या तथा चुनौती ५६
४.४.३ सम्भावना तथा अवसर ५६
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५६
४.४.४.१ लक्ष्य ५६
४.४.४.२ उद्देश्य ५६
४.४.४.३ रणनीति तथा कार्यनीति ५७
४.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५७
४.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५७
४.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५८
४.४.८ अनुमान तथा जोखिम पक्ष ५८
४.५ युवा तथा खेलकूद ५८
४.५.१ पृष्ठभूमि ५८
४.५.२ समस्या तथा चुनौती ५९
४.५.३ सम्भावना तथा अवसर ५९
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्येश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५९
४.५.४.१ लक्ष्य ५९
४.५.४.२ उद्देश्य ५९
५.५.४.३ रणनीति ६०

४.५.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६०
४.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६०
४.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६०
५.५.८ अनुमान तथा जोखिम पक्ष ६१
**परिच्छेद ५: पुर्वाधार क्षेत्र** **६२**
५.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ६२
५.१.१ पृष्ठभूमि ६२
५.१.२ समस्या तथा चुनौती ६२
५.१.३ सम्भावना तथा अवसर ६२
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६२
५.१.४.१ लक्ष्य ६२
५.१.४.२ उद्देश्य ६३
५.१.४.३ रणनीति ६३
५.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६३
५.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६३
५.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६४
५.१.८ अनुमान तथा जोखिम पक्ष ६४
५.२ सडक, पुल तथा यातायात ६४
५.२.१ पृष्ठभूमि ६४
५.२.२ समस्या तथा चुनौती ६५
५.२.३ सम्भावना तथा अवसर ६५
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६५
५.२.४.१ लक्ष्य ६५
५.२.४.२ उद्देश्य ६५
५.२.४.३ रणनीति ६६
५.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६६
५.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६६
५.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६७
५.२.८ अनुमान तथा जोखिम पक्ष ६७
५.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ६७
५.३.१ पृष्ठभूमि ६७
५.३.२ समस्या तथा चुनौती ६८
५.३.३ सम्भावना तथा अवसर ६८
५.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६८
५.३.४.१ लक्ष्य ६८
५.३.४.२ उद्देश्य ६८
५.३.४.३ रणनीति तथा कार्यनीति ६८
५.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६९

५.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६९
५.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६९
५.३.८ अनुमान तथा जोखिम पक्ष ६९
५.४सुचना, सञ्चार तथा प्रविधि ७०
**५.४.१** पृष्ठभूमि ७०
५.४.२ समस्या तथा चुनौती ७०
**५.४.३** सम्भावना तथा अवसर ७०
**५.४.४** उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७०
५.४.४.१ लक्ष्य ७०
५.४.४.२ उद्देश्य ७०
५.४.४.३ रणनीति तथा कार्यनीति ७०
५.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७१
५.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ७१
**५.४.७** अपेक्षित उपलब्धि तथा नतिजा खाका ७१
**५.४.८** अनुमान तथा जोखिम पक्ष ७२
**परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ७३**
६.१ वन तथा जैविक विविधता ७३
६.१.१ पृष्ठभुमि ७३
६.१.२ समस्या तथा चुनौती ७३
६.१.३ सम्भावना तथा अवसर ७३
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्येश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७३
६.१.४.१ लक्ष्य ७३
६.१.४.२ उद्देश्य ७४
६.१.४.३ रणनीति ७४
६.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७४
६.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ७५
६.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७५
६.१.८ अनुमान तथा जोखिम पक्ष ७५
६.२ भुसंरक्षण तथा जलाधार व्यवस्थापन ७६
६.२.१ पृष्ठभुमि ७६
६.२.२ समस्या तथा चुनौती ७६
६.२.३ सम्भावना तथा अवसर ७६
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७६
६.२.४.१ लक्ष्य ७६
६.२.४.२ उद्देश्य ७६
६.२.४.३ रणनीति ७६
६.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७७
६.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ७७

६.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७७
६.२.८ अनुमान तथा जोखिम पक्ष ७८
६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ७८
६.३.१ पृष्ठभूमि ७८
६.३.२ समस्या तथा चुनौती ७८
६.३.३ सम्भावना तथा अवसर ७८
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७९
७.३.४.१ लक्ष्य ७९
६.३.४.२ उद्देश्य ७९
६.३.४.३ रणनीति ७९
६.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७९
६.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ८०
६.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८०
६.३.८ अनुमान तथा जोखिम पक्ष ८०
६.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायू उत्थानशीलता ८०
६.४.१ पृष्ठभूमि ८०
६.४.२ समस्या तथा चुनौती ८१
६.४.३ सम्भावना तथा अवसर ८१
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८१
६.४.४.१ लक्ष्य ८१
६.४.४.२ उद्देश्य ८१
६.४.४.३ रणनीति ८२
६.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ८२
६.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ८२
६.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८३
६.४.८ अनुमान तथा जोखिम पक्ष ८३
**परिच्छेद ७: संस्थागत विकास तथा सुशासन क्षेत्र ८४**
७.१ संस्थागत विकास तथा सूशासन ८४
७.१.१ पृष्ठभूमि ८४
७.१.२ समस्या तथा चुनौती ८४
७.१.३ सम्भावना तथा अवसर ८५
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८६
७.१.४.१ लक्ष्य ८६
७.१.४.२ उद्देश्य ८६
७.१.४.३ रणनीति ८६
७.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ८७
७.१.६ कार्यक्रम तथा आयोजना ८७
७.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८८

७.१.८ अनुमान तथा जोखिम पक्ष ८८

**अनुसूचीहरू** **८९**

अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ८९

अनूसुची २: मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ९०

अनूसुची ३: तीन आर्थिक वर्षको बजेट सिमा ९३

अनूसुची ४: अन्तिम मस्यौदा प्रतिवेदन प्रस्तुतीरणमा सहभागीहरुको सूची ९५

## तालिका सूची

तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य २५

तालिका २.२: मध्यमकालीन समष्टिगत नतिजा खाका २५

तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. मा) ३०

तालिका २.४: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ३१

तालिका २.५: विषयगत क्षेत्रको आधारमा बाँडफाँड ३१

तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. मा) ३२

तालिका २.७: लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. मा) ३२

तालिका २.८: जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. मा) ३२

तालिका ३.१: कृषि तथा पशुपंक्षी उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ३५

तालिका ३.२: कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ३५

तालिका ३.३: सिंचाइ उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ३८

तालिका ३.४: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३८

तालिका ३.५: पर्यटन तथा संस्कृति उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ४०

तालिका ३.६: पर्यटन तथा संस्कृति उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४१

तालिका ३.७: उद्योग तथा व्यापार उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ४४

तालिका ३.८: उद्योग, व्यापार तथा व्यवसाय उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४४

तालिका ३.९: श्रम तथा रोजगारी उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ४७

तालिका ३.१०: श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४७

तालिका ४.१: स्वास्थ्य तथा पोषण उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ४९

तालिका ४.२: स्वास्थ्य तथा पोषण उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ४९

तालिका ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ५२

तालिका ४.४: शिक्षा, विज्ञान तथा प्रविधि उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५२

तालिका ४.५: खानेपानी तथा सरसफाइ उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ५४
तालिका ४.६: खानेपानी तथा सरसफाइ उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५५
तालिका ४.७: महिला, बालबालिका तथा लक्षित वर्ग उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ५७
तालिका ४.८: महिला, बालबालिका तथा लक्षित वर्ग उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५७
तालिका ४.९: युवा तथा खेलकुद उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ६०
तालिका ४.१०: युवा तथा खेलकुद उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६०
तालिका ५.१: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माO उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ६३
तालिका ५.२: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६४
तालिका ५.३: सडक, पुल तथा यातायात उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ६६
तालिका ५.४: सडक, पुल तथा यातायात उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६६
तालिका ५.५: जलस्रोत, विद्यूत् तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ६९
तालिका ५.६: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६९
तालिका ५.७: सूचना, सञ्चार तथा प्रविधि उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ७१
तालिका ५.८: सूचना, सञ्चार तथा प्रविधि उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ७१
तालिका ६.१: वन तथा जैविक विविधता उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ७५
तालिका ६.२: वन तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण ७५
तालिका ६.३: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ७७
तालिका ६.४: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण ७७
तालिका ६.५: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ७९
तालिका ६.६: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ८०
तालिका ६.७: विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ८२
तालिका ६.८: विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ८२
तालिका ७.१: संस्थागत विकास तथा सूशासन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ८७

तालिका ७.२: संस्थागत विकास तथा सूशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ८७

# चित्र सूची

चित्र १.१: चक्रिय योजनाको रूपमा मध्यमकालीन खर्च संरचना ३
चित्र १.२: मध्यमकालीन खर्च संरचनाको उपादेयता ५
चित्र १.३: आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबीचको सम्बन्ध ६
चित्र १.४: आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्य र वार्षिक बजेट तथा कार्यक्रमबीचको सम्बन्ध १०
चित्र १.५: मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा अवलम्वन गरिने प्रक्रियागत चरणहरू १४

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । रामप्रसादराई गाउँपालिकाको आवधिक विकास योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

परिवर्तित परिप्रेक्ष्यमा स्रोत उपलब्धताको खाका अनुरूप विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकीकरण तथा मूलप्रवाहीकरणको लागि मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण पाटो भइसकेको छ । तथापि यसलाई संस्थागत गर्दै प्रभावकारिता अभिवृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ । नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन दुवै पक्षसँग प्रत्यक्ष परोक्ष रूपमा मध्यमकालीन खर्च संरचना जोडिएको हुन्छ । तर यसलाई थप यथार्थपरक र व्यावहारिक बनाउँदै यसको अनुमानयोग्यता र विश्वसनीयता कायम गर्नुपर्ने आवश्यकता रहेको छ ।

तसर्थ, एउटा ठोस आधारशिला अथवा संरचना विकास गरी त्यसैको मार्गदर्शन अनुसार सार्वजनिक खर्चको प्रभावकारी तथा उत्पादनशील व्यवस्थापन गर्नु आवश्यक रहन्छ । निश्चित निर्देशिकाको आधारमा सार्वजनिक खर्चलाई प्राथमिकताको आधारमा परिणाममुखी तथा न्यायोचित वितरणतर्फ डो-याउनु आवश्यक छ । यसबाट सीमित साधन र स्रोतको न्यायोचित उपयोग गरी अधिकतम फाइदा हासिल गर्न सकिन्छ । साथै, उच्च आर्थिक वृद्धि, आर्थिक स्थिरता, गरिबी निवारण सहितको समावेशी आर्थिक विकासको खाका कोर्दै आवधिक योजनाका उद्देश्यलाई स्पष्टसँग सम्बोधन गर्न सकिन्छ । अर्कोतर्फ, स्पष्ट र ठोस वित्तीय कार्ययोजना सहितको सार्वजनिक खर्च व्यवस्थापन संस्थागत गर्न सकिएको खण्डमा गाउँपालिकाको संघ र प्रदेश माझ विश्वसनीयता अभिवृद्धि गर्न मद्दत पुग्दछ । यसको लागि स्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी पक्षको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ । यसै अनुरुप रामप्रसादराई गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व. २०८१/८२- २०८५/८६) सँग सामञ्जस्य हुनेगरी आर्थिक वर्ष २०८१/८२ - २०८३/८४ को मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यो प्रथम मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आवधिक योजनामा उल्लिखित सोँच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति एवम्

प्राथमिकता, आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यहरूलाई मुख्य आधार बनाइएको छ । गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै आवधिक योजना, उपलब्ध शाखागत सूचना, कोशी प्रदेशको आवधिक विकास योजना तथा मध्यमकालीन खर्च संरचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधारमानी यो दस्तावेज तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

उपलब्ध साधन र स्रोतको निर्धारण र उक्त स्रोतलाई सरकारको प्राथमिकता अनुसार बाँडफाँट गर्ने एउटा माध्यम वा साधन मध्यमकालीन खर्च संरचना हो । यस मध्यमकालीन खर्च संरचना अन्तर्गत स्रोत र साधनको सीमा माथिबाट तलतिर प्रवाह हुने, तत्कालीन र मध्यमकालीन खर्च आंकलन तलबाट माथि प्रवाह हुने र यी सम्भावित आय र व्ययलाई तात्कालिक नीति र कार्यक्रमद्वारा निर्दिष्ट वार्षिक बजेट निर्माण प्रक्रियासँग एकाकार गराउने कार्य गर्दछ । यस संरचनाले उपलब्ध साधन स्रोतको आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । आधारभूत रूपमा यो एउटा बृहत् आर्थिक नमूना हो, जसले आम्दानी र खर्चको अनुमान र वित्तीय लक्ष्यलाई देखाउँदछ ।


यस अन्तर्गत मध्यम अवधि अर्थात् आगामी तीन वर्षको राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आंकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गर्दछ । यसको आधारमा खर्चको क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत क्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन एवम संघ र प्रदेशले र स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने राजस्व बाँडफाँट र अनुदान सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ । यसरी निर्धारण भएको स्रोतभित्र रहेर विषय क्षेत्रगत मन्त्रालय एवम् निकायहरूले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गरिन्छ । सम्बन्धित निकायसँगको छलफल पछि तीन वर्ष अवधिको खर्चको खाका तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरू समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाँड, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework -

MTB) तयार गरिन्छ। यो दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिएको हुन्छ।

यो खाका तयार गर्दा बजेट कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ। यसमा पहिलो वर्षको खर्च र स्रोत अनुमानको वार्षिक बजेटसँग तादाम्यता राखी बाँकी दुई वर्षको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन पछि दोस्रो वर्षको वार्षिक बजेट तर्जुमा गर्नुपर्ने समयमा नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। जसमा पहिलो वर्षको प्रगति समीक्षा गर्नुपर्दछ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ। यस क्रममा यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गर्नुपर्ने हुन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोग पु-याउँछ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रूपमा तयार गरिने योजना दस्तावेज हो। यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो प्रक्रिया वार्षिक रूपमा गरिरहनु पर्दछ। मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।





चित्र १.१: चक्रिय योजनाको रूपमा मध्यमकालीन खर्च संरचना

## १.३ मध्यमकालीन खर्च संरचनाको आवश्यकता र उपादेयता

आवधिक विकास योजना, राष्ट्रिय तथा क्षेत्रगत नीति, रणनीतिहरूको कार्यान्वयन सरकारले वार्षिक बजेट तथा कार्यक्रम मार्फत गर्दछन् । नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रम र बजेटको प्राथमिकतासंग जोड्न, विनियोजन कुशलता प्राप्त गर्न, वित्तीय अनुशासन कायम गर्न, खर्चमा प्रभावकारिता तथा दक्षता कायम गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । वार्षिक बजेट तथा कार्यक्रमलाई आवधिक विकास योजना, नीति तथा रणनीतिसंग आवद्ध गरी निर्धारित लक्ष्य प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्छ ।

मध्यमकालीन खर्च संरचना तर्जुमाबाट हुने फाइदाहरू निम्नानुसार छन्:

- राष्ट्रिय तथा क्षेत्रगत नीति एवं आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमसंग अन्तरसम्बन्ध कायम गरी कार्यान्वयन गराउने ।
- बजेट तर्जुमालाई परम्परागत र साँघुरो सोँचबाट बाहिर ल्याई बजेटलाई यथार्थपरक ¬ र अनुमान योग्य बनाउने ।
- सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल प्राप्त गर्न मद्दत पुर्‍याउने ।
- नीतिगत प्राथमिकताको आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको प्राथमिकीकरण गर्ने ।
- मध्यमकालीन नीतिगत परिवर्तनका आधारमा खर्चको पुनर्वितरण गर्ने ।
- नतिजा केन्द्रित हुने छ ।
- विनियोजन कुशलताका साथै आर्थिक अनुशासन कायम गर्न मद्दत गर्ने ।
- विनियोजन कुशलताका साथै आर्थिक अनुशासन कायम गर्न मद्दत गर्ने ।
- बहुबर्षीय आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने ।
- नतिजा नदेखिने स-साना कार्यक्रममा बजेट छर्ने प्रवृत्तिमा कमी ल्याउने ।
- लैङ्गिक समानता र दिगो विकासका लक्ष्य हासिल गर्नमा जोड दिने ।
- मध्यमकालीन खर्च संरचनाको उपादेयतालाई तलको चित्रबाट स्पष्ट गरिएको छ ।




चित्र १.२: मध्यमकालीन खर्च संरचनाको उपादेयता

## १.४ उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन् :-

(क) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,


(ख) आयोजनाहरूको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाहरूको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनु,

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.५ मध्यमकालीन खर्च संरचना र योजनाहरूबीचको अन्तरसम्बन्ध

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आबद्ध गर्दछ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ ।




चित्र १.३: आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबीचको सम्बन्ध

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक विकास योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छः

- नेपालको संविधान २०७२
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्धौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरू
- गाउँपालिकाको प्रथम आवधिक योजना २०८०/८१ -२०८४/८५
- गाउँपालिकाको वस्तुगत विवरण (प्रोफाइल) आदि ।

## १.७ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रूपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोँच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तिमा  योगदान गर्नुपर्ने आवश्यकता रहेको छ। यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रूपमा पनि रहेको छ ।

स्थानीय सरकार नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरूपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तिमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रूपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तिमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ। सेवा प्रवाह र स्थानीय पूर्वाधार विकास लगायतका कार्य जिम्मेवारी स्थानीय तहको कार्य क्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ। साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन। यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवाला बीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमति भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जस अनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर

भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तिमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धिलाई दिगो विकासका लक्ष्य प्राप्तितर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरूपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तितर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धि हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तिमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तिमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानी बिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तिमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रूपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ। यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तिमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्य जिम्मेवारी भित्र र जन अपेक्षालाई संबोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमन सम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत

स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।


स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ (जलवायु सम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

रामप्रसादराई गाउँपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेवारी सम्बन्धी जनप्रतिनिधि, कर्मचारीहरूलाई जानकारीमूलक तालिम कार्यक्रम प्रस्तावित गरेको छ । दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुर्‍याउन वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ। दिगो विकास लक्ष्य स्थानीयकरणमा आधारित रही पालिकाको सङ्घीय सरकार तथा कोशी प्रदेशसँग समन्वय सहकार्य गरी कार्यक्रमहरू कार्यान्वयन गर्ने र गाउँपालिका शाखागत कार्यक्रमहरू दिगो विकास लक्ष्यमा आधारित भई समीक्षा गरी प्रतिवेदन तयार गर्ने अभ्यास भएको छ।

यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरू बीच अधिकतम सामञ्जस्यता/एकरूपमा कायम गर्ने प्रयास गरिएको छ।

यस संरचनामा समावेश आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रूपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रूपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँडको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोँच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्ष रूपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुर्‍याउने खालका छन्। समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकता अनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने

आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चित गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस रामप्रसादराई गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रूपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्य र वार्षिक बजेट तथा कार्यक्रमबीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ ।




चित्र १.४: आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्य र वार्षिक बजेट तथा कार्यक्रमबीचको सम्बन्ध

## १.८ मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि कानूनी तथा संस्थागत व्यवस्था

### १.८.१ कानूनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो मध्यमकालीन खर्च संरचनामा देहायका विवरणहरू खुलाउनुपर्ने व्यवस्था रहेको छः-

क) प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य,

ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटचाउन आवश्यकताको पुष्टचाइँ,

ग) प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिको दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,

घ) प्रस्तावित योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण,

ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,

छ) सञ्चालित योजना भए गत आ.व.मा छुटयाइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ मा कार्यालयको परिभाषा अन्तर्गत स्थानीय तहका सबै सरकारी कार्यालय भनी परिभाषित गरिएको र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ मा कार्यालयले तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समावेश भएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसवाहेक ऐनको ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले सङ्घ, प्रदेश र स्थानीय तहको कूल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कूल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा सबै गाउँपालिका तथा नगरपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नु आवश्यक छ ।

### १.८.२ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था गर्नुपर्दछ :-

#### १.८.२.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) आगामी तीन वर्षको कूल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ख) प्रक्षेपित कूल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

(ग) आयोजना तथा कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारणका आधार तथा प्रक्रिया एवम् बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्ने,

(घ) बजेट सीमा तथा मार्गदर्शन स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने ।

### १.८.२.२ मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहायबमोजिमको कार्यदल रहनेछ । सो कार्यदलले मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने एवम विषय उपक्षेत्रगत रूपमा तयार मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत रूपमा एकीकृत गरी विषयगत समिति समक्ष पेश गर्नेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) विभाग/महाशाखा/शाखा प्रमुखहरू - सदस्य

(ग) योजना विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख- सदस्य सचिव

कार्यदलले आवश्यकताअनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

मध्यमकालीन खर्च संरचना बजेट तयारी गर्ने सन्दर्भमा कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गर्नुपर्नेछः

(क) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ख) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ग) विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत महाशाखा/शाखाहरूसँग आवश्यक समन्वय गर्ने,

(घ) मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने र छलफल प्रक्रियामा आवश्यक सहयोग गर्ने,

(ङ) समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयारी कार्यमा बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग गर्ने,

(च) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी अन्य कार्यहरू गर्ने ।

### १.८.२.३ विषयगत योजना तर्जुमा समिति

कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शनभित्र रही विषयगत महाशाखा/शाखाहरूबाट विषय उपक्षेत्रगत रूपमा तयार भई कार्यदल मार्फत पेश हुन आएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदामा संलग्न बजेट तथा कार्यक्रमलाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.६.४ मा उल्लेख भएबमोजिमका विषयगत समितिहरूले गर्नुपर्नेछ । मध्यमकालीन खर्च संरचना तर्जुमाको सन्दर्भमा विषयगत समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्ने,

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने,

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रूप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

### १.८.२.४ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरूप भए नभएको यकिन गर्ने,

(ख) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको यकिन गर्ने

(ग) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने,

(घ) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण स्रोतपुस्तिकालाई आधार लिई विषय उपक्षेत्रगत रूपमा तयार भएको त्रिवर्षीय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,


(ङ) स्थानीय आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने ।

## १.९ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य स्थानीय तहका लागि नवीन अभ्यास हो । यसका लागि सर्वप्रथम संरचनाको आवश्यकता, महत्व र प्रक्रियागत चरणहरूका बारेमा सम्बद्ध सरोकारवालाहरू स्पष्ट हुन आवश्यक हुन्छ । सोको लागि कार्यपालिकाका सदस्य, विषयगत

समितिका पदाधिकारी सहित महाशाखा/शाखाका प्रमुखहरूलाई अभिमुखीकरण गर्नु आवश्यक छ । मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा अवलम्वन गर्नुपर्ने प्रक्रियागत चरणहरू देहायबमोजिम रहेका छन्:




चित्र १.५: मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा अवलम्वन गरिने प्रक्रियागत चरणहरू

**चरण- १: तयारी चरण**

***प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन***

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, प्राविधिक समिति/कार्यदल, विषयगत योजना तर्जुमा समितिहरू, बजेट तथा कार्यक्रम तर्जुमा समिति र स्थानीय राजस्व परामर्श समिति गठन गरी अभिमुखीकरण गरियो । अभिमुखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवम् औजारहरूको सम्बन्धमा गठित समितिहरू तथा गाउँपालिकाका सबै कार्यपालिका सदस्य, गाउँपालिकाका कर्मचारीहरू बीच समान बुझाइ कायम गरियो । साथै यस अभिमुखीकरण

कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, पालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो ।

### *प्रक्रिया २: सन्दर्भ सामाग्री संकलन तथा समीक्षा*

प्राविधिक समितिको सहयोगमा परामर्शदाताद्वारा स्थानीय तहको योजना, स्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरू पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न लिखित सन्दर्भ सामग्रीहरू अध्ययन एवं समीक्षा गरियो ।

| | |
|---|---|
| रू | नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड |
| पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) | स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) |
| अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ | स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७ |
| आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७ | नेपाल सरकारको दीर्घकालीन सोच, प्रदेशका योजनाहरू |
| अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि | रामप्रसादराई गाउँपालिकाको विषय क्षेत्रगत नीति र योजनाहरू |
| आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ | नेपाल सरकारद्वारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका |
| राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२) | संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन |
| कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८१/८२) | स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) |
| नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास | स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९ |
| नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू | रामप्रसादराई गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि |

### *प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लिखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा वि.स. २०८० पुष २३ गते गाउँपालिकामा कार्यपालिकाको बैठकको आयोजना गरी छलफल गरियो । बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रशासकीय अधिकृत, विभिन्न महाशाखा/शाखाका प्रमुखहरू लगायतको उपस्थिति रहेको थियो । बैठकमा भएको

छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाव र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण- २: लेखाजोखा चरण**

***प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

मध्यमकालीन खर्च संरचनाको तर्जु प्रक्रियाको सम्बन्धमा साझा बुझाई तयार गर्ने उद्देश्यले एक दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाको कर्मचारी सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाइमा एकरूपता कायम गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलको कार्य क्षेत्र, कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा गठन गरिएको कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ।

***प्रक्रिया ५: विषयगत समिति तथा शाखाहरूसँग परामर्श तथा छलफल***

विषयगत रणनीतिक योजना, आवधिक विकास योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरूसँग छलफल गरियो। यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरूको विवरण संकलन गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रूपमा स्रोत आवश्यकता निर्धारण गरियो।

***प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण***

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको स्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक स्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको स्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरूको खर्च सहित पालिकास्तरीय गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने स्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो। स्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो। यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो

## चरण - ३: तर्जुमा चरण

### *प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफलमा विषयगत महाशाखा/शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान, प्राथमिकता निर्धारण, लागत अनुमान यकिन र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

### *प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा/शाखा/एकाइसँग छलफल गरी उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

### *प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा एकीकृत विकास योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश तयार गरी प्रस्तुत गरिएको छ ।

## चरण ४: स्वीकृति चरण

### *प्रक्रिया १०: मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन*

माथि उल्लिखित विधि प्रकृयाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरी आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गाउँपालिकामा मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरू तथा सम्बद्ध अन्य कर्मचारीहरूको

सहभागिता थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरूमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरूको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रूप प्रदान गरियो ।

### *प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी*

मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमका साथै विभिन्न महाशाखा/शाखाहरूबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरू विभिन्न शाखाहरूबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

### *प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृतिका लागि पेस*

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेस भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात् अनुमोदनका निमित्त गाउँसभामा पेश गरी स्वीकृत गरिनेछ ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको सुरुआत गरिएको हो । सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई लिने परम्परा रहेको छ ।

सङ्घीय संरचना अनुरूप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम सहितको चालु खर्च, पुँजीगत खर्च खुलाउनु पर्ने व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार रामप्रसादराई गाउँपालिकाले तय गरेको दीर्घकालीन सोँच सहितको एकीकृत विकास योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोँच अनुरूप तयार चालु पन्ध्रौं योजना, कोशी प्रदेश सरकारको प्रथम आवधिक योजना र पालिकाको आवधिक विकास योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्षका (२०८१/८२-२०८३/८४) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा पालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रूपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरू, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चूनौति तथा अवसर

संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रूपमा कार्यान्वयन गर्न पालिकासँग पर्याप्त कानून तथा नीतिहरू तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्धौं योजना, कोशी प्रदेशको प्रथम योजना र गाउँको एकीकृत विकास योजनाको उद्देश्य हासिल गर्न पालिकामा पर्याप्त ऐन तथा नीतिहरू बनिनसक्नु, वित्तीय सङ्घीयताको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पूरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चुनौतीको रूपमा लिएको छ । यस्तै प्राकृतिक प्रकोप, सिँचाइको अभाव, ग्रामीण सडकमा बाढी पहिरोले पार्ने क्षतिको व्यवस्थापन हुन नसक्नु, कृषि र पशुजन्य पूर्वाधारको अभाव, पर्यटकीय उत्पादनको पूर्वाधार तथा सूचना केन्द्रको अभाव, भौतिक पूर्वाधारको आधुनिकीरण हुन नसक्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरूमा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, वडागत जनघनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरू बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु, बाल विवाह, जातीय छुवाछुत कायमै रहनु, जग्गा विहीन परिवारमा खानेपानीको पहुँचमा कमी, ससरसफाइका लागि फोहोर वर्गीकरण तथा प्रशोधन विधि नअपनाउनु र खेल मैदानहरूको पूर्वाधार विकास पर्याप्त नहुनु चुनौतीपूर्ण रहेका छन् ।

समग्र देशकै कूल गार्हस्थ्य उत्पादन, राजस्व एवम् कृषि, उद्योग तथा सेवा क्षेत्रमा पछि परेको कोशी प्रदेश अन्तर्गत रहेको रामप्रसादराई गाउँपालिकाको धरातलीय अवस्थितिले आफैमा धेरै सम्भावना तथा अवसर बोकेको छ । पहाड तथा टार जस्ता भू-आकृतिको बाहुल्यता रहेको भोजपुर जिल्लामा पर्ने रामप्रसादराई गाउँपालिका नेपालका मध्य उच्च जडीबुटी उत्पादकत्वको सम्भावना भएका  क्षेत्रहरू मध्ये एक हो । तसर्थ व्यावसायिक जडीबुटी यहाँको प्रमुख सम्भावना भएको क्षेत्र हो । यस गाउँपालिकाका लागि कृषि, रोजगारी तथा अध्ययनबाट फर्किएका युवा मार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रूपान्तरणको दिशामा अगाडि बढ्ने संम्भावना छन् । यसका साथै महामारी रोग र अन्य विपद्ले गर्दा अझ बलियो सुरक्षित निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यसले खर्च संरचना केन्द्रित हुने प्रेरणा दिएको छ ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशील हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरू बीच दिगो विकासका कार्यहरू क्रमश: कार्यान्वयन हुँदै जानु अहिलेका प्रमुख अवसरहरू हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पुँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन

वृद्धि, जीबिकोपार्जनमा सुधार, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग गर्ने अवसरहरू विद्यमान छन् ।

## २.३ निर्देशक सिद्धान्त

दीर्घकालीन सोँचलाई मूर्त रूप दिनका लागि शिक्षा, कृषि पर्यटन र पूर्वाधारमा विशेष प्राथमिकता सहित राष्ट्रिय योजना र नीतिका मूलभूत पक्षलाई स्थानीयतामा आन्तरिकीकरण गर्दै देहाय अनुसार विकासको निर्देशक सिद्धान्त तय गरिएको छ ।

**स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोँच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।

**व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भूउपयोग नीति २०७२ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तताका, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग क्षेत्र निर्धारण सहित भू-उपयोग योजना तर्जुमा गरी सोको पालना अभिवृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।

**उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशील पूर्वाधार** : भूउपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियमवली अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

**प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, सरसरफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।

**निजी, गैरसरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण, संचालन, सेवा प्रवाहमा निजी, गैरसरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी बनाइनेछ । कृषि पशुपालन, ब्यापार/व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इञ्जिनियरिङ्ग जस्ता निजी क्षेत्र, गैरसरकारी र सहकारी संस्थालाई संलग्न गराई स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैरसरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ ।

**समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धन** :सुशासन र विकास समृद्धिको पूर्व सर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यास गरिनेछ ।समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ ।

**प्राकृतिक स्रोतको दिगो उपयोग तथा वातावरणमैत्री विकासः** गाउँपालिकाले विकास योजना सञ्चालन गर्दा स्थानीय स्रोत, साधन, सम्पदाको वुद्धिमतापूर्ण एवं दिगो रूपमा उपयोग गर्ने र वातावरणलाई क्षति नपुग्ने गरी योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ। प्राकृतिक रुपमा अति नै सम्वेदनशील भूभाग रहेको यस गाउँपालिकाको विकास पूर्वाधारका योजनाहरू सञ्चालन गर्दा प्राकृतिक भूभागलाई नखल्बल्याउने गरी विकास गर्न पहल गरिनेछ विशेषगरी जल, जंगल र जमिनको दिगो उपयोग र व्यवस्थापन गरी जनताको आर्थिक समृद्धि हासिल गरिने छ ।

**सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन** : विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाइने छ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

## २.४ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको **"समृद्ध नेपाल सुखी नेपाली"** तथा प्रादेशिक सरकारको **"स्वच्छ सुखि र समुन्नत प्रदेश"** लक्ष्य तथा रामप्रसादराई गाउँपालिकाको स्रोत र साधनलाई दृष्टिगत गर्दै गाउँपालिकाको विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति निम्न अनुसार तय गरिएको छ ।

### २.४.१ गाउँपालिकाको विकासको दीर्घकालीन सोचः

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत गाउँपालिकाको वस्तुस्थिति विश्लेषण तथा सहभागितामूलक छलफल तथा परामर्शका आधारमा विकासका सम्भावना, अवसर र गाउँपालिकाबासीको अपेक्षित चाहनालाई मध्यनजर गरी देहाय अनुसार गाउँपालिकाको दीर्घकालीन सोँच तय गरिएको छः

**"कृषि, पर्यटन र पूर्वाधारः रामप्रसादराई गाउँपालिकाको समृद्धिको आधार"**

**समृद्धिका लागि तिन मुख्य आधारहरूः** नीतिगत रूपमा गाउँपालिकाको समृद्धिका लागि कृषि, पर्यटन, र पूर्वाधार पहिचान गरिएको छ ।

**कृषिः** तरकारी र फलफूल (सुन्तला र कागती) मा ५ वर्षमा व्यावसायिक र आत्मनिर्भर भई निर्यात भएको हुनेछ । रासायनिक मलको सट्टा प्राङ्गारिक मल प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिइने छ । उत्पादनका लागि चाहिने आवश्यक बिउ-बिजन र मलखादमा अनुदान दिइनेछ ।

उत्पादनमा आधारित प्रोसेसिङ उद्योग, ग्रेडिङग, प्याकेजिङ र बजारीकरणको कार्यमा किसानलाई अनुदान दिइने छ। वैदेशिक रोजगारीमा जाने र आएका युवालाई व्यावसायिक उद्यम र उद्यमशीलतामा लगाइने छ। कोल्डस्टोर निर्माण र सञ्चालन गरिने छ। कृषि बिमामा अनुदान दिइने छ। प्रत्येक वडामा सङ्कलन केन्द्र निर्माण भई सेवा सुचारु हुनेछन्। कृषिलाई प्रविधि, पर्यटन र गरिबी निवारणसँग जोडी व्यवसायीकरण गरिने छ।

**पर्यटन:** प्रचुर सम्भावना भएर पनि अपेक्षित विकास हुन नसकेको परिप्रेक्ष्यमा पर्यटनलाई गाउँपालिकाको समृद्धिको महत्वपूर्ण आधारका रूपमा लिइएको छ। यसका निम्ति पर्यटकीय क्षेत्रमा विविधीकरण र पर्यटकीय गन्तव्यको विकास र प्रवर्द्धन गरिने छ। मुख्य पर्यटकीय स्थलका पूर्वाधार निर्माण, सौन्दर्ययीकरण, प्रचार-प्रसार, मुख्य पर्यटकीय स्थललाई जोडने पदमार्ग र पर्यटकीय सडक, पर्यटक सूचना केन्द्र, पर्यटन विकास समिति गठन, विभिन्न वडामा होमस्टे र कोसेलीघर सञ्चालन र एक वटा स्तरीय रिसोट निर्माणमा जोड दिइने छ।

**पूर्वाधार:** गाउँपालिका केन्द्रबाट जिल्ला सदरमुकाम र वडा केन्द्र जोडने सडकको स्तरोन्नति गरिने छ। जिल्ला भित्रबाट गएको मध्य पहाडी लोक मार्गबाट अधिकतम लाभ लिने प्रयास हुनेछ। गाउँपालिकाका सबै वडाबाट गाउँपालिकाको केन्द्रसम्म सबै मौसममा सवारी साधन सञ्चालनमा आई सेवा लिएका हुनेछन्। त्यसै गरी उर्जा, सिंचाइ, सूचना प्रविधि र संचार सम्बन्धी पूर्वाधारको विकासमा जोड दिइनेछ।

### २.४.२ गाउँपालिकाको लक्ष्य

यस गाउँपालिकाको विकासको समग्र लक्ष्य देहाय अनुसार रहेको छ:

- कृषि, पर्यटन र पूर्वाधारको दिगो विकासद्वारा उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि गर्दै सुसंस्कृत र समृद्ध समाजको निर्माण गर्ने।

### २.४.३ गाउँपालिकाका उद्देश्यहरू

यस गाउँपालिकाको समग्र विकासमा उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

१. उत्पादनशील क्षेत्रमा रोजगारीका अवसरहरू सृजना गर्दै न्यायपूर्ण वितरण सहित गरिबी न्यूनीकरण गरी आर्थिक सामाजिक रूपान्तरण गर्नु।

२. शिक्षा, स्वास्थ्य तथा पोषण र सामाजिक सुरक्षामा गुणस्तरीय सुधार गर्दै समतामूलक समाजको विकास गर्नु।

३. गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधारको विकास गर्नु।

४. जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्नु।

५. स्वस्थ, प्रतिस्पर्धी र दक्ष मानव संशाधनको विकास गर्नु।

६. प्राकृतिक स्रोत साधनमा नागरिकको न्यायपूर्ण पहुँच सुनिश्चितता गर्नु।

७. सामाजिक भेदभावको अन्त्य गर्नु।

८. वन, वातावरण, जलाधार र जैविक विविधताको संरक्षण गर्नु ।
९. सामाजिक सुरक्षा र सुशासनको प्रत्याभूति गर्नु ।
१०. पर्यटकीय, यातायात, पूर्वाधारको विकास, सार्वजनिक निजी र सहकारीको संलग्नतामा व्यवस्थित वस्ती विकास, वैज्ञानिक तथा
११. सहज सार्वजनिक सेवा तथा सूचनाको सुनिश्चितता गर्नु ।
१२. सामाजिक विकृति, द्वन्द्व, अपराध र हिंसा नियन्त्रण गर्दै दिगो शान्ति प्रवर्द्धन गर्नु ।
१३. स्थानीयस्तरको मौलिक संस्कृति र पर्यटन प्रवर्द्धनलाई आयआर्जनको एक प्रमुख स्रोतको रूपमा स्थापित गर्नु ।
१४. स्वस्थ, दक्ष तथा समयानुकूल प्रतिस्पर्धी मानव संशाधनको विकास गर्नु ।
१५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउनु ।

### २.४.४ गाउँपालिकाको विकास रणनीति

रामप्रसादराई गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछः

- कृषि र पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण र औद्योगिकीकरण गर्ने
- स्थानीय स्रोतमा आधारित उद्योग र व्यवसायको सिर्जना र विकास गर्ने,
- गुणस्तरीय तथा व्यावसायिक शिक्षा, स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाइ सुविधा, सामाजिक सुरक्षा तथा सशक्तीकरण प्रवर्द्धन तथा सुनिश्चित गर्ने,
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा संचारका पूर्वाधार विकास र विस्तार गर्ने,
- गुणस्तरीय, दिगो र उत्पादन केन्द्रित पूर्वाधारको विकास गर्ने,
- उपलब्ध प्राकृतिक स्रोत र साधनको विवेक सम्मत परिचालन गर्ने,
- पर्यटन पदमार्गमा पर्यटकमैत्री पूर्वाधारको विकास गर्ने,
- वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र जैविक विविधताको संरक्षण गर्ने,
- समावेशीकरण तथा सुशासनलाई स्थानीय शासन तथा विकास प्रक्रियामा एकीकृत गर्ने,
- बनाउने ।

## २.५ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोँच तथा संकल्प **"समृद्ध नेपाल र सुखी नेपाली"** कोशी प्रदेशको सोँच **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** र रामप्रसादराई गाउँपालिकाको सोँच **"कृषि, पर्यटन र पूर्वाधारः रामप्रसादराई गाउँपालिकाको समृद्धिको आधार"** तथा गाउँपालिका विकासको लक्ष्य अनुरूप आगामी तीन आर्थिक

वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। आगामी ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | | एकाइ | २०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | | प्रतिशत | २.१६ | २.२० | २.३० | ३.० |
| | १.१ | कृषि | | २.७३ | ३.० | ३.५ | ४.२ |
| | १.२ | उद्योग | | ०.५९ | ०.७९ | ०.९८ | १.५ |
| | १.३ | सेवा | | २.३३ | २.८० | ३.२० | ३.५० |
| २ | प्रतिव्यक्ति कूल राष्ट्रिय आय | | अमेरिकी डलरमा | १४१० | १५५० | १६०५ | १६५० |
| ३ | बहु आयामिक गरिबी सूचकाङ्क | | सूचक | ०.०६६ | ०.०५५ | ०.०४५ | ०.०२० |
| ४ | निरपेक्ष गरिबी रेखामुनिको जनसंख्या | | प्रतिशत | १२.४ | ११.५ | ११.० | १०.५ |
| ५ | आर्थिक रूपले सक्रिय जनसँख्या | | प्रतिशत | ७१ | ७२ | ७२.५ | ७३.२ |

*कोशी प्रदेशको आर्थिक सर्वेक्षण, २०७९/०८०*

## २.६ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौं योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना तथा पालिकाको वर्तमान आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८०/८१ को यथार्थ उपलब्धिको आधारमा आगामी आ.व. २०८१/८२ देखि २०८३/८४को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको आगामी वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छः

**तालिका २.२: मध्यमकालीन समष्टिगत नतिजा खाका**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०८०/८१ चैत्रसम्मको यथार्थ | मध्यमकालीन लक्ष्य | | | आ.व. २०८०/८१ तथ्याङ्को स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| क. | आर्थिक विकास क्षेत्र | | | | | | |
| १. | कृषि बिमा | प्रतिशत | ० | २ | ५ | ७ | कृषि शाखा |
| २. | पशुपंक्षी बिमा | प्रतिशत | ० | १ | ३ | ४ | कृषि शाखा |
| ३. | बाखा फार्म | सङ्ख्या | ३४ | ३४ | ३५ | ३५ | कृषि शाखा |
| ४. | कृषि तथा पशुपंक्षी फार्म | सङ्ख्या | ९ | ११ | १३ | १५ | कृषि शाखा |
| ५. | कोल्डस्टोर (निर्माणाधीन) | सङ्ख्या | १ | १ | १ | १ | कृषि शाखा |
| ६. | कृषि हाटबजार | सङ्ख्या | १ | १ | २ | ३ | कृषि शाखा |
| ७. | बैंकको शाखा (क र ख वर्ग) | सङ्ख्या | १ | १ | २ | २ | सहकारी शाखा |

| क.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०८०/८१ चैत्रसम्मको यथार्थ | मध्यमकालीन लक्ष्य | | | आ.व. २०८०/८१ तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| ८. | बचत तथा ऋण सहकारी संस्था | सङ्ख्या | ४ | ५ | ६ | ७ | सहकारी शाखा |
| ९. | कृषि सहकारी संस्था | सङ्ख्या | ७ | ७ | ८ | ९ | सहकारी शाखा |
| १०. | महिला सहकारी संस्था | सङ्ख्या | २ | ३ | ४ | ४ | सहकारी शाखा |
| ११. | सहकारी संस्थाको निक्षेप संकलन | रू. मा | २८,०८,१२३ | ३०,०००,०० | ३५,०००,०० | ४०,००,००० | सहकारी शाखा |
| १२. | सहकारी संस्थाको ऋण परिचालन | रू.मा | ५८,०९,५८६ | ६२,०००,०० | ७०,०००,०० | ७५,००,००० | सहकारी शाखा |
| १३. | सहकारीमा आवद्ध कर्मचारी | सङ्ख्या | पुरुष ११, महिला ११ | पुरुष १३, महिला १३ | पुरुष १५, महिला १५ | पुरुष १६, महिला १६ | सहकारी शाखा |
| १४. | भूमिहीन घरपरिवार | सङ्ख्या | ८ | ५ | ३ | ० | सहकारी शाखा |
| १५. | बैंकमा खाता भएको परिवार | प्रतिशत | ७७.६८ | ८२ | ८६ | ९२ | गाउँपालिकाको पारिवारिक तथ्याङ्क सर्भेक्षण |
| १६. | आफ्नो उत्पादनले वर्षैभर खानपुग्ने परिवार | प्रतिशत | ३४.२५ | ३४.५ | ३५ | ३५ | गाउँपालिकाको पारिवारिक तथ्याङ्क सर्भेक्षण |
| १७. | आन्तरिक राजस्व | रू. मा | ५०,००,००० | ५५,०००,०० | ६०,०००,०० | ६५,००,००० | प्रशासन/लेखा |
| १८. | आन्तरिक तथा बाह्य पर्यटक आगमन बार्षिक | सङ्ख्या | ० | २५०० | ४५०० | ७,००० | प्रशासन/लेखा |
| १९. | होमस्टे (सामुदायिक र निजी) | सङ्ख्या | १ | १ | २ | २ | प्रशासन/लेखा |
| २०. | पर्यटन पदमार्ग | सङ्ख्या | २ | ३ | ४ | ४ | प्रशासन/लेखा |
| २१. | औद्योगिक ग्रामको स्थापना | सङ्ख्या | ० | ० | १ | १ | प्रशासन/लेखा |
| २२. | बेरोजगारी दर | प्रतिशत | ४.३ | ४ | ३ | २ | गाउँपालिकाको पारिवारिक तथ्याङ्क सर्भेक्षण |
| २३. | आर्थिक रूपले सक्रिय जनसंख्या | प्रतिशत | ६४.६३ | ६५.५ | ६७.५ | ६७.५ | गाउँपालिकाको पारिवारिक तथ्याङ्क सर्भेक्षण |
| **ख.** | **सामाजिक विकास क्षेत्र** | | | | | | |
| २४. | नमुना विद्यालय क्रमागत (प्रदेश र केन्द्र) | सङ्ख्या | १ | १ | २ | २ | शिक्षा शाखा |
| २५. | प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालय | सङ्ख्या | २ | २ | २ | २ | शिक्षा शाखा |
| २६. | बालमैत्री पूर्वाधार भएका विद्यालय | सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | शिक्षा शाखा |
| २७. | कूल साक्षरता दर | प्रतिशत | ८७.३५ | ८८ | ९० | ९२ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| २८. | कम्प्युटर ल्याव स्थापना भएको विद्यालय | सङ्ख्या | ५ | ६ | ७ | ७ | शिक्षा शाखा |
| २९. | विज्ञान प्रयोगशाला स्थापना भएका विद्यालय (६ -१२) | सङ्ख्या | १ | १ | २ | २ | शिक्षा शाखा |
| ३०. | स्नातक तह अध्ययन गराउने क्याम्पस | सङ्ख्या | ० | १ | १ | १ | शिक्षा शाखा |
| ३१. | खरको छाना भएको घरधुरी | प्रतिशत | ३५.०८ | २५ | १५ | १२ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ३२. | भवन मापदण्ड अनुसार बनेका घरहरू | प्रतिशत | १६.२३ | १८.५ | २३.५ | २५ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ३३. | नमुना बालविकास केन्द्र | सङ्ख्या | २ | २ | ३ | ३ | शिक्षा शाखा |
| ३४. | इ-हाजिरी भएका विद्यालय | सङ्ख्या | ७ | १० | १२ | १५ | शिक्षा शाखा |
| ३५. | सिसि क्यामरा जडान भएका विद्यालय | सङ्ख्या | १ | २ | ३ | ४ | शिक्षा शाखा |
| ३६. | खोपकेन्द्र | सङ्ख्या | २१ | २२ | २४ | २६ | स्वास्थ्य शाखा |
| ३७. | आयुर्वेद औषधालय | सङ्ख्या | १ | १ | २ | २ | स्वास्थ्य शाखा |
| ३८. | इन्धनको रूपमा दाउरा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९९.३९ | ९० | ८८ | ८५ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |

| क.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०८०/८१ चैत्रसम्मको यथार्थ | मध्यमकालीन लक्ष्य | | | आ.व. २०८०/८१ तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| **ग.** | **भौतिक पूर्वाधार विकास क्षेत्र** | | | | | | |
| ३९. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८५ | ८८ | ९० | ९२ | पूर्वाधार विकास शाखा |
| ४०. | कालोपत्रे सडक | कि. मि. | ० | १० | १५ | २० | पूर्वाधार विकास शाखा |
| ४१. | ग्राभेल सडक | कि. मि. | ३ | २० | ३५ | ४० | पूर्वाधार विकास शाखा |
| ४२. | कृषि सडक | कि. मि. | ३३८.६ | ३३५ | ३४० | ३४५ | पूर्वाधार विकास शाखा |
| ४३. | कच्ची सडक | कि. मि. | ४०७.४ | ४१२ | ४२२ | ४२५ | पूर्वाधार विकास शाखा |
| ४४. | पक्की पुल | सङ्ख्या | ५ | ६ | ७ | ७ | पूर्वाधार विकास शाखा |
| ४५. | झोलुङ्गे पुल | सङ्ख्या | ८ | ९ | ११ | १२ | पूर्वाधार विकास शाखा |
| ४६. | कल्भर्ट | सङ्ख्या | ० | ३ | ५ | ८ | पूर्वाधार विकास शाखा |
| ४७. | सबै मौसममा सडक सगँ आवद्ध वडा | सङ्ख्या | ८ | ८ | ८ | ८ | पूर्वाधार विकास शाखा |
| ४८. | वडालाई स्मार्ट वडाका रूपमा विकास गर्ने | सङ्ख्या | ० | १ | १ | २ | पूर्वाधार विकास शाखा |
| ४९. | बसपार्क निर्माण | सङ्ख्या | ० | १ | १ | २ | पूर्वाधार विकास शाखा |
| ५०. | निजी र सार्वजनिक पाइप धाराबाट खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | ९३.१२ | ९५ | ९६ | ९७ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ५१. | निजी पाइपको धाराबाट खानेपानी पुगेको घरधुरी | प्रतिशत | ७५.५९ | ७७ | ७८ | ८० | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ५२. | शौचालय भएका घरधुरी | प्रतिशत | ९७.१९ | ९८ | ९९ | १०० | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ५३. | विद्युत्मा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ७७.१६ | ८५ | ९४ | ९९ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ५४. | आरसिसि भएका व्यक्तिगत घरधुरी | प्रतिशत | ०.०८ | १ | ३ | ४ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ५५. | वर्षभरि सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | ५० | ५७ | ६३ | ७० | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ५६. | नियमित मर्मत तथा पुनर्स्थापना सिँचाइ योजना | सङ्ख्या | २ | ३ | ४ | ५ | गाउँपालिकाको संस्थागत सर्वेक्षण |
| **घ.** | **वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र** | | | | | | |
| ५७. | सामुदायिक वन | सङ्ख्या | ५५ | ५५ | ५५ | ५५ | गाउँपालिकाको संस्थागत सर्वेक्षण |
| ५८ | जलाधारको संरक्षण | सङ्ख्या | १० | १५ | २० | २५ | गाउँपालिका |
| ५९. | विपद् जोखिम नक्सांङ्कन | सङ्ख्या | १ | २ | ४ | ५ | गाउँपालिका |
| ६०. | विपदबाट भएको वार्षिक क्षति | रुपैया लाखमा | १० | ६ | ४ | १ भन्दा कम | गाउँपालिका |
| ६१. | विपद्बाट मृत्युभएको जनसंख्या | सङ्ख्या | ० | ० | ० | ० | गाउँपालिका |
| ६२. | विपद्बाट प्रभावित परिवार संख्या | सङ्ख्या | ५० | ३० | २५ | २० | गाउँपालिका |
| ६३. | पहिरो रोकथाम तथा नियन्त्रण | सङ्ख्या | १० | २० | ३० | ४० | गाउँपालिका |
| ६४. | पहिरोको जोखिममा रहेको घर | सङ्ख्या | ५४१ | ३०० | २२५ | १२० | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| **ङ.** | **संस्थागत तथा सुशासन विकास क्षेत्र** | | | | | | |
| ६५. | गाउँसभामा महिलाको प्रतिनिधित्व | प्रतिशत | १६ | १७ | १८ | १८ | गाउँपालिका |
| ६८. | कम्प्युटर प्रयोग गर्ने घरधुरी | प्रतिशत | १.९२ | ३ | ३.५ | ४ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ६९. | टेलिभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | १४.४३ | १८ | २१ | २२ | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ७०. | मोवाइलमा पहुँच पुगेको परिवार | प्रतिशत | ९४.८७ | ९६ | ९८ | १०० | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०८०/८१ चैत्रसम्मको यथार्थ | मध्यमकालीन लक्ष्य | | | आ.व. २०८०/८१ तथ्याङ्को स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| ७०. | इन्टरनेट प्रयोग गर्ने घर परिवार | प्रतिशत | ५०.४५ | ५६ | ६६ | ७० | गाउँपालिकाको पारिवारिक सर्वेक्षण |
| ७२. | सार्वजनिक सुनुवाइ गर्ने वडा | सङ्ख्या | ० | २ | ४ | ६ | गाउँपालिका |
| ७३ | इ-विडिङ्ग मार्फत आयोजनाको सार्वजनिक खरिद | प्रतिशत बजेट | १० | २० | ४० | ५० | गाउँपालिका |
| ७४. | योजनाको अनुगमन तथा मूल्याङ्कन | प्रतिशत | १०० | १०० | १०० | १०० | गाउँपालिका |
| ७५. | बजार अनुगमन | पटक | २ | ३ | ४ | ४ | गाउँपालिका |
| **च.** | **अन्तरसम्बन्धित विकास क्षेत्र** | | | | | | |
| ७६. | प्रहरी चौकी स्थापना | सङ्ख्या | ५ | ६ | ७ | ७ | गाउँपालिका |
| ७७. | गाउँपालिकाको कूल खर्चमा बेरूजुको अनुपात | अनुपात | ०.४० | ०.३० | ०.२० | ०.१० | गाउँपालिका |

## २.७ मध्यमकालीन बजेट खाका

आवधिक विकास योजनाको सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई पालिकाको त्रिवर्षीय बजेट खाका तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । विभिन्न किसिमका विपद्, जलवायु परिवर्तनजन्य विपद् पश्चात्को सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । विपद्ले सिर्जना गरेका विकासका अवसरहरूको उपयोग गर्ने खालका विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ ।

गाउँपालिकाका गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई विशेष ध्यान दिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई पनि ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँड सहितको विषयगत शाखा, उपशाखा, एकाइलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ ।

## मध्यमकालीन खर्च संरचना

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८०/८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा पालिकाको एकीकृत विकास योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा पालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आगामी आर्थिक वर्षहरूका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगतका आर्थिक वर्षहरूको स्रोत संकलन, चालु आर्थिक वर्षको अनुमान तथा ज्येष्ठ मसान्तसम्मको संकलन, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँडका दस्तावेजहरूलाई मुख्य आधारका रूपमा लिइएको छ ।

गाउँपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १,८६,३२,२२,८६५.३५ (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. २२,२८,४६,१२४.८८ (११.९६ प्रतिशत), राजस्व बाँडफाँडबाट रु. ३३,०४,०१,११७.४८ (१७.७३ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १,२४,७१,४८,३७५.०० (६६.९४ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ६२८,२७,२४८.०० (३.३७ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ ( तालिका २.३) ।

तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. मा)

| क.स. | आय शिर्षक | २०७८/०७९ को यथार्थ आय (रु मा) | २०७९/०८० को यथार्थ आय (रु मा) | २०८०/०८१ को अनुमानित आय (रु मा) | आगामी ३ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु मा) | | | ३ वर्षको जम्मा रकम (रु मा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. (२०८१/८२) | दोस्रो आ.व. (२०८२/८३) | तेस्रो आ.व. (२०८३/८४) | |
| १ | **संघीय सरकार** | **३४,४६,५४,०००.००** | **२९,८७,८९,५६१.६०** | **३२६५००००.००** | **३५९१५००००.००** | **४१३०२२५००.००** | **४७४९७५८७५.००** | **१२४७१४८३७५.००** |
| | १३३११ समानीकरण अनुदान | ८,९९,००,०००.०० | ८,८८,९२,५००.०० | ८४२०००००.०० | ९२६२००००.०० | १०६५१३०००.०० | १२२४८९९५०.०० | ३२१६२२९५०.०० |
| | १३३१२ ससर्त अनुदान चालु | २१,५३,५४,०००.०० | १७,५१,६३,४३८.६० | १९६५०००००.०० | २१६१५००००.०० | २४८५७२५००.०० | २८५८५८३७५.०० | ७५०५८०८७५.०० |
| | १३३१३ ससर्त अनुदान पुँजीगत | ३,९४,००,०००.०० | ३,१७,३३,६२३.०० | २६३०००००.०० | २८९३००००.०० | ३३२६९५००.०० | ३८२५९९२५.०० | १००४५९४२५.०० |
| | १३३१५ विशेष अनुदान पुँजीगत | | | ११५०००००.०० | १२६५००००.०० | १४५४७५००.०० | १६७२९६२५.०० | ४३९२७१२५.०० |
| | १३३१७ समपूरक अनुदान पुँजीगत | ०.०० | ३०,००,०००.०० | ८००००००.०० | ८८०००००.०० | १०१२००००.०० | ११६३८०००.०० | ३०५५८०००.०० |
| २ | **प्रदेश सरकार** | **२,०४,३१,०००.००** | **५५,३३,४९६.९७** | **१६४४८०००.००** | **१८०९२८००.००** | **२०८०६७२०.००** | **२३९२७७२८.००** | **६२८२७२४८.००** |
| | १३३११ समानीकरण अनुदान | ५०,४०,०००.०० | ४४,१०,०००.०० | ५०५१०००.०० | ५५५६१००.०० | ६३८९५१५.०० | ७३४७९४२.२५ | १९२९३५५७.२५ |
| | १३३१२ ससर्त अनुदान चालु | ५३,९१,०००.०० | ११,२३,४९६.९७७ | ८९७०००.०० | ९८६७००.०० | ११३४७०५.०० | १३०४९१०.७५ | ३४२६३१५.७५ |
| | १३३१३ ससर्त अनुदान पुँजीगत | ०.०० | ०.०० | ५०००००.०० | ५५००००.०० | ६३२५००.०० | ७२७३७५.०० | १९०९८७५.०० |
| | १३३१७ समपूरक अनुदान पुँजीगत | १,००,००,०००.०० | ०.०० | १००००००००.०० | ११००००००.०० | १२६५००००.०० | १४५४७५००.०० | ३८१९७५००.०० |
| ३ | **राजस्व बाँडफाँड** | **६,९९,२६,६००.५३** | **५,३२,५०,२६९.८२** | **८६४९८१००.००** | **९५१४७९१०.००** | **१०९४२००९६.५०** | **१२५८३३११०.९८** | **३३०४०१११७.४८** |
| | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५,००,८६,८५५.२४ | ४,८९,८८,९८१.३२ | ८२३९५१००.०० | ९०६३४६१०.०० | १०४२२९८०१.५० | ११९८६४२७१.७३ | ३१४७२८६८३.२३ |
| | ११४२१ बाँडफाँड भई प्रात हुने अन्तःशुल्क | १,६१,६७,२७६.५० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ११४५६ बाँडफाँड भई प्रात हुने सवारी सधन कर | ३६,३९,९५७.५१ | ३८,२३,५४३.७१ | ४१०३०००.०० | ४५१३३००.०० | ५१९०२९५.०० | ५९६८८३९.२५ | १५६७२४३४.२५ |
| | १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३२,५११.२८ | ४,३७,७४४.७९ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | **आन्तरिक स्रोत** | **१४,८९,५२,२५३.६२** | **१३,६५,४७,३५६.९८** | **५८३४०५००.००** | **६४१७४५५०.००** | **७३८००७३२.५०** | **८४८७०८४२.३८** | **२२२८४६१२४.८८** |
| | ११३१४ भूमिकर/मालपोत | १६,४८,३६६.४८ | ८,१४,५६६.६३ | १२०८५००.०० | १३२९३५०.०० | १५२८७५२.५० | १७५८०६५.३८ | ४६१६१६७.८८ |
| | ११३२१ घरवहाल कर | १,३८,१७२.५० | १,२७,९९६.०० | १६००००.०० | १७६०००.०० | २०२४००.०० | २३२७६०.०० | ६१११६०.०० |
| | ११४५१ सवारी साधन कर (साना सवारी) | ०.०० | ०.०० | ५५०००.०० | ६०५००.०० | ६९५७५.०० | ८००११.२५ | २१००८६.२५ |
| | ११६९१ अन्य कर | ७,९६,३६२.१० | १४,७७,३३९.०२ | ४०००००.०० | ४४००००.०० | ५०६०००.०० | ५८१९००.०० | १५२७९००.०० |
| | १४२१९ अन्य सेवा शुल्क तथा विक्री | ०.०० | ०.०० | १६५५०००.०० | १८२०५००.०० | २०९३५७५.०० | २४०७६११.२५ | ६३२१६८६.२५ |
| | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ८४,८००.०० | १,४२,०००.०० | १०००००.०० | ११००००.०० | १२६५००.०० | १४५४७५.०० | ३८१९७५.०० |
| | १४२४३ सिफारिस दस्तुर | ५,८८,६३८.०० | ५,२५,५४५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | १४२५३ व्यवसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | १,३०,५५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | १४६११ व्यवसाय कर | ०.०० | ०.०० | २१५००.०० | २३६५०.०० | २७१९७.५० | ३१२७७.१३ | ८२१२४.६३ |
| | १५१११ बेरुजु | १२,२४,४४७.०० | ६७,०८३.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३२१२२ बैंक मौज्दात | १४,४४,७१,४६७.५४ | १३,३२,६२,२७७.३३ | ५४७४०५००.०० | ६०२१४५५०.०० | ६९२४६७३२.५० | ७९६३३७४२.३८ | २०९०९५०२४.८८ |
| ५ | **वैदेशिक स्रोत** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** |
| | ३३२४१ वैदेशिक ऋणको प्राप्ति | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **५८,३९,६३,८५४.१५** | **४९,४१,२०,६८५.३७** | **४८७७८६६००.००** | **५३६५६५२६०.००** | **६१७०५००४९.००** | **७०९६०७५५६.३५** | **१८६३२२२८६५.३५** |

## २.८ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण तल चर्चा गरिएको छ।

### क. प्राथमिकताक्रमको आधारमा बाँडफाँड

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.४ मा प्रस्तुत गरिएको छ।

**तालिका २.४: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम संख्या | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २६७ | ३४८७६७.४२ | ६५ | ४०१०८२.५३ | ६५ | ४६१२४४.९१ | ६५ |
| प्राथमिकता दोस्रो (P2) | १३५ | १८७७९७.८४ | ३५ | २१५९६७.५२ | ३५ | २४८३६२.६४ | ३५ |
| **जम्मा** | ४०२ | ५३६५६५.२६ | १०० | ६१७०५०.०५ | १०० | ७०९६०७.५६ | १०० |

### ख. विषयगत क्षेत्रको आधारमा बाँडफाँड

विषयगत क्षेत्रको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५: विषयगत क्षेत्रको आधारमा बाँडफाँड**

| क्र.सं | क्षेत्र | २०८१/०८२ (रु मा) | २०८२/०८३ (रु मा) | २०८३/०८४ (रु मा) | कूल जम्मा |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२७७५६१८८.४१ | १४६९१९६१६.६७ | १६८९५७५५९.१७ | ४४३६३३३६४.२४ |
| २ | सामाजिक क्षेत्र | १८१४१२७१४.४१ | २०८६२४६२१.५७ | २३९९१८३१४.८० | ६२९९५५६५०.७७ |
| ३ | पूर्वाधार क्षेत्र | २०४९६७९२९.३२ | २३५७१३११८.७२ | २७१०७००८६.५३ | ७११७५११३४.५६ |
| ४ | वन, वातावरण तथा विपत् व्यवथापन क्षेत्र | १७४९२०२७.४८ | २०११५८३१.६० | २३१३३२०६.३४ | ६०७४१०६५.४१ |
| ५ | संस्थागत विकास तथा सुशासन क्षेत्र | ४९३६४००.३९ | ५६७६८६०.४५ | ६५२८३८९.५२ | १७१४१६५०.३६ |
| कूल जम्मा | | ५३६५६५२६०.०० | ६१७०५००४९.०० | ७०९६०७५५६.३५ | १८६३२२२८६५.३५ |

### ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँड

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका २.६ मा प्रस्तुत गरिएको छ।

तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. मा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | १९९०६५७१.१५ | ३.७१ | २२७६९१४६.८१ | ३.६९ | २५९००६७५.८१ | ३.६५ |
| २ | शून्य भोकमरी | १९९०६५७१.१५ | ३.७१ | २२७६९१४६.८१ | ३.६९ | २५९००६७५.८१ | ३.६५ |
| ३ | स्वस्थ जीवन | २६८८१९१९.५३ | ५.०१ | २९४३३२८७.३४ | ४.७७ | ३२९९६७५१.३७ | ४.६५ |
| ४ | गुणस्तरीय शिक्षा | २७७४०४२३.९४ | ५.१७ | २९४९४९९२.३४ | ४.७८ | ३२३५८१०४.५७ | ४.५६ |
| ५ | लैङ्गिक समानता | ९९८०११३.८४ | १.८६ | ९५०२५७०.७५ | १.५४ | १३१२७७३९.७९ | १.८५ |
| ६ | खानेपानी सरसफाइ | १४००४३५३२.८६ | २६.१० | १३२६६५७६०.५४ | २१.५० | १९२१६१७२६.२६ | २७.०८ |
| ७ | आधुनिक औजारमा पहुँच | ५३९२४८०८.६३ | १०.०५ | ६२०७५२३४.९३ | १०.०६ | ७३९४११०७.३७ | १०.४२ |
| ८ | समावेशी आर्थिक बृद्धि र मर्यादित काम | २७७४०४२३.९४ | ५.१७ | २९४९४९९२.३४ | ४.७८ | ३२३५८१०४.५७ | ४.५६ |
| ९ | उद्योग, नवीन खोज र पर्वाधार | १९९०६५७१.१५ | ३.७१ | २२७६९१४६.८१ | ३.६९ | २५९००६७५.८१ | ३.६५ |
| १० | असमानता न्युनीकरण | २७७४०४२३.९४ | ५.१७ | २९४९४९९२.३४ | ४.७८ | ३२३५८१०४.५७ | ४.५६ |
| ११ | दिगो सहर र बस्ती | ५३६५६५२६.०० | १०.०० | ९६९३८५६२.७० | १५.७१ | ७३९४११०७.३७ | १०.४२ |
| १२ | दिगो उपभोग र उत्पादन | १९९०६५७१.१५ | ३.७१ | २२७६९१४६.८१ | ३.६९ | २५९००६७५.८१ | ३.६५ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ५०००७८८२.२३ | ९.३२ | ५८४९६३४४.६५ | ९.४८ | ६६७०३११०.३० | ९.४० |
| १४ | सामन्द्रिक सोतको प्रयोग | ०.०० | | ०.०० | | ०.०० | |
| १५ | भूसतह स्रोतको उपयोग | १७७६०३१०.११ | ३.३१ | २२७६९१४६.८१ | ३.६९ | २५९००६७५.८१ | ३.६५ |
| १६ | शान्ति, न्याय र सवल संस्था | ११४८२४९६.५६ | २.१४ | १३८८३६२६.१० | २.२५ | १६५३३८५६.०६ | २.३३ |
| १७ | दिगो विकासको लागि साझेदारी | ९९८०११३.८४ | १.८६ | ११७२३९५०.९३ | १.९० | १३६२४४६५.०८ | १.९२ |
| | जम्मा: | ५३६५६५२६०.०० | १००.०० | ६१७०५००४९.०० | १००.०० | ७०९६०७५५६.३५ | १००.०० |

## घ. लैङ्गिक संकेतको आधारमा बाँडफाँड

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.७ मा प्रस्तुत गरिएको छ ।

तालिका २.७: लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. मा)

| लैङ्गिक संकेत | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष | ८०४८४७८९.०० | १५.०० | ९२५५७५०७.३५ | १५.०० | १०६४४११३३.४५ | १५.०० |
| अप्रत्यक्ष | १६०९६९५७८.०० | ३०.०० | १८५११५०१४.७० | ३०.०० | २१२८८२२६६.९१ | ३०.०० |
| तटस्थ | २९५११०८९३.०० | ५५.०० | ३३९३७७५२६.९५ | ५५.०० | ३९०२८४१५५.९९ | ५५.०० |
| जम्मा: | ५३६५६५२६०.०० | १००.०० | ६१७०५००४९.०० | १००.०० | ७०९६०७५५६.३५ | १००.०० |

## ङ. जलवायु संकेतको आधारमा बाँडफाँड

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.८ मा प्रस्तुत गरिएको छ ।

तालिका २.८: जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. मा)

| जलवायु संकेत | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ५९०२२१७८.६० | ११.०० | ६७८७५५०५.३९ | ११.०० | ७८०५६८३१.२० | ११.०० |
| सान्दर्भिक | १८७७९७८४१.०० | ३५.०० | २१५९६७५१७.१५ | ३५.०० | २४८३६२६४४.७२ | ३५.०० |
| तटस्थ | २८९७४५२४०.४० | ५४.०० | ३३३२०७०२६.४६ | ५४.०० | ३८३१८८०८०.४३ | ५४.०० |
| जम्मा | ५३६५६५२६०.०० | १००.०० | ६१७०५००४९.०० | १००.०० | ७०९६०७५५६.३५ | १००.०० |

# परिच्छेद ३: आर्थिक क्षेत्र

## ३.१ कृषि तथा पशुपंक्षी

### ३.१.१ पृष्ठभुमि

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। यसै सन्दर्भमा विभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि यस गाउँपालिकामा पनि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको आवश्यकता छ । गाउँपालिकालाई खाद्य सम्प्रभु तुल्याउन र गाउँपालिकाको स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यक छ। नेपालको संविधानको आधिकार सूची तथा कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रको रूपमा रहेको कृषि विकास रणनीति (सन् २०१५ - २०३५) र दिगो विकास लक्ष्यलाई गाउँपालिकामा कृषि क्षेत्रको विकासका लागि मार्गदर्शनको रूपमा लिइएको छ । उक्त रणनीतिले कृषि तथा पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। यसैगरी दिगो विकास लक्ष्यले लिएको भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने तथा दिगो कृषिको प्रवर्द्धन गर्ने लक्ष्य हासिल गर्ने गरी यस क्षेत्रमा स्रोत र साधनको परिचालन गरिनेछ । विशेषतः कृषि क्षेत्रको व्यवसायीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आयआर्जन तथा गरीबी निवारण समेत सम्बोधन गरिनेछ । यस गाउँपालिकाको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गरिनेछ।

### ३.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको कृषि उत्पादकत्व वृद्धि गर्न आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा विद्युत् आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन् । कृषिजन्य उत्पादनमा आशातीत उपलब्धि हासिल गर्न अत्यावश्यक उन्नत नस्ल तथा बिउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ। यसको अतिरिक्त जमिनको तीव्र खण्डीकरण प्रमुख समस्याको रूपमा रहेको छ।

अनुसन्धानबाट विकास भएका प्रविधि पर्याप्त मात्रामा विस्तार नहुनु, वैज्ञानिक जनशक्ति व्यवस्थापन कमजोर हुनु, अनुसन्धानको लागि प्रयोगशाला लगायत अन्य पूर्वाधारहरूको कमी हुनुले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणमा थप बाधा पुगेको छ। यसले गर्दा भूमि तथा श्रमशक्तिको उत्पादकत्व निकै न्यून रहेको छ । फलस्वरूप, गाउँपालिकामा खाद्यान्नको आयात अपेक्षित रूपमा घट्न सकेको छैन । उत्पादित खाद्यबस्तुहरूको पनि समुचित भण्डारण, प्रशोधन तथा मूल्य अभिवृद्धि गरी प्रतिफल यथोचित रूपमा बढाउन सकिएको छैन। जलवायु परिवर्तनबाट यस क्षेत्रमा पर्न गएको प्रभावलाई कम गर्न अनुकूलनको माध्यमबाट जलवायु उत्थानशील तथा वातावरणमैत्री कृषि प्रणालीको विकास गर्न पनि समस्या रहेको छ।

कृषि कार्य हुने क्षेत्रहरूमा अनियन्त्रित र असन्तुलित रूपमा जीवनाशक विषादी, एण्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगले मानव तथा वातावरणीय स्वास्थ्यमा असर पुगेको छ । खाद्य पदार्थहरूमा पौष्टिक तत्वहरूको स्रोत र उचित उपयोगबारे चेतनाको कमीले गर्दा स्वस्थकर खानपान तथा सोको लागि व्यवहार परिवर्तन गर्न कठिनाइ देखिएको छ । साथै, खाद्यवस्तुको गुणस्तर नियमन प्रणाली पनि कमजोर रहेको छ ।

### ३.१.३ सम्भावना तथा अवसर

गाउँपालिकाले कृषि क्षेत्रको विकासको लागि स्पष्ट रणनीति र कार्यक्रम तय गर्नु, बिदेसिएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधि सहित कृषि क्षेत्रमा विस्तारै आकर्षित हुँदै जानु, कृषि व्यवसाय प्रति किसानहरूको आकर्षण बढ्नु र विभिन्न संस्था र अन्य निजी क्षेत्रहरू समेतको यस क्षेत्रमा आकर्षण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् । पछिल्ला वर्षहरूमा सहुलियतपूर्ण कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधामा हुँदै गरेको विस्तारले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदैछन् ।

### ३.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

#### ३.१.४.१ लक्ष्य

कृषि र पशुपंक्षी उपक्षेत्रको विकासका लागि यस गाउँपालिकाले निम्न लक्ष निर्धारण गरेको छः

- कृषि र पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी आय र रोजगारीमा बृद्धि गर्नु ।

#### ३.१.४.२ उद्देश्य

यस गाउँपालिकामा कृषि र पशुपंक्षी उपक्षेत्रको विकासका लागि निन्न उद्देश्यहरू निर्धारण गरिएका छन्ः

१ कृषिजन्य वस्तुहरूको दिगो उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर हुनु ।

२. तरकारी र फलफूलको उत्पादन वृद्धि गरी उत्पादित वस्तुको मूल्य अभिवृद्धि श्रृङ्खलाको आधारमा बजारीकरण गर्नु ।

३. पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।

४. घाँस उत्पादनलाई व्यवसायीकरण गर्नु ।

#### ३.१.४.३ रणनीति

कृषी र पशुपंक्षी उपक्षेत्रको विकासको लागि निम्न रणनीति निर्धारण गरिएका छन् ।

**रणनीति**

- कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रोत्साहन गर्ने ।

- कृषि क्षेत्रमा विकास साझेदार निकाय, निजी, समूह र सहकारी क्षेत्रका लगानी अभिवृद्धि र अनुदानको व्यवस्था गर्ने ।
- तरकारी र फलफूललाई व्यवसायीकरण र बजारीकरण गर्ने ।
- बाखापालन व्यवसायलाई स्तरोन्नति गरिनेछ ।

### ३.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१: कृषि तथा पशुपंक्षी उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| २०८१/०८२ | ५०८३४१८७.३७ | २४९०८७५२ | २५९२५४३६ | ६०७९८९६ | ३४०२५८६७ | १७१४११२ | ९०१४३१२ |
| २०८२/०८३ | ५८४५९३१५.४७ | २७४७५८७८ | ३०९८३४३७ | ६९९१८८१ | ३९१२९७४८ | १९७१२२८ | १०३६६४५९ |
| २०८३/०८४ | ६७२२८२१२.७९ | ३०२५२६९६ | ३६९७५५१७ | ८०४०६६३ | ४४९९९२१० | २२६६९१३ | ११९२१४२८ |

### ३.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२: कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु.लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उन्नत घाँसे बाली | पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २० | पशुपालन व्यवसाय प्रवर्द्धन भएको हुनेछ |
| २ | वोयर, बाखा पालन | पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २५ | आय आर्जनमा वृद्धि भई गरिवी न्यूनीकरण हुनेछ |
| ३ | बाखा पालन | पशुपालन व्यवसाय बाट किसानको आय बढाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ४० | आय आर्जनमा वृद्धि भई गरिवी न्यूनीकरण हुनेछ |
| ४ | अर्गानीक विषादी बनाउने टोल टोलमा | कृषि उत्पादन बढाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ६० | कृषि व्यवसाय प्रवर्द्धन भएको हुनेछ |
| ५ | गोठ सुधार कार्यक्रम | पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ३० | पशुपालन व्यवसाय प्रवर्द्धन भएको हुनेछ |

### ३.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्य सम्ममा कृषि क्षेत्रमा संलग्न बहुसंख्यक कृषकहरू व्यावसायिक भएका हुनेछन् । युवाहरूको कृषि क्षेत्र तर्फको आकर्षण अपेक्षित रूपमा बढ्नेछ । तरकारी र फलफूलको व्यावसायिक उत्पादन भएको हुनेछ । उत्पादित वस्तुलाई कोल्डस्टोरमा राखेका हुनेछन् ।

व्यावसायिक रूपमा बाखापालन विकास भएको हुनेछ । गाउँपालिका मासुमा आत्मनिर्भर भएको हुनेछ । सबै वडाहरूमा आधुनिक पशुपंक्षी फार्महरू खुलेका हुनेछन् । सबै नागरिकले वधशालाबाट सफा र स्वच्छता भएको मासु प्राप्त गरेका हुनेछन् । न्यूनतम पौष्टिकताको आपूर्तिका लागि चाहिने प्रतिव्यक्ति प्रतिवर्ष दूध, मासु र अन्डा पूरा भएको हुनेछ ।

### ३.१.८ अनुमान तथा जोखिम पक्ष

उल्लिखित योजनाहरू कार्यान्वयनमा आउनका लागि सिँचाइको सहज व्यवस्थापन, अनुकूल मौसम, रासायनिक मलको सहज आपूर्ति र वितरण, पशुपन्छीमा अस्वभाविक स्वास्थ्य प्रकोप (जस्तै फ्लु) को कमी, कृषिबालीमा सलह  जस्ता प्रकोपको कमी, कृषि विकास रणनीति (२०१६-२०३५) ले प्रक्षेपण गरे अनुसारको बजेट विनियोजन, कृषि सडकको विकास हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने ती कुराहरूको प्रतिकूलताले योजनाको कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ३.२ सिंचाइ

### ३.२.१ पृष्ठभूमि

कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्न आवश्यक छ। परम्परागत सिँचाइ प्रणालीको मर्मत-सम्भार र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिञ्चित कृषि क्षेत्रको विस्तार भइरहेको छ । सिँचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाइ संघबाट, मझौला सिँचाइ प्रणालीको निर्माण पछिको मर्मत-सम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागितालाई थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ । सिँचाइको थप पूर्वाधार विकास र सम्पन्न सिँचाइ प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी वृद्धि गर्न आवश्यक छ ।

### ३.२.२ समस्या तथा चुनौती

सम्पूर्ण कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी भरपर्दो वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने सिँचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि साना र मझौला खालका नदीहरूको जल उपयोग गर्ने योजना निर्माण गर्नु, सिँचाइ सुविधा उपलब्ध भएका र हुने जमिन कृषिका लागि सुरक्षित राख्नु, जलवायु परिवर्तनबाट सिर्जित असर तथा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन गर्नु सिँचाइ क्षेत्रका चुनौती हुन् ।

### ३.२.३ सम्भावना तथा अवसर

सतह जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिँचाइ विकास र विस्तारका लागि उपयुक्त प्रविधि र जनशक्ति उपलब्ध हुनु, सिंचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, सिंचाइको विकास गाउँपालिकाको प्राथमिकतामा पर्नु कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन

सिँचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ३.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

#### ३.२.४.१ लक्ष्य

सिँचाइको विकासका लागि निम्न लक्ष्य निर्धारण गरिएको छः

- कृषि योग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवा मार्फत कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिमा सहयोग गर्ने ।

#### ३.२.४.२ उद्देश्य

सिँचाइको विकासका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छनः

१. सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देशीय उपयोगमा जोड दिनु ।

२. स्थानीय सिँचाइ प्रणालीमा स्थानीय जनताको सहभागिता हुने सिँचाइ प्रणालीलाई दिगो बनाउनु ।

३. सिँचाइको आवश्यकता भएको स्थान र समयमा स्थायीरूपमा पानीको उपलब्धता बढाउनु ।

#### ३.२.४.३ रणनीति

सिँचाइको विकासका लागि निम्न अनुसारको रणनीति लिइएको छ ।

- जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ योजनाहरूको विकास एवं विस्तार गर्ने ।
- स्थानीय तहको प्रयत्नमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन गाउँपालिका भित्र साना र मझौला सिँचाइ आयोजनालाई प्राथमिकताका साथ अगाडि बढाउने ।
- सिँचाइ सुविधाको दिगो व्यवस्थापनमा जोड दिने ।

सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् उपयोगका लागि संस्थागत विकास सुनिश्चित गर्ने ।

### ३.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.३: सिंचाइ उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| २०८१/०८२ | ३२५१३९४९.९५ | १५९३१८३५ | १६५८२११४ | ३८८८७५० | २१७६३२१५ | १०९६३५९ | ५७६५६२६ |
| २०८२/०८३ | ३७३९१०४२.४४ | १७५७३७९० | १९८१७२५२ | ४४७२०६२ | २५०२७६९७ | १२६०८१३ | ६६३०४६९ |
| २०८३/०८४ | ४२९९९६९८.८१ | १९३४९८६४ | २३६४९८३४ | ५१४२८७२ | २८७८१८५२ | १४४९९३५ | ७६२५०४० |

### ३.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.४: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | थोपा सिँचाइ | साना सिँचाइ योजना निर्माण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ४० | कृषि योग्य भूमि सिन्चित भएको हुनेछ |
| २ | पोखरी सिँचाइ | साना सिँचाइ योजना निर्माण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५५ | कृषि योग्य भूमि सिन्चित भएको हुनेछ |
| ३ | ठुलो खोला सिँचाइ निर्माण | सिँचाईलाइ दिगो र भरपर्दो बनाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २५ | कृषि योग्य भूमीमा बाह्रै महिना सिँचाइ पुगी कृषि उत्पादनमा वृद्धि भएको हुनेछ |

### ३.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

प्रथम योजनाको अन्तमा सतह सिँचाइतर्फ तथा नयाँ प्रविधि सिँचाइतर्फ थप जमिनमा सिँचाइ सुविधा पुगेको हुने र सिँचाइ आयोजनाहरूमा समुदायको सहभागिता र जलवायु अनुकूलनता सुनिश्चित भएको हुनेछ ।

### ३.२.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेख गरिएका योजनाहरू कार्यान्वयनमा आउनको लागि सिंचाइमा उपयुक्त प्रविधिको प्रयोग, जग्गा प्राप्तिमा सहजता, संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक बजेटको विनियोजन, किसानहरूको सहभागिता, जलवायु परिवर्तनको प्रभाव पर्ने छैन भन्ने पूर्वानुमान गरिएको छ भने ती कुराहरूको प्रतिकूलताले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ३.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ३.३.१ पृष्ठभूमि

नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई गाउँपालिकाको आर्थिक विकासको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै

जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ। नजिकको तराइक्षेत्रमा भएको ठूलो जनसङ्ख्याको पहुँचबाट सिर्जित अवसरबाट लाभ प्राप्त गरी यस गाउँपालिकाको पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ। यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ। पर्यटन क्षेत्रले यस गाउँपालिकाको अर्थतन्त्रमा योगदान गर्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन। खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, गाउँपालिकाका पर्यटकीय स्थलहरूको बारेमा प्रचार प्रसार नहुनु र निजी क्षेत्रलाई पर्यटनसंग जोड्न नसक्नु जस्ता कारणहरूले पर्यटन व्यवसायबाट हालसम्म गाउँपालिकाले अपेक्षित लाभ लिन सकेको छैन।

### ३.३.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको पर्यटन विकासमा पर्यटन उपज र पर्यटन क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु पर्यटन पूर्वाधारको कमी हुनु, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण सम्बर्द्धन र पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकासलाई जोड्न नसकिनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु जस्ता प्रमुख समस्या रहेका छन्।

यस गाउँपालिकालाई प्रमुख आकर्षक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्नु, पर्यटकीय सेवा-सुविधाको गुणस्तर वृद्धि गर्नु, नयाँ गन्तव्य स्थलहरूको पहिचान र विविधीकरण गर्नु, पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, यस क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उपलब्ध गराउनु र यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिमबाट आउने असर कम गर्नु चुनौतीको रूपमा रहेका छन्।

### ३.३.३ सम्भावना तथा अवसर

स्थानीय तहबाट पर्यटन क्षेत्रमा उत्साहजनक काम गर्ने वातावरण तयार हुनु, नयाँ पर्यटकीय गन्तव्यहरूको विकास हुँदै जानु, पर्यटन पूर्वाधारहरूको निर्माणले गति लिनु, प्राकृतिक सुन्दरता, सौम्यता, जैविक विविधता, सामाजिक साँस्कृतिक विविधता बीचको एकता, अतिथिलाई सत्कार गर्ने संस्कार आदि यस गाउँपालिकाको पर्यटन विकासको अवसरको रूपमा रहेको छ।

### ३.३.४ उपक्षेत्रगत लक्ष्य, उद्येश्य, रणनीति

#### ३.३.४.१ लक्ष्य

पर्यटन, संस्कृति र संपदाको विकासका लागि निम्न लक्ष्य निर्धारण गरिएको छः

- पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने।

#### ३.३.४.२ उद्देश्य

पर्यटन, संस्कृति र संपदाको विकासका लागि निम्न उद्देश्यहरू हुनेछन् ।

१. पालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गरी पर्यटन आगमनमा उल्लेखनीय वृद्धि मार्फत जनताको आयस्तरमा वृद्धि गर्नु ।

२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।

३. प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु ।

४. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्नु ।

#### ३.३.४.३ रणनीति

पर्यटन, संस्कृति र संपदाको विकासका लागि निम्न रणनीति र कार्यनीतिहरू हुनेछन् ।

- गाउँपालिकामा भएका पर्यटकीय स्थलहरूको पहिचान गरी विकासको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- सार्वजनिक, निजी,सहकारी र सामुदायिक क्षेत्रसँग पर्यटन प्रवर्द्धन र विकास गर्न साझेदारी एवम् सहकार्य गर्ने ।

### ३.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.५: पर्यटन तथा संस्कृति उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| २०८१/०८२ | ३११७२५०९.९७ | १५२७४५३० | १५८९७९८० | ३७२८३१० | २०८६५३२२ | १०५११२७ | ५५२७७५१ |
| २०८२/०८३ | ३५८४८३८६.४७ | १६८४८७४२ | १८९९९६४५ | ४२८७५५७ | २३९९५१२० | १२०८७९६ | ६३५६९१४ |
| २०८३/०८४ | ४१२२५६४४.४४ | १८५५१५४० | २२६७४१०४ | ४९३०६९० | २७५९४३८८ | १३९०११५ | ७३१०४५१ |

### ३.३.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.६ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.६: पर्यटन तथा संस्कृति उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पदमार्ग निर्माण | पर्यटकीय महत्वका स्थलको विकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ७०० | पर्यटन उद्योगको बिकास भएको हुनेछ |
| २ | होमस्टे निर्माण | पर्यटन उद्योग मार्फत आम्दानी बढाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ७० | पर्यटनको संख्यामा वृद्धि भएको हुनेछ |
| ३ | पर्यटन गुरु योजना निर्माण | पर्यटन क्षेत्रको योजनाबद्ध विकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २० | गाउँपालिकको पर्यटन गुरुयोजना तयार भएको हुनेछ |
| ४ | पर्यटकीय पार्क र पिक्निक स्पोट निर्माण | पर्यटकीय महत्वका स्थलको विकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २० | पर्यटन उद्योगको बिकास भएको हुनेछ |

### ३.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

पर्यटन सूचना केन्द्र स्थापना भई पर्यटकहरूको तथ्याङ्क व्यवस्थित भएको हुनेछ। पर्यटन पूर्वाधार, होटल, होमस्टे, पदमार्ग, पर्यटकीय स्थललाई जोड्ने सडकको विकास भएको हुनेछ। आन्तरिक र वाह्य पर्यटन आवागमन संख्यामा उल्लेख्य वृद्धि भएको हुनेछ।

### ३.३.८ अनुमान तथा जोखिम पक्ष

उल्लिखित योजनाहरू कार्यान्वयनमा आउनको लागि निजी क्षेत्रको सहभागिता, होमस्टे संचालनमा जनसहभागिता, आवश्यक बजेटको विनियोजन, नीति नियमहरूको कार्यान्वयन कोभिड जस्ता स्वास्थ्य प्रकोपहरू देखिने छैनन् भन्ने पूर्वानुमान गरिएको छ भने ती कुराहरूको प्रतिकूलताले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन्।

## ३.४ उद्योग, व्यापार, व्यवसाय तथा आपुर्ति

### ३.४.१ पृष्ठभूमि

औद्योगिक क्षेत्र आर्थिक विकासको इन्जिन हो। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकास मार्फत रोजगारी श्रृजना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि,

रोजगारी सिर्जना, स्थानीय स्रोत साधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ ।

वाणिज्य क्षेत्रको विकासले वस्तु र सेवाको सहज आपूर्ति र उत्पादित वस्तु र सेवाको निर्यातबाट आर्थिक वृद्धि हुन सक्दछ । वस्तु तथा सेवाको व्यापारबाट गाउँपालिकाको अर्थतन्त्रले बढी फाइदा लिन सक्दछ । यसर्थ व्यापार नै आर्थिक वृद्धि र आर्थिक विकासको मेरूदण्ड हो ।

नागरिकहरूको दैनिक जीवनयापन गर्न आवश्यक वस्तु एवम् सेवा, खाद्यान्नको व्यवस्था, स्वास्थ्य उपचारका लागि आवश्यक औषधी आदि सहज, सुलभ र उचित मूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नु अति आवश्यक हुन्छ । गाउँपालिकाको एकातिर प्रतिस्पर्धी र स्वस्थ बजार संयन्त्र मार्फत आपूर्ति व्यवस्थापन गर्नुपर्दछ भने अर्कोतिर सामाजिक न्याय र गाउँपालिकाको दायित्व पूरा गर्ने क्रममा आर्थिक रूपले कमजोर वर्गका जनतालाई अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँचको वातावरण निर्माण गर्नुपर्दछ । यसका साथै उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु गाउँपालिकाको महत्वपूर्ण जिम्मेवारी हो ।

### ३.४.२ समस्या तथा चुनौती

उद्यमशील सोँचको विकास हुन नसक्नु, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गर्न नसक्नु, स्थानीय कच्चा पदार्थको कम उपयोग हुनु समस्याका रूपमा रहेका छन् । कृषि क्षेत्रलाई अपेक्षित रूपमा यान्त्रिकीकरण तथा व्यवसायीकरण गर्न नसक्दा यसको उत्पादन तथा उत्पादकत्व न्यून भई कृषिजन्य आयात वृद्धि हुनु यस क्षेत्रका समस्या रहेका छन्।

अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय एवम् सहज रूपमा उपलब्ध हुन नसक्नु, खाद्यमा हुने मिसावट, ठगी, कार्टेलिङ् र सिण्डिकेट जस्ता विकृतिका कारण बजारमा कृत्रिम अभाव सिर्जना हुनु, बजार अनुगमन प्रभावकारी हुन नसक्नु, संस्थागत क्षमता कमजोर हुनु, सबै वडामा उत्पादन हुने अतिरिक्त खाद्यवस्तुको सङ्कलन र उचित व्यवस्थापन एवम् भण्डारण गरी अभाव भएका समुदायमा सहजै वितरण गर्ने सरल र छिटो तथा भरपर्दो संरचना नहुनु यस क्षेत्रका समस्या रहेका छन् ।

गाउँपालिकामा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन सम्बन्धी कुनै नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था नहुनु, यहाँका जनताको लागि आवश्यक पर्ने अत्यावश्यक वस्तुहरू जस्तैः खाद्य पदार्थ, औषधी, इन्धन, निर्माण सामग्री तथा सेवाहरू, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, खानेपानी, पाठ्यसामग्री आदिको उपलब्धताको अवस्थाको बारेमा गाउँपालिकामा पर्याप्त र विश्वसनीय सूचना तथा तथ्याङ्कहरू समेत उपलब्ध नहुनु, साना बजार सञ्चालन तथा व्यवस्थापन हुन नसक्नु र स्रोत साधनको अभाव हुनु यस क्षेत्रका समस्या रहेका छन् ।

### ३.४.३ सम्भावना तथा अवसर

कृषि, पशुपंक्षी एवम् पर्यटन क्षेत्रलाई उद्योगसँग आवद्ध गरी विस्तार गर्ने प्रचुर सम्भावना हुनु, राजनीतिक स्थिरता, खाद्यान्नमा आत्मनिर्भरताका लागि स्थानीय स्तरमा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रयासको निरन्तरता हुनु अवसर रहेका छन् ।

### ३.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

#### ४.४.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य देहाय अनुसार हुनेछ ।

उद्योग, व्यापार, व्यवसाय र आपूर्ति तथा विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी वस्तु तथा सेवाको सर्वसुलभ वितरणको व्यवस्था मिलाई यस गाउँपालिकाको अर्थतन्त्रको अभिवृद्धि गर्ने ।

#### ४.४.४.२ उद्देश्य

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार हुनेछन् ।

- औद्योगिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- स्थानीय स्रोत, साधन र सीपमा आधारित घरेलु तथा साना उद्योगको विकास एवम् प्रवर्द्धन गर्नु ।
- उपभोक्ताको हकहित संरगरी दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु ।
- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु ।

#### ४.४.४.३ रणनीति

यस उपक्षेत्रका रणनीति निम्न अनुसार हुनेछन् ।

- उद्योग, व्यापार व्यवसाय तथा आपूर्तिका लागि आवश्यक नीति र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा जोड दिने।
- उद्योग-धन्दाको विकास र विस्तारको लागि वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।
- उद्योग क्षेत्रलाई अन्य उत्पादनमूलक क्षेत्रको अन्तर सम्बन्धको आधारमा विकास र विस्तार गर्ने ।

### ३.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.७: उद्योग तथा व्यापार उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| २०८१/०८२ | ८९४२९३३.१९ | ४३८२०३७ | ४५६०८९६ | १०६९५९७ | ५९८५९५३ | ३०११५२.७ | १५८५८३० |
| २०८२/०८३ | १०२८४३७३.१७ | ४८३३६५५ | ५४५०७१८ | १२३००३७ | ६८८३८४६ | ३४६७८५.६ | १८२३७०५ |
| २०८३/०८४ | ११८२७०२९.१४ | ५३२२१६३ | ६५०४८६६ | १४१४५४२ | ७९१६४२३ | ३९८८०३.४ | २०९७२६० |

### ३.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.८: उद्योग, व्यापार तथा व्यवसाय उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी प्रशोधन उद्योग | शुद्ध खानेपानीको आपूर्ति गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १०० | आर्थिक विकास भएको हुनेछ । |
| २ | अम्वा बेलको जुस उत्पादन उद्योग | कृषि प्रशोधन उद्योग मार्फत आम्दानी बढाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५ | जनताको जीवन स्तरमा परिर्वतन आउनेछ । |
| ३ | डेरी उद्योग | किसानको आम्दानी बढाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १० | किसानको आम्दानी बढनेछ । |
| ४ | अचार उद्योग स्थापना | आम्दानी बढाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५ | किसानको आम्दानी बढनेछ । |
| ५ | जडीबुटी प्रशोधन उद्योग | आम्दानी बढाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५० | आर्थिक विकास भएको हुनेछ । |

### ३.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सार्वजनिक कार्यालयमा स्थानीय उत्पादनका वस्तुहरूको उपयोगमा वृद्धि भएको हुनेछ । गाउँपालिकामा व्यापारिक गतिविधि बढेको हुनेछ । अत्यावश्यक वस्तुहरूको पर्याप्त भण्डार गरी खाद्य सुरक्षाको वातावरण सिर्जना भएको हुनेछ। बजार अनुगमन र नियमन गर्ने संयन्त्र प्रभावकारी भएको हुनेछ। साना, लघु तथा घरेलु उद्योगको उत्पादनमा वृद्धि भएको हुनेछ। स्वरोजगार उन्मुख र सीपयुक्त जनशक्तिको संख्यामा वृद्धि भएको हुनेछ ।

#### ४.४.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयनमा आउनका लागि जनतामा उद्यमशीलताको विकास, सकारात्मक लगानी वातावरण, आवश्यक ऐन, कानून समयमै स्वीकृत, अवरोध विनाको ढुवानी, छिमेकी देशबाट नाकाबन्दी नहुने, राज्यद्वारा सहजीकरण, बैंकबाट सहज किसिमले ऋण प्रवाह जस्ता अनुकूल अवस्थाहरू हुनेछन् भन्ने पूर्वानुमान गरिएको छ भने उल्लिखित कुराहरूमा आउने अवरोधहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन् ।

## ३.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

#### ३.५.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा कृषि क्षेत्रमा संलग्न छ । यस्तो जनशक्ति उद्योग र सेवा क्षेत्रको विकास उपयुक्त रूपमा हुन नसकेकोले कृषि क्षेत्रमा बढी आश्रित हुनुपर्ने अवस्था रहेको छ । साथै, कृषि क्षेत्रमा अर्धबेरोजगारीको अवस्था उच्च छ ।

#### ३.५.२ समस्या तथा चुनौती

श्रम बजारमा प्रवेश गर्ने युवालाई पर्याप्त रोजगारी सिर्जना गर्नु, रोजगारीमूलक तालिम कार्यक्रम सञ्चालनमा देखिएको दोहोरोपना हटाउनु, वैदेशिक रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, विप्रेषणबाट प्राप्त अधिकांश रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, श्रम बजारमा रहेको सीपयुक्त श्रमको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु, बढ्दो शिक्षित जनशक्तिलाई रोजगारीका अवसरहरू प्रदान गर्नु, औद्योगिक क्षेत्रमा श्रममूलक प्रविधिको प्रयोग बढाउनु, सामाजिक सुरक्षालाई योगदानमूलक बनाउँदै पहुँच वृद्धि गर्नु, मर्यादित रोजगारी सुनिश्चित गर्नु र रोजगारी सूचनालाई प्रभावकारी बनाउनु प्रमुख चुनौतीहरू रहेका छन् ।

हरेक वर्ष प्रभावहीन नयाँ कार्यक्रम थप्दै जाने प्रवृत्तिलाई रोक्नु, सामाजिक सुरक्षा सम्बन्धी विभिन्न समूह तथा समुदायको बढ्दो मागलाई सम्बोधन गर्नु, उपयुक्त नीतिगत, कानुनी र नियमनकारी प्रारूपको विकास गर्नु, सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, छरिएका र अव्यवस्थित सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई पुनरावलोकन तथा एकीकृत गर्दै गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

#### ३.५.३ सम्भावना तथा अवसर

कृषि, पर्यटन तथा पूर्वाधार विकास जस्ता श्रम-सघन क्षेत्र गाउँपालिकाको प्राथमिकतामा पर्नु, रोजगार केन्द्रित विकासको अवधारणाले प्राथमिकता पाउनु, शिक्षित जनशक्ति बढ्नु, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप तथा कार्य संस्कृति सकारात्मक हुनु, दिगो विकासको

लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गर्नु, सूचना र प्रविधिमा भएको विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कूल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु श्रम तथा रोजगारका लागि अवसर हुन् ।

यस गाउँपालिकामा सामाजिक संरक्षणका कार्यक्रमहरूको लगानीमा उल्लेखनीय रूपमा वृद्धि हुँदै गएको छ । यस क्षेत्रलाई सारभूत र गुणात्मक रूपमा अघि बढाउने कुरामा राजनीतिक सहमति स्थापित भएको छ । सामाजिक सुरक्षा कोषको स्थापनाले योगदानमूलक सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई नीतिगत, कानुनी र संस्थागत सुधारसहित अघि बढाउन मार्ग प्रशस्त गरेको छ ।

### ३.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ३.५.४.१ लक्ष्य

श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि निम्न लक्ष्य निर्धारण गरिएको छः

- रोजगारीका नयाँ अवसरहरू सृजना गर्दै सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई गुणस्तरीय एवं प्रभावकारी बनाउने ।

#### ३.५.४.२ उद्देश्य

श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि निम्न उद्देश्यहरू लिइने छः

- रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको विकास गर्नु ।
- सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका सबैभन्दा विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।
- स्थानीय युवाले वैदेशिक रोजगारीबाट प्राप्त गरेका सीप र पूँजीलाई गाउँपालिका भित्र प्रयोग गरी लाभ हासिल गर्ने वातावरण निर्माण गर्नु ।

#### ३.५.४.३ रणनीति

यस उपक्षेत्रको विकासको लागि लिइने रणनीति तलको तालिकामा दिइएको छ ।

- विकास निर्माणका कार्यमा श्रमशक्तिको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- श्रमिकको कार्य क्षमतामा अभिवृद्धि गर्ने ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने ।
- आर्थिक सामाजिक वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङ्ग, वर्ग र समुदायको सामाजिक सुरक्षामा पहुँच बढाउने ।

### ३.५.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम रोजगारी र सामाजिक सुरक्षाका उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.९ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.९: श्रम तथा रोजगारी उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ४८५७०९६३१.४९ | २३७९९७७१९ | २४७७११९१२ | ५८०९२०८९ | ३२५१०९७८१ | १६३७७९६५ | ८६१२९७९६ |
| २०८२/०८३ | ५५८५६६०७६.२१ | २६२५२६०५६ | २९६०४००२० | ६६८०५९०३ | ३७३८७६२४८ | १८८३४६६० | ९९०४९२६५ |
| २०८३/०८४ | ६४२३५०९८७.६४ | २८९०५७९४४ | ३५३२९३०४३ | ७६८२६७८८ | ४२९९५७६८५ | २१६५९८५९ | ११३९०६६५५ |

### ३.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१० मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१०: श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिकर्मी/डकर्मी/ प्लम्बिङ्ग तालिम | श्रम शक्तिको अभिलेख तयार गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १००० | गापामा रोजगारको दर वृद्धि भएको हुनेछ। |
| २ | दक्ष जनसक्ति तालिम | श्रम शक्तिको उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १५ | गापामा रोजगारको दर वृद्धि भएको हुनेछ। |
| ३ | दलित समुदाय लक्षित कार्यक्रम संञ्चालन गर्ने | नयाँ रोजगारी सिर्जना गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १००० | नयाँ रोजगारी सिर्जनाबाट दलित समुदायको बेरोजगारी कम भएको हुनेछ |

### ३.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सामाजिक सुरक्षाको दायरा फराकिलो भएको हुने, सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा तर्जुमा भएको हुने, सामाजिक सुरक्षा सम्बन्धी विधेयक स्वीकृत भई कार्यान्वयन भएको हुने, छरिएर रहेका कार्यक्रमहरू एकीकृत भई व्यवस्थित रूपमा कार्यान्वयन भएका हुने र समाजमा विद्यमान रहेको असमानता न्यूनीकरण भएको हुनेछ।

### ३.५.८ अनुमान तथा जोखिम पक्ष

उल्लिखित योजनाहरू कार्यान्वयनमा आउनका लागि निजी क्षेत्रको लगानीमा वृद्धि, अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली कामदारको मागमा वृद्धि, दक्ष श्रमशक्ति निर्माण सम्बन्धी संरचनाको निर्माण, सामाजिक सुरक्षा ऐन, २०७३ को कार्यान्वयन र कोभिड जस्ता महामारी देखिने छैन भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा आउने गतिरोधहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन्।

# परिच्छेद ४: सामाजिक क्षेत्र

## ४.१ स्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ।

### ४.१.२ समस्या तथा चुनौती

जनसङ्ख्याको अनुपात अनुरूप स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, निःशुल्क वितरण गरिने औषधी आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्नु, सबैको लागि स्वास्थ्य बिमा लागु गर्नु, स्वास्थ्य संरचनाहरूको निर्माण गर्ने कार्यलाई तीव्रता दिनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ४.१.३ सम्भावना तथा अवसर

स्वास्थ्य संस्थाहरूको गाउँपालिका भित्र सञ्जाल तयार हुनु, सर्वसाधारणहरूको स्वास्थ्य सेवा र पोषणको महत्वबारे बढ्दो जागरण र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि गरिएको विभिन्न व्यवस्थाका कारण स्वास्थ्य सेवाहरूलाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने अवसर प्राप्त भएको छ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.१.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछ:

- सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउने।

#### ४.१.४.२ उद्देश्य

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार निर्धारण गरिएका छन्:

- सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गर्नु।

स्वस्थ जनशक्ति तयार गर्नको लागि प्रतिरोधात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवा प्रणालीको विकास गर्नु

### ४.१.४.३ रणनीति

स्वास्थ्य तथा पोषणको विकासका लागि निम्न किसिमका रणनीतिहरू अवलम्बन गरिने छ ।

- आधारभूतदेखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरूको योजनावद्ध विकास र विस्तार गर्ने ।
- सबै समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा पहुँच सुनिश्चित गर्ने
- नागरिकको व्यवहार परिवर्तनका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

### ४.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: स्वास्थ्य तथा पोषण उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| २०८१/०८२ | ८६६२४५७१.१३ | ४२४४६०४० | ४४१७८५३१ | १०३६०५१६ | ५७९८२१६४ | २९२०९५१ | १५३६०९४० |
| २०८२/०८३ | ९९६१८२५६.८० | ४६८२०५८१ | ५२७९७६७६ | ११९१४५९३ | ६६६७९४८८ | ३३५९०९४ | १७६६५०८१ |
| २०८३/०८४ | ११४५६०९९५.३२ | ५१५५२४४८ | ६३००८५४७ | १३७०१७८२ | ७६६८१४११ | ३८६२९५८ | २०३१४८४३ |

### ४.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२: स्वास्थ्य तथा पोषण उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य विमा कार्यक्रम | जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १३० | सबै जनतामा स्वास्थ्य सेवाको पहुँच पुगेको हुनेछ । |
| २ | महिलाहरूको पाठेघर परीक्षण सम्बन्धी सिविर संचालन | महिलाहरूमा स्वास्थ्य सेवा पुऱ्याउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १० | महिलाहरूमा स्वास्थ्यमा सुधार आएको हुनेछ । |
| ३ | गाउँघर क्लिनिक व्यवस्थापन | विपन्न जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १००० | विपन्न जनताको स्वास्थ्य सम्बन्धी समस्याहरूको उपचार भएको हुनेछ । |
| ४ | दस शैया अस्पताल निर्माण | गाउँपालिका भरि आधारभूत सेवा पुऱ्याउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १०० | आम समुदायमा सबै प्रकारका आधारभूत स्वास्थ्य सेवा पुगेको हुनेछ । |

### ४.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

गाउँपालिका बासीको स्वस्थ, सबल र सक्रिय जीवन सहितको औसत आयुमा वृद्वि हुनेछ। प्रोटोकल अनुसार कम्तीमा चार पटक गर्भवती जाँच गराउने महिला, दक्ष स्वास्थ्य कर्मीको उपस्थितिमा जन्मिएका बालबालिका, सुपोषित बालबालिका र पूर्ण खोप पाउने बालबालिकाको संख्या वृद्वि हुनेछ। सबै स्वास्थ्य संस्थाहरू स्वास्थ्य मापदण्ड अनुरूप सुदृढीकरण भएका हुनेछन् । गाउँपालिकामा आवधिक योजनाको अन्त्य सम्ममा पोषण प्रमुख कार्यक्रमका रूपमा सञ्चालन भएको हुनेछ ।

### ४.१.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयनमा आउनको लागि स्वास्थ्य सम्बन्धी तथ्याङ्कहरूको नियमित उपलब्धता, निःशुल्क रूपमा उपलब्ध हुने औषधीहरूको सहजरूपमा उपलब्धता, आवश्यक बजेटको उपलब्धता, विकास साझेदार संस्थाहरूको नियमित सहयोग, पोषण सम्बन्धी जनचेतनामा वृद्धि, कोभिडजस्ता महामारी निर्मूल हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा आउने गतिरोधहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन् ।

## ४.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहको विषय प्रष्ट पारिएको छ। शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकको रूपमा विकास गर्ने, शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यवसाय तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने, लगानी अनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ ।

### ४.२.३ सम्भावना तथा अवसर

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तारमा वृद्धि भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको छ। यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ, वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको साथै शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएका आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.२.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य देहाय अनुसार हुनेछः

- सबैलाई जीवन उपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गरी रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने

#### ४.२.४.२ उद्देश्य

यस उपक्षेत्रको उद्देश्य देहाय अनुसार हुनेछः

१. राष्ट्रियता प्रतिको प्रेम, सामाजिक सद्भाव र संस्कारयुक्त शिक्षित जनशक्ति उत्पादन गर्नु ।
२. शिक्षामा समतामूलक अवसरहरू सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु ।
३. बजारको माग अनुसारको शिक्षित जनशक्ति उत्पादन गर्नु ।
४. शैक्षिक प्रशासनमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु ।

#### ४.२.४.३ रणनीति

यस उपक्षेत्रको रणनीति तलको तालिकामा दिइएको छ -

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको विभिन्न अंगको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने ।
- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।
- निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफा मूलकबाट सेवा मूलकमा रूपान्तरण गर्ने ।
- शिक्षालाई प्राविधिक, व्यावसायिक, सीपमूलक, गुणस्तरीय, जीवन उपयोगी र रोजगारमुखी बनाउने ।

- शैक्षिक पूर्वाधारको विकास तथा नीतिगत सुधार गर्ने ।

### ४.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| २०८१/०८२ | १६८८९५२३.७१ | ८२७५८६७ | ८६१३६५७ | २०२००२९ | ११३०५००४ | ५६९५०९.१ | २९९४९८१ |
| २०८२/०८३ | १९४२२९५२.२७ | ९१२८७८८ | १०२९४१६५ | २३२३०३४ | १३०००७५५ | ६५४९३५.४ | ३४४४२२८ |
| २०८३/०८४ | २२३३६३९५.११ | १००५१३७८ | १२२८५०१७ | २६७१४८९ | १४९५०८६८ | ७५३१७५.७ | ३९६०८६३ |

### ४.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४: शिक्षा, विज्ञान तथा प्रविधि उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय दिवा खाजा (१-६ सम्म थप गर्ने) | विद्यार्थीहरूलाई विद्यालयमा आकर्षण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ८० | सबै विद्यार्थीहरूलाई पोषिलो खाजा पुगेको हुनेछ, जसले विद्यार्थीहरू विद्यालयमा आकर्षित भएका हुनेछन् । |
| २ | शिक्षामा प्रविधिको प्रयोग | विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २५ | प्रविधिमैत्री शिक्षा विकास हुनेछ । |

### ४.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हासिल गरेका विद्यार्थीको संख्यामा बृद्धि हुनेछ । प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको सङख्या आवधिक योजनाको अन्त्यसम्ममा दोब्बर हुनेछ । माध्यमिक तहका सबै विद्यालयमा पुस्तकालय र प्रयोगात्मक विषय पढाइ हुने विद्यालयमा ल्याव स्थापना भएको हुनेछ । आधारभूत र माध्यमिक तहको खुद भर्ना दर बढ्नेछ । सबै शैक्षिक संस्थाहरूमा भौतिक पूर्वाधारको स्तरोन्नति हुनेछ ।

### ४.२.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयनमा आउनका लागि तथ्याङ्कहरूको नियमित रूपमा उपलब्धता, अभिभावकको चेतनास्तरमा वृद्धि, सरकार र निजी क्षेत्रको सहभागिता, विकास साझेदार संस्थाहरूको सहयोगमा निरन्तरता, आवश्यक बजेट संघ, प्रदेश र स्थानीय तहबाट विनियोजन, सरकारका अन्तर निकायबीच समन्वय, युवा वैज्ञानिकहरूलाई प्रोत्साहन, सरकारी नीति नियमको

पूर्ण कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने उल्लिखित पक्षहरूमा उत्पन्न हुने प्रतिकूलताले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ । खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने र सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ । खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गरी वातावरणीय सरसफाइमा विशेष जोड दिनु आवश्यक छ । यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ ।

### ४.३.२ समस्या तथा चुनौती

वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बजारको विकास, जथाभावी सडक सन्जालको विकास र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, बढ्दो बसाइँसराइको कारण सहरी क्षेत्रमा खानेपानीको अत्यधिक माग रहनु, बजार क्षेत्रमा ढलनिकास व्यवस्थित गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु र खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरू बीच प्रभावकारी समन्वय हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४.३.३ सम्भावना तथा अवसर

पानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय तह, विकास साझेदार, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न वडामा खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू क्रियाशील रहनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु आदि कारणहरूले गर्दा यस क्षेत्रमा आशातित सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएको छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.३.४.१ लक्ष्य

खानेपानी तथा सरसफाइका लागि लिइएको लक्ष्य निम्न रहेको छः

- सबै जनसंख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने

#### ४.३.४.२ उद्देश्य

खानेपानी तथा सरसफाइका लागि लिइएका उद्देश्यहरू निम्न छन्:

१. सबै जनसङ्ख्यालाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।
२. मध्यम तथा उच्चस्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु ।

#### ४.३.४.३ रणनीति

खानेपानी तथा सरसफाइका लागि लिइने रणनीति तल दिइएको छ ।

- आधारभूत खानेपानी तथा सरसफाइ सेवा वापत वञ्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने ।
- आयोजना समयमै निर्माण सम्पन्न गर्ने तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाका उचित मर्मत-सम्भार, पुनर्स्थापना तथा समय सापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने ।
- खानेपानी तथा सरसफाइ आयोजनाहरूलाई जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण हुने गरी दिगोपना कायम गर्ने ।

### ४.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा, मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी र सरसफाइ उप-क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.५ मा रहेको छ ।

**तालिका ४.५: खानेपानी तथा सरसफाइ उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| २०८१/०८२ | ६५५४४४१३.७१ | ३२११६७६३ | ३३४२७६५१ | ७८३९२७६ | ४३८७२१५९ | २२१०१३६ | ११६२२८४३ |
| २०८२/०८३ | ७५३७६०७५.७७ | ३५४२६७५६ | ३९९४९३२० | ९०१५१६८ | ५०४५२९८२ | २५४१६५६ | १३३६६२७० |
| २०८३/०८४ | ८६६८२४८७.१४ | ३९००७११९ | ४७६७५३६८ | १०३६७४४३ | ५८०२०९३० | २९२२९०४ | १५३७१२१० |

### ४.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.६ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.६: खानेपानी तथा सरसफाइ उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत ( रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक घर एकधारा कार्यक्रम संचालन गर्ने | एकघर एकधारा पुऱ्याई सुरक्षित खानेपानिको प्रत्याभूति दिने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २२० | गापामा सबै घरधुरी सुरक्षित खानेपानीको पहुँच पुगेको हुने छ |
| २ | बृहत् खानेपानी आयोजना संरक्षण तथा निर्माण | गापामा रहेका खानेपानीका स्रोतहरू सम्बर्धन गरी बृहत् खानेपानी आयोजना निर्माण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १०० | गापाका पानिका स्रोतहरू दिगो रूपमा व्यवस्थित गरिएका हुनेछन् र बृहत् खानेपानी आयोजना निर्माण भएको हुनेछ। |

### ४.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना अवधिमा शत प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुगेको हुनेछ। सबैको घरमा फोहोर व्यवस्थापन भएको हुनेछ। प्रत्येक घरमा जुठेल्नो निर्माण भएको हुनेछ। सबै नागरिकमा व्यक्तिगत सरसफाइ साथै आनीबानीमा परिवर्तन आएको हुनेछ।

### ४.३.८ अनुमान तथा जोखिम पक्ष

पालिकाले निर्धारण गरेका योजनाहरू कार्यान्वयनमा आउनका लागि बजेटको सुनिश्चितता, निरन्तर जनसहभागिता, जलवायुको अनुकूल प्रभाव, बजेटको सुनिश्चितता, पानीका मुहान सम्बन्धी विवादको निराकरण हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने उल्लिखित पक्षहरूमा देखिने प्रतिकूलताहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन्।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी महिलाका लागि पैतृक सम्पत्तिमा समान हक र प्रजनन सम्बन्धी हकको प्रत्याभूत र उनीहरूमाथि हुने सबै प्रकारका हिंसाजन्य क्रियाकलापलाई दण्डनीय मानेको छ। महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा नै महिलाको हक प्रत्याभूत गरिएको छ। लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन्।महिलाहरूको सामाजिक तथा आर्थिक स्तरलाई विकासको महत्वपूर्ण सूचक मानिएको छ। समाजमा व्याप्त अशिक्षा र रूढीवादी विचारधाराले गर्दा जनसहभागिता परिचालन कार्यमा अवरोध उत्पन्न हुन आएको छ। तसर्थ चौतर्फी विकास प्रक्रियामा देखापरेका समस्या तथा अवरोधहरूको क्रमशः निराकरण गरी विकास कार्यमा महिला सहभागिता बढाउने नीति रहेको छ।

### ४.४.२ समस्या तथा चुनौती

गाउँपालिकामा लैङ्गिकमैत्री ऐन-कानून निर्माण नहुनु, महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, लैङ्गिक विभेद तथा हिंसालाई बढवा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला तथा बालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु र सरकारी तथा विकास साझेदार संस्थाहरूबाट हुने कार्यक्रममा समन्वयको कमी हुनु यस क्षेत्रका समस्या रहेका छन् ।

महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु र ग्रामीण महिला सहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु, विभिन्न निकायहरूमा लैङ्गिक मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलामाथि हुने सबै किसिमका हिंसा,विभेद र शोषणको अन्त्य गर्नु, धार्मिक संस्कारहरू महिला मैत्री नहुनु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु, ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु र महिला अधिकारका क्षेत्रमा बनेका कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ४.४.३ सम्भावना तथा अवसर

संविधानले समानताको हक सुनिश्चित गर्नु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, स्थानीयतहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, गाउँपालिकामा उपाध्यक्ष महिला हुनु, सामाजिक संघ-संस्थाहरू क्रियाशील रहनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु यस क्षेत्रका अवसर रहेका छन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.४.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- सामाजिक, आर्थिक र राजनीतिमा समान सहभागिता सुनिश्चित गरी समान अवसरहरू प्रदान गर्ने ।

#### ४.४.४.२ उद्देश्य

यस उपक्षेत्रको उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

(१) महिलाको सामाजिक, आर्थिक र राजनीतिक सशक्तीकरण गर्नु ।

(२) राजनीतिक, आर्थिक र सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।

(३) बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

(४) बालबालिका र किशोरकिशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु ।

### ४.४.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रको रणनीतिहरू तल दिइएको छ ।

- गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने ।
- महिला विरूद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्यका लागि अभियानको सुरुवात गर्ने
- आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।
- विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने ।

### ४.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७: महिला, बालबालिका तथा लक्षित वर्ग उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ४६८०४४८.०३ | २२९३४२० | २३८७०२८ | ५५९७९३.३ | ३१३२८५८ | १५७८२३.१ | ८२९९७३.३ |
| २०८२/०८३ | ५३८२५१५.२४ | २५२९७८२ | २८५२७३३ | ६४३७६२.३ | ३६०२७८७ | १८१४९६.६ | ९५४४६९.३ |
| २०८३/०८४ | ६१८९८९२.५२ | २७८५४५२ | ३४०४४४१ | ७४०३२६.७ | ४१४३२०५ | २०८७२१.१ | १०९७६४० |

### ४.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८: महिला, बालबालिका तथा लक्षित वर्ग उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्ग सशक्तीकरण कार्यक्रम | राज्यका सबै अङ्ग र पक्षमा महिला सहभागिता सुनिश्चित गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १० | महिला सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको हुनेछ |
| २ | बाल विकास कार्यक्रम | बालविकास तथा बाल अधिकार सुनिश्चित गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २५ | गापा बाल विकास मैत्री भएको हुनेछ |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | महिला उद्यमशीलता कार्यक्रम | महिलाको आय आर्जन सुनिश्चित गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १५०० | महिलाहरुको आम्दानी बढेको हुनेछ। |
| ४ | अपाङ्ग स्वरोजगार कार्यक्रम | समानता समावेशी र समान अवसरको सुनिश्चितता गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २७ | समाजमा सबैले समान अवसर समान दायित्व अनुभुति गरेका हुनेछन्। |

### ४.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्य सम्ममा लैङ्गिकमैत्री कानून तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। सबै किसिमका विभेद र शोषणमा उल्लेख्य रूपमा कमी आएको हुनेछ। सबै विषयगत कार्यालयमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत भएको हुनेछ। लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन भएको हुनेछ। गाउँपालिकामा एकल महिला सुरक्षा कोष स्थापना भएको हुनेछ। सबै वडामा मनोविमर्श सेवा कार्यान्वयनमा आएको हुनेछ।

### ४.४.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहले बनाएका ऐन तथा नीति, नियमहरूको कार्यान्वयन, आवश्यक बजेटको सुनिश्चितता, विकास साझेदार संस्थाहरूको सहयोग, सरकारी निकायहरूबीच समन्वय हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पैदा हुने अवरोधहरूले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन्।

## ४.५ युवा तथा खेलकूद

### ४.५.१ पृष्ठभूमि

शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी यो जनसाङ्ख्यिक प्रवृत्तिलाई पुँजीकृत गर्दै राष्ट्र निर्माणमा लगाउन सकिएमा युवाहरूले देशको सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन्। यसलाई मध्यनजर गरी राष्ट्रिय युवा नीति, २०७२ एवम् राष्ट्रिय युवा परिषद्को गठन गरिएको छ। राष्ट्रिय युवा नीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्दै युवाशक्ति विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवहरूबाट सिकेका पाठहरूलाई समेत मनन गर्दै युवाहरूलाई देशको सामाजिक आर्थिक रूपान्तरणमा मूलप्रवाहीकरण गर्नुपर्ने भएको छ।

विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ। खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी ‘सबैको लागि खेलकुद’ भन्ने अभियानलाई साकार

पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृति तीव्र रहनु, सामाजिक र आर्थिक सेवाहरूमा युवाहरूको पहुँच न्यून हुनु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउन नसक्नु, युवाको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरूबीच समन्वयको अभाव रहनु जस्ता अवस्थाहरू यस क्षेत्रको मुख्य समस्या तथा चुनौतीका रूपमा रहेका छन् ।

खेलकुद गतिविधिहरू सञ्चालन गर्न भौतिक पूर्वाधारहरूको कमी हुनु, खेलकुद सम्बद्ध निकायहरू बीच आपसी सहयोग, समन्वय र सहकार्य नहुनु, खेलकुद गतिविधिमा निजी क्षेत्रलाई परिचालन गर्न नसकिनु, खेलाडी तथा प्रशिक्षकहरूका लागि समयसापेक्ष प्रशिक्षण तथा अभ्यासको व्यवस्था प्रभावकारी रूपमा सञ्चालन एवम् विस्तार गर्न नसक्नु खेलकुद क्षेत्रका मुख्य चुनौतीहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

बढ्दो युवा जनसङ्ख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहनु, युवाहरूलाई राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने राजनीतिक सोँच र इच्छाशक्ति देखिनु, युवाहरूमा आफ्नो शक्ति र भूमिकाप्रति जागरूकता आउनु, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै उनीहरूका अधिकारहरूको उपयोग गर्ने वातावरण सिर्जना गर्ने संवैधानिक प्रतिबद्धता आदि यस क्षेत्रका अवसर हुन् ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्येश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.५.४.१ लक्ष्य

युवा तथा खेलकुदको विकासका लागि निम्न लक्ष्य लिइएको छ:

- खेलकुद क्षेत्रको विकास गरी स्वस्थ, अनुशासित, सृजनात्मक र क्रियाशील नागरिक निर्माण गर्ने ।

#### ४.५.४.२ उद्देश्य

यस उपक्षेत्रको विकासको लागि निम्न उद्देश्यहरू लिइएको छ:

- युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।
- खेल पूर्वाधारको विकास तथा विस्तार गर्नु ।
- खेलाडी तथा खेलकुद प्रतियोगितालाई गुणात्मक बनाउनु ।

#### ५.५.४.३ रणनीति

यस उपक्षेत्रको रणनीति तल दिइएको छ ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर बिस्तार गर्ने ।
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने ।
- युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने ।
- खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने ।
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था

### ४.५.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९: युवा तथा खेलकुद उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ७६७३७५७.८२ | ३७६०१४१ | ३९१३६१६ | ९१७८००.७ | ५१३६४३० | २५८७५६.५ | १३६०७७० |
| २०८२/०८३ | ८८२४८२१.४९ | ४१४७६६६ | ४६७७१५५ | १०५५४७१ | ५९०६८९५ | २९७५७० | १५६४८८६ |
| २०८३/०८४ | १०१४८५४४.७२ | ४५६६८४५ | ५५८१७०० | १२१३७९१ | ६७९२९२९ | ३४२२०५.५ | १७९९६१९ |

### ४.५.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०: युवा तथा खेलकुद उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा उद्यमशीलता तथा क्षमता विकास कार्यक्रम | युवाहरुमा उद्यमशीलता तथा क्षमता विकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ४० | युवाहरूमा उद्यमशीलता तथा क्षमता विकास भएको हुनेछ । |
| २ | युवा खेलकुद विकास कार्यक्रम | राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २० | गापाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरूमा सहभागिता भएको हुनेछ । |

### ४.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

गाउँपालिकाको विकासमा युवाको भूमिका प्रदर्शित भएको हुने, युवामा सकारात्मक सोचको विकास भई स्वयंसेवामा संलग्न भएको हुने, युवाको क्षमता अभिवृद्धि भई स्वरोजगार र उद्यमशील भएको

हुने, युवा प्रतिभाहरू सम्मानित भएको हुने र युवा स्वयंसेवकहरू परिचालन गरिएको हुनेछ । नियमित रूपमा खेलकुद प्रतियोगिता आयोजना हुनेछ । विद्यालयमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासमा वृद्धि भएको हुनेछ । कक्षा ९-१२ सञ्चालन भएका विद्यालयमा एक जना खेल प्रशिक्षकको व्यवस्था भएको हुनेछ ।

### ५.५.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयनका लागि खेल मैदानको निर्माणका लागि समयमै विस्तृत आयोजना प्रतिवेदन निर्माण, खेलाडीलाई तालिम दिने निकायहरूको व्यवस्थापन, आवश्यक बजेटको व्यवस्थापन, खेल सम्बन्धी नीति, नियमको पूर्ण कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने प्रतिकूलताले योजनाहरूको कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

# परिच्छेद ५: पुर्वाधार क्षेत्र

## ५.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ५.१.१ पृष्ठभूमि

निजी क्षेत्र समेतको सक्रियतामा सबैका लागि क्षमता अनुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरणमैत्री तथा भूकम्पको जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्नुपर्ने आवश्यकता रहेको छ। २०७२ वैशाखमा गएको विनासकारी भूकम्प र यसले पुऱ्याएको क्षतिलाई समेत मध्यनजर गरी भवन संहितालाई कडाइका साथ कार्यान्वयन गर्ने तथा भएका भवनहरूको जोखिम परीक्षण गरी आवश्यकता अनुसार सबलीकरण गर्नु उत्तिकै जरूरी छ। प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था नेपालको संविधानले गरेको छ भने सबैका लागि सुरक्षित, पर्याप्त र औकात अनुसारको आवास उपलब्ध गराउने दूरदृष्टि सहितको राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने छ।

### ५.१.२ समस्या तथा चुनौती

सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीहरूको गुणस्तरमा सुधार ल्याउन आवश्यक अनुसन्धान गरी मानक तयार गर्नु र समयानुकूल आवास तथा भवन क्षेत्रमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु, राष्ट्रिय भवन संहिताको पालन गरी सबै किसिमका भवन सुरक्षित तरवले निर्माण गर्नु, सरकारी भवनको निर्माणको कार्य एकद्वार प्रणालीबाट सम्पादन गराउनु, न्यून आय वर्गका लागि सुरक्षित बसोबासको व्यवस्था गर्नु, ठूलो सङ्ख्यामा आवश्यक पर्ने सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालिम दिई दक्ष बनाउनु, ठूलो सङ्ख्यामा रहेको आवासको माग पूरा गर्नु र सबैलाई सुरक्षित, सुलभ र व्यवस्थित आवास उपलब्ध गराउनु प्रमुख चुनौती रहेको छ।

### ५.१.३ सम्भावना तथा अवसर

सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा सम्बन्धमा मन्त्रिपरिषद्बाट एकीकृत कार्यालय भवन निर्माण सम्बन्धी नीतिगत निर्णय हुनु, संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० स्वीकृत गरी कार्यान्वयन गरिनु, संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवास सम्बन्धी मापदण्ड तयार गरिनु, भवन मर्मत सूचना प्रणाली सफ्टवेयर विकास गरिनु, भूकम्पबाट क्षतिग्रस्त भवनहरूको पुनर्निर्माण गर्ने क्रममा निर्माण हुने नयाँ संरचना र आवासलाई व्यवस्थित र प्रकोप प्रतिरोधी बनाउने प्रतिबद्धता सबै क्षेत्रबाट आउनु प्रमुख अवसरहरू हुन्।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.१.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य देहाय अनुसार हुनेछ:

- वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने।

### ५.१.४.२ उद्देश्य

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

१. व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु ।

२. भूकम्प लगायतका सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

### ५.१.४.३ रणनीति

यस उपक्षेत्रको रणनीति तल दिइएको छ ।

- वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित तथा व्यवस्थित एकीकृत बस्तीहरूको विकास गर्ने ।
- संस्थागत क्षमता विकास गर्दै सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन एकीकृत सरकारी भवनको निर्माण गर्ने ।

### ५.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माo उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु. मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | १९२४६४८८.५६ | ९४३०७७९ | ९८१५७०९ | २३०१९२८ | १२८८२६३९ | ६४८९८५.१ | ३४१२९३७ |
| २०८२/०८३ | २२१३३४६१.८५ | १०४०२७२७ | ११७३०७३५ | २६४७२१८ | १४८१५०३४ | ७४६३३२.९ | ३९२४८७७ |
| २०८३/०८४ | २५४५३४८१.१२ | ११४५४०६७ | १३९९९४१५ | ३०४४३०० | १७०३७२९० | ८५८२८२.८ | ४५१३६०९ |

### ५.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षितसहितको संक्षिप्त विवरण तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.२: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | वडा कार्यालय पक्की भवन निर्माण | सुविधा सम्पन्न वडा कार्यालय निर्माण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २५० | सुविधा सम्पन्न वडा कार्यालय निर्माण सम्पन्न भई सन्चालनमा आएको हुनेछ। |
| २. | सुरक्षित नागरिक आवास कार्यक्रम | सुरक्षित भवन निर्माण गर्ने | २०८०/०८१ देखि २०८२/०८३ सम्म | २०००० | सुरक्षित भवन निर्माण भई सन्चालनमा आएको हुनेछ। |
| ३. | सामुदायिक भवन निर्माण | सामुदायिक क्षेत्रमा रहेको भवन निर्माण सम्पन्न गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २५० | सामुदायिक क्षेत्रमा रहेको भवन निर्माण प्रक्रिया सुरु भएको हुनेछ। |
| ४. | वडा कार्यालय सभा भवन | सुविधा सम्पन्न वडा सभा भवन कार्यालय निर्माण गर्ने | २०८०/०८१ देखि २०८२/०८३ सम्म | २०० | सुविधा सम्पन्न वडा सभा भवन निर्माण सम्पन्न भई सन्चालनमा आएको हुनेछ। |

### ५.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजनाको अन्त्यसम्ममा सुरक्षित (भवन आचार सहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसंख्यामा बृद्धि भएको र आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार संख्या बढेको हुनेछ।

### ५.१.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयनमा आउनको लागि भवन, आवास तथा बस्ती विकास सम्बन्धी आवश्यक कार्यविधि, नीति, नियमहरू समयमै स्वीकृति, भवन निर्माणको लागि पर्याप्त जमीनको खोजी, जलवायु परिवर्तन तथा अन्य प्राकृतिक कारणले प्रकोपहरू उत्पन्न नहुने अवस्था, पर्याप्त बजेट विनियोजन, भवन संहिताको पूर्ण पालन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने प्रतिकूल परिवेशले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन्।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ मा यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चि गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित र व्यवस्थित बनाउने व्यवस्था रहेको छ।

गाउँपालिकाको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरणद्वारा विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ। यसर्थ गाउँपालिकाको विगतका योजनाहरूले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएका छन्।सर्वसाधारणको निर्वाध पहुँचका अतिरिक्त व्यापार, व्यवसाय तथा सेवालाई सहजीकरण गर्न यातायात क्षेत्रको अहम् भूमिका रहेको छ। यो क्षेत्र आर्थिक वृद्धिसँग बहुआयामिक रूपमा अन्तरसम्बन्धित रहेको छ।

### ५.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा सडक गुरुयोजना निर्माण नहुनु, सडक निर्माण आवश्यकता नभइ पहुँचका आधारमा हुनु, सडकको स्पष्ट वर्गीकरण नहुनु, गाउँपालिका स्तरका सडकको पहिचान नहुनु, टुक्रे योजनाको संख्या अत्यधिक हुनु, योजना र विनियोजित बजेटको बीचमा तालमेल नहुनु, गुणस्तरीय सडक निर्माण हुन नसक्नु, मापदण्ड विना योजना पहिचान तथा छनोट हुनु, आवश्यक पूर्वतयारी विना योजना

कार्यान्वयनमा लैजानु, दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्ति उपलब्धतामा कमी रहनु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, ठेक्का व्यवस्थापनमा कमजोरी रहनु, सम्भाव्यता अध्ययन, डिपिआर, सर्भे विना काम गर्नु, उपभोक्ताले आफूखुसी सडक निर्माण गर्नु, संघीय र प्रदेशको लक्ष्य अनुरूप गाउँपालिकाले योजना नबनाउनु यस क्षेत्रका समस्या रहेका छन् ।

सन्तुलित, सुरक्षित, दिगो, वातावरणमैत्री र गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु, प्राकृतिक प्रकोपलाई समेत ध्यानमा राखी सडक संरचना निर्माण गर्नु, सानातिना सडक आयोजनाहरूमा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक तथा पदमार्गको संरक्षण र मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ५.२.३ सम्भावना तथा अवसर

गाउँपालिकाले सडकलाई उच्च प्राथमिकतामा राख्नु, जनसहभागिता जुट्ने अवसर हुनु, सबै राजनीतिक दल र जनप्रतिनिधिको प्राथमिकताको विषय रहनु, झोलुङ्गे पुल निर्माणबाट बहुउद्देश्यीय फाइदा हुनु जस्तैः आन्तरिक पर्यटक साथै ढुवानीको लागि छोटो र भरपर्दो सुविधा हुनु, गाउँपालिकामा धेरै बेरोजगार युवालाई पूर्वाधार विकासको काममा रोजगारी दिनु, यातायात पहुँचको विस्तारबाट उत्पादनशील क्षेत्रमा लगानी गर्नु, स्थानीय उत्पादन तथा तुलनात्मक लाभका वस्तुहरूको बजारसम्म सहज पहुँच हुनु, यातायातका साधनमा रोजगारी सृजना हुनु र पर्यटकीय स्थलहरूमा सडकको पहुँच हुनु अवसरका रूपमा रहेका छन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.२.४.१ लक्ष्य

सडक, पुल तथा यातायात क्षेत्रको विकासका लागि निम्न लक्ष्य लिइएको छः

- यातायातसँग संबन्धित पूर्वाधारहरूको विकास तथा स्तरोन्नति गर्ने ।

#### ५.२.४.२ उद्देश्य

सडक, पुल तथा यातायात क्षेत्रको विकासका लागि निम्न उद्देश्य लिइएको छः

१. प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवा मार्फत् आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु ।
२. निर्माण सम्पन्न र नयाँ निर्माण हुने यातायातका पूर्वाधारको संरक्षण र सम्वर्धन गर्नु ।

#### ५.२.४.३ रणनीति

यस उपक्षेत्रको लागि निम्न रणनीति निर्धारण गरिएको छ ।

- गाउँपालिकामा यातायात संजाल निर्माण गर्दा आर्थिक सामाजिक रूपान्तरणलाई ध्यान दिने ।
- डिजाइन, निर्माण र मर्मत सम्भारमा आधुनिक प्रविधि तथा वातावरणमैत्री पूर्वाधारमा जोड् दिने ।
- प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका कारण हुनसक्ने सम्भाव्य असर वा हानी नोक्सानीलाई न्यूनीकरण गर्ने ।

### ५.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३: सडक, पुल तथा यातायात उप क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | १७७०५१२९७.३५ | ८६७५५१३६ | ९०२९६१६१.६ | २११७५७७९ | ११८५०९३०० | ५९७०११०.२ | ३१३९६१०८ |
| २०८२/०८३ | २०३६०८९९१.९५ | ९५६९६२२६ | १०७९१२७६६ | २४३५२१४६ | १३६२८५६९५ | ६८६५६२६.७ | ३६१०५५२४ |
| २०८३/०८४ | २३४१५०३४०.७४ | १०५३६७६५३ | १२८७८२६८७ | २८००४९६८ | १५६७२८५४९ | ७८९५४७०.७ | ४१५२१३५३ |

### ५.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४: सडक, पुल तथा यातायात उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गुम्बा - ओखे -वान्ताङ्ग सडक कालो पत्रे | सडक कालो पत्रे गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५०० | गाउँपालिका भित्र पकी सडक सुविधा पुगेको हुनेछ। |
| २. | भुल्के-धोद्ले-कटुन्जे-पाप्माखाम सडक | सडक ट्र्याक ओपन, निर्माण, मर्मत तथा ढल निकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २०० | सुरक्षित बस्ति |
| ३. | चन्डी थान- नेपालगाउँ हुदै पालिका जाने सडक | सडक ट्र्याक ओपन, निर्माण, मर्मत तथा ढल निकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १०० | गाउँपालिकाको अधिकांस भागमा सडक सुविधा पुगेको हुनेछ । |
| ४. | भुल्केमोड - आहालडाँडा - झिलिमिलि हुँदै धोदलेखानी सडक | सडक ट्र्याक ओपन, निर्माण, मर्मत तथा ढल निकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २०० | गाउँपालिकाको कृषि सडक सुविधा पुगेको हुनेछ । |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५. | आहाल डाँडा-नामन्ता हुदै सहेले जाने कृषि सडक | सडक ट्याक ओपन, निर्माण, मर्मत तथा ढल निकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५० | गाउँपालिकाको अधिकांश भागमा सडक सुविधा पुगेको हुनेछ । |

### ५.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

गाउँपालिकाको केन्द्रबाट सबै वडामा जोड्ने सडकको स्तरोन्नति गर्ने र कालोपत्रे गर्ने कार्य सम्पन्न भएको हुनेछ । यातायात गुरूयोजना निर्माण भई कार्यान्वयनमा आएको हुनेछ । गाउँपालिका भित्रका सबै सडक सर्व याम सञ्चालनमा आएका हुनेछन् । शत प्रतिशत सडकको ट्याक खोलिएको हुनेछ । आवधिक योजनाको अन्तिम सम्ममा वातावरणमैत्री सडक निर्माण भएका हुनेछन् ।

### ५.२.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कर्यान्वयनका लागि जलवायु मैत्री सडक तथा पुलको डिजाइन, निर्माण कम्पनीहरूको नियमित अनुगमन, अन्तर सरकारी निकायबीच समन्वय, पर्याप्त बजेटको विनियोजन, नीति, नियम तथा कानूनहरूको कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा आउने प्रतिकूल असरहरू योजना कार्यान्वयनका जोखिम पक्ष हुन् ।

## ५.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठभूमि

जलविद्युत् नै ऊर्जाको महत्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । ऊर्जा विकासको मेरूदण्ड भएकोले गाउँपालिकाका योजनाहरूमा ऊर्जा क्षेत्रले पनि प्राथमिकता पाउँदै आएको छ । गाउँपालिकामा घरायसी ऊर्जाको मुख्य स्रोत एल.पि. ग्यास र दाउरा नै रहेको छ । धुँवाले स्वास्थ्यमा पार्ने नकारात्मक असर तथा वनजंगल जोगाउने नीतिले गर्दा यस्ता पर्दाथको प्रयोग निरूत्साहित भएको र क्रमशः एलपिग्यासको प्रयोग बढ्दै गई ऊर्जामा परनिर्भरता बढेको छ ।

दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न अन्य नवीकरणीय तथा वैकल्पिक ऊर्जा क्षेत्रको तीव्र विकास हुन आवश्यक छ । नेपालको संविधानले नवीकरणीय ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । छरिएर रहेका ग्रामीण बस्तीहरूमा विद्युत् सेवा पुऱ्याउन, सहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न तथा अन्य नवीकरणीय तथा वैकल्पिक ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउन जरुरी छ ।

### ५.३.२ समस्या तथा चुनौती

नवीकरणीय ऊर्जाका कार्यक्रमलाई टिकाइ राख्नु, उपभोक्तालाई सहज रूपमा वित्तको व्यवस्था गर्नु तथा दिगो विकासको लागि दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नु वैकल्पिक ऊर्जा क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.३.३ सम्भावना तथा अवसर

ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गीकार गरी आर्थिक समृद्धिको माध्ममका रूपमा यसको पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीको प्रशस्तै अवसर देखिनु, ऊर्जा क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

न्यून आय भएका जनसमुदायमा नवीकरणीय ऊर्जाको पहुँचमा वृद्धि हुनु, यस क्षेत्रमा विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रहरूको सहभागिता बढ्दै जानु, ऊर्जा क्षेत्रका विद्यमान अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.३.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

जल विद्युत् र बैकल्पिक ऊर्जाको माध्यमबाट परम्परागत ऊर्जा माथिको निर्भरतालाई न्यूनीकरण गर्ने ।

#### ५.३.४.२ उद्देश्य

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

१. भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत् सेवाको पहुँचमा विस्तारगरी बिद्युत् खपत बढाउनु ।
२. स्वच्छ र नवीकरणीय ऊर्जाको उत्पादन बढाई आधुनिक ऊर्जाको पहुँच बढाउनु ।
३. राष्ट्रिय बिद्युत् प्रसारण लाइन नपुगेको तथा पुऱ्याउन लागत प्रभावकारी नभएका क्षेत्रहरूमा वैकल्पिक बिद्युत् सेवाको पहुँच बढाउनु ।

#### ५.३.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रका रणनीति तथा कार्यनीति तल दिइएको छ ।

- विद्युत् तथा वैकल्पिक ऊर्जाको विस्तार र प्रवर्द्धन गर्ने ।
- गाउँपालिकाले विद्युत् र सौर्य ऊर्जा सम्बन्धी नीति र कार्यविधि तर्जुमा गर्ने ।
- नवीकरणीय ऊर्जाको उत्पादन तथा उपभोगमा वृद्धि गर्ने ।

- कार्यालय तथा सेवा केन्द्रमा वैकल्पिक ऊर्जाको व्यवस्थापन गर्ने

### ५.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५: जलस्रोत, विद्यूत् तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ६३१३०१२.२२ | ३०९३३७६ | ३२१९६३६ | ७५५०५२.१ | ४२२५६१५ | २१२८७२.६ | १११९४७२ |
| २०८२/०८३ | ७२५९९६४.०६ | ३४१२१८३ | ३८४७७८१ | ८६८३०९.९ | ४८५९४५८ | २४४८०३.५ | १२८७३९३ |
| २०८३/०८४ | ८३४८९५८.६६ | ३७५७०३१ | ४५९१९२७ | ९९८५५६.४ | ५५८८३७६ | २८१५२४.१ | १४८०५०२ |

### ५.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.६: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत् पहुँच नभएको घरधुरीमा विद्युत् पहुँचको विस्तार | जलविद्युत् को सुविधा विस्तार गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ३० | गा.पा.को सबै ठाउँमा विद्युत् सुविधा पुगेको हुनेछ |
| २ | सोलार वितरण | वैकल्पिक ऊर्जा विकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २५ | गा.पा.मा वैकल्पिक ऊर्जा को विकास भएको हुनेछ । |

### ५.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

विद्युत् सेवा नपुगेका घरमा विद्युत् सेवा विस्तार भएको हुनेछ । खाना पकाउने इन्धनको रूपमा परम्परागत इन्धनको प्रयोगमा कमी आएको हुनेछ ।

### ५.३.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयन हुनको लागि विद्यमान ऐन, नियम तथा नीतिहरूमा समयसापेक्ष सुधार, प्रसारण लाइनको विस्तार, नवीकरणीय ऊर्जा सम्बन्धी प्रविधिको हस्तान्तरण, परम्परागत ऊर्जाको प्रयोग कम गरी विद्युतको् उपभोगमा वृद्धि, जलवायु मैत्री पूर्वाधारहरूको निर्माण, स्थिर जलवायु हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने प्रतिकूल परिवेशले योजना कार्यान्वयनमा जोखिम पैदा गर्ने छन् ।

## ५.४ सुचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै गाउँपालिकाको आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउनुपरेको छ।

### ५.४.२ समस्या तथा चुनौती

ग्रामीणस्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्ने कार्य एक प्रमुख चुनौतीको रूपमा देखिएको छ । विद्युतीय सञ्चार माध्यमको अनुगमन गर्नु,सार्वजनिक निकायमा रहेको सूचनालाई डिजिटाइज गरी अनलाइनबाट सूचना माग्ने र उपलब्ध गराउने यस क्षेत्रका अन्य चुनौतीहरू हुन् ।

### ५.४.३ सम्भावना तथा अवसर

सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, सेवा प्रभावकारिता बढाउने शासन संयन्त्रलाई बढी सहभागितामूलक एवम् पारदर्शी बनाउनु, इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.४.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछ:

- घर-घरमा इन्टरनेट, सार्वजनिक स्थल र संस्थाहरूमा फ्रि-वाइफाइ सेवा पुऱ्याउने ।

#### ५.४.४.२ उद्देश्य

यस उपक्षेत्रका निम्न उद्देश्य हुनेछ:

- सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचलाई समावेशी बनाई पालिकाको समष्टिगत विकासमा योगदान पुऱ्याउनु ।

#### ५.४.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रका निम्न रणनीतिहरू हुनेछन्:

- गाउँपालिकालाई डिजिटल पालिकाको रूपमा विकास गर्ने ।
- सूचना प्रविधिको प्रयोगबाट सार्वजनिक सेवालाई सहज एवम् सर्वसुलभ बनाउने ।
- सूचना प्रविधिको प्रयोगबाट सार्वजनिक सेवालाई सहज एवम् सर्वसुलभ बनाउने ।
- सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्ने ।
- दूरसञ्चार सेवाको पहुँच पुऱ्याउने ।
- डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने ।

### ५.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७: सूचना, सञ्चार तथा प्रविधि उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | २३५७१३१.१९ | ११५४९९४ | १२०२१३७ | २८१९१८.८ | १५७७७४६ | ७९४८१.६७ | ४१७९८४.८ |
| २०८२/०८३ | २७१०७००.८७ | १२७४०२९ | १४३६६७१ | ३२४२०६.६ | १८१४४०८ | ९१४०३.९२ | ४८०६८२.५ |
| २०८३/०८४ | ३११७३०६.०० | १४०२७८८ | १७१४५१८ | ३७२८३७.६ | २०८६५६९ | १०५११४.५ | ५५२७८४.९ |

### ५.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.८: सूचना, सञ्चार तथा प्रविधि उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | क्यालेन्डर प्रकाशन (संन्देशमूलक) | गाउँपालिकाको प्रचार प्रसार गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | २०००० | गाउँपालिकाको प्रचार प्रसार भएको हुनेछ । |
| २. | फाइवर लाइन विस्तार | गापाका सबै बासिन्दाहरूलाई सूचना तथा प्रविधिमा पहुँच पुऱ्याउने । | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १२५ | गा.पा. आधुनिक सूचना तथा प्रविधिमैत्री भएको हुनेछ । |

### ५.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्य सम्ममा सबैको घरमा इन्टरनेट सेवा र सबै सार्वजनिक स्थल लगायत संस्थाहरूमा फ्रि-वाइफाइ सेवा उपलब्ध भएको हुनेछ । सबै सार्वजनिक सेवा विद्युतीय माध्यमबाट प्रवाह भएको हुनेछ । सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको हुनेछ ।

### ५.४.८ अनुमान तथा जोखिम पक्ष

उल्लेखित योजनाहरू कार्यान्वयन हुनको लागि सूचना, संचार प्रविधि सम्बन्धी ऐन, नीति, नियम कार्यान्वयन अन्तर सरकारी निकायबीच समन्वय, अपेक्षित बजेटको विनियोजन भएको हुनेछ, भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने नकारात्मक परिवेशले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

# परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ६.१ वन तथा जैविक विविधता

### ६.१.१ पृष्ठभुमि

दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहिआएको छ । रोजगारीको सिर्जना, आयवृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ ।

यसका साथै जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय सामाजिक आर्थिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

वन क्षेत्रबाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्नु स्थानीय जनताको आधारभूत आवश्यकताहरू (काठ, दाउरा, घाँस, स्याउला) को आपूर्ति व्यवस्थापनलाई समुदायस्तरमा व्यवस्थापन गर्नुका साथै सरोकारवालाहरूसँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौती हुन् । रामप्रसादराई गाउँपालिकाको वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु र भौतिक, सामाजिक तथा आर्थिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ६.१.३ सम्भावना तथा अवसर

वनले ओगटेको भूभागमा वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलश्रोत अभिवृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.१.४.१ लक्ष्य

यस उपक्षेत्रको निम्न लक्ष्य हुनेछः

- वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने ।

### ६.१.४.२ उद्देश्य

यस उपक्षेत्रका निम्न उद्देश्यहरू हुनेछन्:

१. दिगो वन व्यवस्थापनद्वारा वन पैदावारको उत्पादन र वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु ।
२. जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्बन गर्नु ।
४. वन, जडीबुटी र जैविक विविधता क्षेत्रमा सम्भाव्यता-अध्ययन, अनुसन्धान गरी वनमा आधारित जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्नु ।
५. खाली जमिनमा वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गर्नु ।

### ६.१.४.३ रणनीति

यस उपक्षेत्रका रणनीति निम्न अनुसार हुनेछन् ।

- वन क्षेत्रको दिगो व्यवस्थापन, उपयोगमा स्थानीय जनताको पहुँच बढाउने ।
- वन क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणमा समुदायको सहभागिता वृद्धि गर्ने ।
- वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय-आर्जन र रोजगारीसँग आबद्ध गर्ने ।
- वैज्ञानिक वन व्यवस्थापन मार्फत वनको संरक्षण तथा गुणस्तर वृद्धि गर्दै आम्दानीको स्रोतका रूपमा समेत स्थापित गर्ने ।
- जडीबुटी खेतीलाई प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा सञ्चालन गरी आय आर्जनसँग आबद्ध गर्ने ।
- सामुदायिक वनको सीमाङ्कन, रेखाङ्कन गरी वन क्षेत्रको अतिक्रमण न्यूनीकरण गर्ने तथा वन संरक्षण तथा आर्यआर्जनका कार्यक्रम समानान्तर रूपमा सञ्चालन गर्ने ।
- जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूक्षय नियन्त्रण गर्ने ।
- सार्वजनिक पूर्वाधार निर्माण,भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्य संचालन गर्ने ।
- वन, व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित विवरण गर्ने ।

### ६.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१: वन तथा जैविक विविधता उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ३३०५९९३.१९ | १६१९९३७ | १६८६०५७ | ३९५४०५.१ | २२१२८६७ | १११४७७ | ५८६२४४.३ |
| २०८२/०८३ | ३८०१८९२.१७ | १७८६८८९ | २०१५००३ | ४५४७१५.८ | २५४४७९७ | १२८१९८.५ | ६७४१८१ |
| २०८३/०८४ | ४३७२१७६.०० | १९६७४७९ | २४०४६९७ | ५२२९२३.२ | २९२६५१६ | १४७४२८.३ | ७७५३०८.१ |

## ६.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.२ मा प्रस्तुत गरिएको छ र

**तालिका ६.२: वन तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम | गापाको वनको वैज्ञानिक व्यवस्थापन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १० | गा. पा. को सार्वजनिक एवंम् बाँझो जमिनमा हरियाली विस्तार हुने छ। |
| २ | वन डढेलो नियन्त्रण कार्यक्रम | वन डढेलो नियन्त्रण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ११ | डढेलोको कारण वनमा हुने क्षती कम भएको हुने छ। |
| ३ | सामुदायिक वन क्षेत्रमा वृक्षरोपण तथा घेरावारा | वन क्षेत्र विस्तार गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ३० | गा.पा. का समुदायिक वन मार्फत वन व्यवस्थापन हुने छ। |
| ४ | जैविक विविधता संरक्षण कार्यक्रम | जैविक विविधता संरक्षण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १० | गा.पा. को जैविक विविधता संरक्षण भएको हुनेछ |

## ६.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

वन अतिक्रमण तथा डढेलो नियन्त्रण भई वन तथा वन्यजन्तुहरूको उचित संरक्षण भएको हुनेछ । वन्यजन्तु तथा जैविक विविधताको सर्भेक्षण गरी अवस्था एकिन भएको हुनेछ । वृक्षरोपण अभियानका रूपमा सञ्चालन भई हरियाली प्रवर्धन भएको हुनेछ। कृषि वनको उत्पादनमा वृद्धि गरी व्यवसायीकरण भएको हुनेछ।

## ६.१.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयन हुनको लागि सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापनमा संलग्नता, जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयन, वन तथा जैविक विविधता सम्बन्धी कानून तथा नीतिहरूको कार्यान्वयन, बहु सरोकारवालाहरूबीच समन्वय, वृक्षारोपणमा जनसहभागिता हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी अवस्थामा उत्पन्न हुने प्रतिकूलताहरूले योजनाको कार्यान्वयनमा जोखिम उत्पन्न गर्नेछन्।

## ६.२ भुसंरक्षण तथा जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभुमि

नेपालको संविधान, २०७२ मा प्राकृतिक साधन स्रोतको संरक्षण,संवर्द्धन र उपयोग सम्बन्धी नीतिमा उल्लेख गरेको छ । जलाधार संरक्षण सम्बन्धी अधिकार स्थानीय तहलाई दिइएको छ ।

### ६.२.२ समस्या तथा चुनौती

जलाधार तथा भू-संरक्षण सम्बन्धी स्थानीय सरकारको अधिकार स्पष्ट नहुनु, गाउँपालिकामा कार्यविधि तयार भइनसक्नु, जोखिम नक्साङ्कन नहुनु, पहिरो रोकथाममा पहल नहुनु र सडक निर्माणमा बायोइन्जिनियरिङ्ग प्रयोगमा ध्यान नदिनु समस्या रहेका छन्।

जलाधार संरक्षण गर्नु, जोखिमयुक्त भू-बनोट, अव्यवस्थित बस्ती, प्रकोप सम्भाव्य क्षेत्रको नक्साङ्कन गर्नु, जोखिम सूचना प्रणालीको व्यवस्था गर्नु, जलाधार क्षेत्रको संरक्षण गर्नु र जोखिमयुक्त क्षेत्रमा बस्ती विकास हुनु चुनौती रहेका छन् ।

### ६.२.३ सम्भावना तथा अवसर

संविधानले जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै प्रकोप जोखिम न्यूनीकरण गर्ने नीति अबलम्बन गर्नु, जनसहभागिताको सम्भावना रहनु, दिगो विकासका जलाधार तथा वातावरण संरक्षण सम्बन्धी लक्ष्य स्थानीयकरण हुनु, वातावरण र प्रकोप व्यवस्थापन सम्बन्धी जनचेतना बढ्नु अवसरका रूपमा रहेका छन् ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.२.४.१ लक्ष्य

भू-संरक्षण तथा जलाधार व्यवस्थापनको लागि निम्न लक्ष्य लिइनेछ:

- जलाधारको बहुउद्देश्य उपयोगबाट आर्थिक विकास गरी रोजगारी सृजना गर्ने ।

#### ६.२.४.२ उद्देश्य

यस उपक्षेत्रको निम्न उद्देश्य हुनेछ:

- जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरी बहुआयामिक उपयोग मार्फत् आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्नु ।

#### ६.२.४.३ रणनीति

यस उपक्षेत्रको लागि निम्न रणनीति लिइनेछ ।

- जल र भ-क्षय उत्पन्न प्रकोपबाट हुने जोखिमलाई कम गर्ने ।

- भूक्षय नियन्त्रणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।

### ६.२.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूसंरक्षण तथा जलाधार व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ५०८१४३३.९८ | २४८९९०३ | २५९१५३१ | ६०७७५२.२ | ३४०१२५८ | १७१३४४.२ | ९०१०७९.३ |
| २०८२/०८३ | ५८४३६४९.०८ | २७४६५१५ | ३०९७१३४ | ६९८९१५.१ | ३९११४४७ | १९७०४५.९ | १०३६२४१ |
| २०८३/०८४ | ६७२०१९६.४४ | ३०२४०८८ | ३६९६१०८ | ८०३७५२.३ | ४४९८१६४ | २२६६०२.८ | ११९१६७७ |

### ६.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.४ मा प्रस्तुत गरिएको छ र

**तालिका ६.४: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पानीको मुहान संरक्षण | गापाको जलाधार व्यवस्थापन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १३० | पानीको मुहान संरक्षण भएको हुनेछ |
| २ | सामुदायिक नर्सरी | भूसंरक्षण गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन भएको हुनेछ |
| ३ | पहिरो नियन्त्रण कार्यकम | भूसंरक्षण | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ३५ | पहिरो नियन्त्रण भएको हुनेछ |
| ४ | सामुदायिक नर्सरी, वृक्षरोपण, पहिरो नियन्त्रण | भूसंरक्षण तथा जलाधार व्यवस्थापन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५० | भूसंरक्षण तथा जलाधार व्यवस्थापन भएको हुनेछ |

### ६.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

जलाधार र भू-संरक्षण नियन्त्रणका लागि रणनीति योजना तयार भएको हुनेछ । जोखिम क्षेत्र पहिचान भई नक्साङ्कन भएको हुनेछ । पहिरो रोकथाम भएका हुनेछन् । नागरिकहरूको सक्रिय सहभागितामा जलाधार पहिचान, वर्गीकरण र प्राथमिकीकरण भएको हुनेछ । गाउँपालिका भित्रका जलाधारहरूको संरक्षण भएका हुनेछन् ।

#### ६.२.८ अनुमान तथा जोखिम पक्ष

उल्लिखित योजनाहरू कार्यान्वयन हुनका लागि भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा स्थानीय समूहहरूको निरन्तर संलग्नता, वनेका ऐन, नियम तथा नीतिहरूको कार्यान्वयन, बजेटको सुनिश्चितता, जलवायु मैत्री संरक्षण क्रियाकलाप, जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पर्ने नकारात्मक असरले योजनाहरूको कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

#### ६.३.१ पृष्ठभूमि

जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै विकासका लक्ष्यहरू हासिल गर्नुपर्ने हुन्छ । वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात गर्नुपर्दछ । स्थानीय अनुकूलनका लागि रणनीतिक कार्यक्रमहरू वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधन जस्ता प्रयासहरू गर्नुपर्ने हुन्छ ।

#### ६.३.२ समस्या तथा चुनौती

जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, मानवीय क्रियाकलापहरूबाट हुने हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु चुनौती रहेका छन् ।

फोहोर व्यवस्थापनका लागि आर्थिक समस्या हुनु, कर्मचारी र साधनको व्यवस्थापन नहुनु, पूर्वाधार विकास र वातावरण बीच सन्तुलन नहुनु, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वनजङ्गलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र दिगो पूर्वाधार विकास बीच सामञ्जस्यता स्थापित हुन नसक्नु समस्या रहेका छन् ।

#### ६.३.३ सम्भावना तथा अवसर

दिगो विकासका लक्ष्यहरूमा स्थानीयकरण हुनु जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई स्थानीय तहसम्म एकीकृत गर्नेजस्ता नयाँ अवसर हुन् ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.३.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- प्रदूषण नियन्त्रण, फोहर-मैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

#### ६.३.४.२ उद्देश्य

यस उपक्षेत्रको उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

१. हरित विकासको अवधारणाअनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।
२. भौतिक पूर्वधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गर्नु ।
३. प्रदूषण नियन्त्रण सहितको वातावरण व्यवस्थापनका लागि आवश्यक नीति, कानून र प्रभावकारी संरचना निर्माण गर्नु ।

#### ६.३.४.३ रणनीति

यस उपक्षेत्रका रणनीति निम्न अनुसार हुनेछन् ।

- पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन र वातावरणबीच सन्तुलन कायम गर्ने ।
- वातावरण व्यवस्थापन योजना तयार गर्ने ।
- फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागिता सहित नवीन प्रविधिको अवलम्बन गर्ने ।

### ६.३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.५: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ४५२३४३८.३१ | २२१६४८५ | २३०६९५४ | ५४१०१४.६ | ३०२७७६४ | १५२५२८.८ | ८०२१३१.१ |
| २०८२/०८३ | ५२०१९५४.०५ | २४४४९१८ | २७५७०३६ | ६२२१६६.७ | ३४८१९२८ | १७५४०८.१ | ९२२४५०.८ |
| २०८३/०८४ | ५९८२२४७.१६ | २६९२०११ | ३२९०२३६ | ७१५४९१.८ | ४००४२१८ | २०१७१९.४ | १०६०८१८ |

### ६.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.६: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वातावरण तथा फोहोरमैला व्यवस्थापन चेतनामूलक कार्यकम | गा.पा.का बासिन्दाहरुलाई स्वस्थ र सुरक्षित बनाउनु | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १० | गा.पा. का सबै बासिन्दाहरूलाई स्वस्थ र सुरक्षित हुने छन् । |
| २ | डम्पिङ्ग साइट अध्ययन र निर्माण | फोहोरमैला व्यवस्थापन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५५ | समुदायिक स्तरमा फोहोरमैला व्यवस्थापन हुने छ । |

### ६.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण,स्थानीय जलवायु अनुकूलन योजना तयार भएको हुने, र वातावरणीय शिक्षा तथा सचेतना अभिवृद्धि भएको हुनेछ ।

### ६.३.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयन हुनको लागि वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापनमा स्थानीय जनताहरूको सक्रिय सहभागिता, चेतनास्तरमा वृद्धि, ऐन, नीति नियमको पालना, वातावरण मैत्री व्यवहार हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने गतिरोधले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ६.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायू उत्थानशीलता

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको भने बिपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्व तयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको देखिन्छ ।

### ६.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रूपमा रहेको छ । गाउँपालिकामा हावाहुरी, पहिरो, बाढी, खडेरी, महामारी, जनावर आतंक लगायत अन्य विभिन्न किसिमका प्रकोपहरू दोहोरिरहने गरेका छन् । विभिन्न स्थानमा भूस्खलनको जोखिम रहेको छ । विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख बस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । यी कुराहरू समस्या तथा चुनौतीको रूपमा रहेका छन् ।

### ६.४.३ सम्भावना तथा अवसर

विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । गाउँपालिकामा विपद् व्यवस्थापन कोष रहेको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको छ। आपत् कालीन प्रतिकार्यको लागि सामुहिक आश्रयस्थल निर्माण गर्न पर्याप्त खाली जमिन रहेको छ। वर्षैभरि जलस्रोत उपलब्ध गराउने विभिन्न खोलाखोल्साहरू रहेका छन् । यी कुराहरू सम्भावना तथा अवसरको रूपमा रहेका छन् ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.४.४.१ लक्ष्य

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- विपद् जोखिमलाई न्यूनीकरण तथा विकास प्रकृयालाई उत्थानशील र दिगो बनाउने

#### ६.४.४.२ उद्देश्य

१. विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण गर्नु।
२. जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नु ।
३. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरी समुदाय स्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्नु ।
४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि बृहत् सहभागिता सुनिश्चित गरी सचेतना अभिबवद्धि गर्दै विपद् पश्चात्को पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।

### ६.४.४.३ रणनीति

यस उपक्षेत्रका रणनीति तथा कार्यनीति तल दिइएको छ ।

- विपद् पूर्वतयारी, सचेतना तथा क्षमता अभिवृद्धिलाई केन्द्रित गरी विपद् जोखिम न्यूनीकरण गर्ने ।
- विपद् व्यवस्थापन कार्यलाई एकीकृत रूपमा संचालन गरिनेछ
- बहुप्रकोप जोखिम आकलन/नक्साङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ सम्बन्धी क्षमता विकास र पर्याप्त साधन-स्रोतको व्यवस्थापन गर्ने ।

## ६.४.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.७: विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाडफाड |
| २०८१/०८२ | ४५८११६२.०० | २२४४७६९ | २३३६३९३ | ५४७९१८.५ | ३०६६४०१ | १५४४७५.२ | ८१२३६७.१ |
| २०८२/०८३ | ५२६८३३६.३० | २४७६११८ | २७९२२१८ | ६३०१०६.२ | ३५२६३६१ | १७७६४६.५ | ९३४२२२.२ |
| २०८३/०८४ | ६०५८५८६.७४ | २७२६३६४ | ३३३२२२३ | ७२४६२२.२ | ४०५५३१६ | २०४२९३.५ | १०७४३५६ |

## ६.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.८: विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | वडास्तरीय विपद् जोखिम व्यवस्थापन कार्यक्रम | नागरिकलाई विपद्बाट बचाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ३० | गाउँपालिकाका नागरिकहरू विपद् जोखिम न्यूनीकरण भएका हुनेछन् । |
| २. | आपतकालीन उद्धार सामग्री भण्डारण | नागरिकलाई विपद्बाट बचाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ६० | गाउँपालिकाका नागरिकहरू विपद् जोखिम न्यूनीकरण भएका हुनेछन् । |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३. | राहत सामग्री भण्डारण | विपद्बाट आहात नागरिकलाई राहतका लागि कोष स्थापना गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ६० | विपद्बाट आहात नागरिकलाई राहतका लागि कोष स्थापना भएको हुनेछ। |
| ४. | विपद् जोखिम न्यूनीकरण सम्बन्धी चेतनामूलक कार्यक्रम | नागरिकहरूमा विपद् जोखिम सम्बन्धी चेतना फैलाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १० | नागरिकहरूमा विपद् जोखिम सम्बन्धी चेतना अभिवृद्धि भएको हुनेछ। |
| ५. | राहत उद्धार कोष स्थापना | नागरिकलाई विपद्बाट बचाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ९० | नागरिकहमारू विपद् जोखिम काम हुनेछ। |

### ६.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्यसम्ममा सबै वडामा सामुदायिक अनुकूलन योजना तयार भई कार्यान्वयन भएको हुनेछ। वातावरणमैत्री विकास पूर्वाधारहरू निर्माण भएका हुनेछन्। कृषि प्रणालीमा वातावरण अनुकूलित आयोजना सञ्चालन भई उत्पादनमा वृद्धि भएको हुनेछ।

### ६.४.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित गरिएका योजनाहरू कार्यान्वयन हुनको लागि जोखिम न्यूनीकरणका लागि बनेका रणनीतिहरूको कार्यान्वयन, विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐनको कार्यान्वयन, आवश्यक बजेट विनियोजन, अनुकूलन योजनाको कार्यान्वयन, जलवायु उत्पादनशील योजनाको कार्यान्वयन भएको हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पर्ने नकारात्मक असरले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन्।

# परिच्छेद ७: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ७.१ संस्थागत विकास तथा सूशासन

### ७.१.१ पृष्ठभूमि

संघीय शासन प्रणाली अनुसार अधिकारको हस्तान्तरणमा आधारित भई संविधानबाट स्थानीय सरकारहरू स्थापना भई संविधानको कार्यान्वयनमा क्रियाशील रहेका छन् । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकामा निहित छ । स्थानीय सरकारको अधिकार क्षेत्रमा भएको विस्तार, साधन स्रोतमा वृद्धिसँगै जनआकांक्षा पनि चुलिएको छ । बढेको जनआकांक्षा पूरा गर्न परम्परागत र विगतकै सोँच र तरिकाबाट संभव देखिदैन । बदलिँदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अबलम्बन गर्न जरुरी देखिएको छ । संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैरसरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ गाउँपालिकाले विशेष ध्यान दिन आवश्यक छ । गाउँपालिकाले गरेको सेवा प्रवाह र कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गर्ने कोसिस यस परिच्छेदमा गरिएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम गाउँपालिकाले अझै कतिपय विषय क्षेत्रमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सो को पालना गर्ने कुरा अपेक्षाकृत कमजोर रहेको छ । सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी अपेक्षा गरे अनुरूप हुन सकेको छैन । गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन्न कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यावसायिक कार्यहरूमा निजी र गैसस लगायतका सेवाप्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन ।

नागरिक वडापत्र गाउँ कार्यपालिकाको र सबै वडामा भएतापनि क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागु नहुनु, शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै लैजानु,

अन्तरपालिका समन्वय नहुनु, संविधान अनुसार सबै कानून तथा कार्यविधि तर्जुमा भइनसक्नु, जनप्रतिनिधि र कर्मचारीबीच तालमेल हुन नसक्नु समस्याको रूपमा रहेका छन् ।

जनताको बढ्दो अपेक्षा सम्बोधन हुने गरी सेवा प्रवाहमा सुधार गर्नु, कर्मचारीमा सुशासन कायम गर्नु, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु, कर्मचारीमा सदाचार संस्कृतिको विकास गर्नु, सबै विषयगत समिति र वडा कार्यालय बीच प्रभावकारी प्रशासकीय समन्वय गर्नु चुनौती रहेका छन् ।

### ७.१.३ सम्भावना तथा अवसर

गाउँसभाबाट रामप्रसादराई गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९, आर्थिक ऐन, २०७५ /०७६, सहकारी ऐन, २०७५, कृषि व्यबसाय प्रवर्द्धन ऐन, २०७५,विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५, आर्थिक कार्यविधि नियमित तथा व्यबस्थित गर्न बनेको ऐन, २०७५, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी गाँउ कार्यपालिकाबाट रामप्रसादराई गाउँपालिकाको कार्य सम्पादन नियमावली २०७४, कार्यविभाजन नियमावली २०७४, निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि नियमावली २०७४ तर्जुमा भई र सो को अभ्यासमा रहेका छन् रामप्रसादराई गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०,संरक्षित वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय कार्यविधि, २०७९, सडक हेरालु सम्बन्धी कार्यविधि, २०८०, बालविकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि, २०८०, एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि, २०७९, गाउँपालिका भित्रका भोजपुर, बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई मासिक शुल्क व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९, गर्भवती तथा सत्केरी आमाहरूलाई पोषण भत्ता उपलब्ध गराउने कार्यविधि, २०७८, एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८, विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५, करारमा प्राविधिक कर्मचारीहरू लिने सम्बन्धी कार्यविधि, २०७५, न्यायिक समितिले उजुरीको कारवाहीको कार्यविधि, २०७५, स्थायी/अस्थायी / करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८०, खेलाडीहरूलाई गाउँपालिकाको तर्फबाट खेल खेल्दा दिने सहायता खर्चको मापदण्ड, २०८०, सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७८ कार्यान्वयनमा रहेका छन् । सभाबाट न्यायिक समिति गठन भई स्थानीय मध्यस्थकर्ताको सहजीकरणमा स्थानीय विवाद समाधान प्रयास भैरहेका छन् । विकास निर्माणमा स्थानीय जनताको चासो बढ्दै जानु, सिंहदरवारको अधिकार गाउँगाउँमा हुनु, जनप्रतिनिधिको उत्साहजनक उपस्थिति हुनु, सार्वजनिक प्रशासन समावेशी हुँदै जानु, र प्राविधिक कर्मचारी रहनु अवसर रहेका छन् ।

## ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### ७.१.४.१ लक्ष्य

संस्थागत विकास तथा सुशासनका लागि निम्न लक्ष्य हुनेछ :

- गाउँपालिकाको सेवा प्रवाह, कार्य सम्पादन तथा जवाफदेहिताको स्तर वृद्धि गर्ने ।

### ७.१.४.२ उद्देश्य

यस उपक्षेत्रका निम्न उद्देश्यहरू हुनेछन्:

१. सेवा प्रवाह तथा कार्य सम्पादन प्रक्रिया स्पष्ट, सहज र पारदर्शी बनाउनु ।
२. गाउँ कार्यपालिका र सेवा प्रदायक निकायको संगठन विकास र व्यवस्थापन क्षमतामा अभिवृद्धि गर्नु ।
३. राजस्व संकलन तथा आन्तरिक र बाह्य स्रोत परिचालन क्षमतामा अभिवृद्धि गर्नु ।
४. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन सहभागितामूलक, नतिजामुखी र प्रभावकारी बनाउनु ।

### ७.१.४.३ रणनीति

यस उपक्षेत्रको रणनीति तल दिइएको छ ।

- प्रशासनलाई जनउत्तरदायी बनाउन क्षमता अभिवृद्धि गर्ने ।
- राष्ट्रसेवकलाई आफ्नो कार्य जिम्मेवारी प्रति थप परिणाममुखी र जनउत्तरदायी बनाउने ।

**क. संगठन तथा क्षमता विकास**

- स्थानीय सेवा प्रवाहलाई सरल,सहज र सेवाग्राही मैत्री बनाउने ।

**ख. कानून, नीति तथा सुशासन**

- स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने ।

**ग. स्रोत परिचालन तथा व्यवस्थापन**

- राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने ।
- आन्तरिक स्रोतको दायरा फराकिलो गराउँदै राजस्व वृद्धिमा जोड दिने ।
- गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने

**घ. विकास व्यवस्थापन**

- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउने ।
- सडक तथा भवन निर्माण मापदण्ड तयार गर्ने

## ७.१.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.१: संस्थागत विकास तथा सूशासन उपक्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु मा) | | | बजेट स्रोत (रु. मा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| कानुन नीति तथा सुशासन | | | | | | | |
| २०८१/०८२ | १२४१०११.०६ | ६०८०९५.४२ | ६३२९१५.६४ | १४८४२८.०३ | ८३०६७०.८५ | ४१८४६.४७५ | २२००६५.७ |
| २०८२/०८३ | १४२७१६२.७२ | ६७०७६६.४८ | ७५६३९६.२४ | १७०६९२.२४ | ९५५२७१.४८ | ४८१२३.४४७ | २५३०७५.५५ |
| २०८३/०८४ | १६४१२३७.१२ | ७३८५५६.७१ | ९०२६८०.४१९ | १९६२९६.०७ | १०९८५६२.२ | ५५३४१.९६४ | २९१०३६.८९ |
| संगठन तथा क्षमता विकास | | | | | | | |
| २०८१/०८२ | २४२५७४७.१५ | ११८८६१६ | १२३७१३१ | २९०१२५.४ | १६२३६७४ | ८१७९५.३८ | ४३०१५२.३ |
| २०८२/०८३ | २७८९६०९.२३ | १३११११६ | १४७८४९३ | ३३३६४४.३ | १८६७२२५ | ९४०६४.६८ | ४९४६७५.१ |
| २०८३/०८४ | ३२०८०५०.६१ | १४४३६२३ | १७६४४२८ | ३८३६९०.९ | २१४७३०९ | १०८१७४.४ | ५६८८७६.४ |
| स्रोत परिचालन तथा व्यवस्थापन | | | | | | | |
| २०८१/०८२ | ४७५९४७७४९.४७ | २३३२१४३९७ | २४२७३३३५२ | ५६९२४५४४ | ३१८५७५६६४ | १६०४८७९८ | ८४३९८७४३ |
| २०८२/०८३ | ५४७३३९९११.८९ | २५७२४९७५९ | २९००९०१५३ | ६५४६३२२५ | ३६६३६२०१४ | १८४५६११८ | ९७०५८५५५ |
| २०८३/०८४ | ६२९४४०८९८.६८ | २८३२४८४०४ | ३४६१९२४९४ | ७५२८२७०९ | ४२१३१६३१६ | २१२२४५३५ | १११६१७३३८ |
| विकास व्यवस्थापन | | | | | | | |
| २०८१/०८२ | ७०५४११.६२ | ३४५६५१.७ | ३५९७५९.९ | ८४३६९ | ४७२१६७.३ | २३७८६.२४ | १२५०८९.१ |
| २०८२/०८३ | ८११२२३.३६ | ३८१२७५ | ४२९९४८.४ | ९७०२४.३५ | ५४२९९२.४ | २७३५४.१८ | १४३८५२.४ |
| २०८३/०८४ | ९३२९०६.८६ | ४१९८०८.१ | ५१३०९८.८ | १११५७८ | ६२४४४१.३ | ३१४५७.३१ | १६५४३०.३ |

## ७.१.६ कार्यक्रम तथा आयोजना

यस उपक्षेत्रका कार्यक्रम तथा आयोजनाहरू तलको तालिका ७.२ मा दिइएको छ ।

**तालिका ७.२: संस्थागत विकास तथा सूशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| कानुन नीति तथा सुशासन | | | | | |
| १. | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रशोधीकरण तथा प्रकाशन | गा.पा को दैनिक सेवा प्रभावकारी बनाउने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ५ | गा.पा. मा आवश्यक पर्ने ऐन नियम निर्माण भएका हुने छन् । |
| २. | सूचना प्रविधिमैत्री शासन प्रवर्धन | संस्थागत सुदृढता र जन शक्तिको क्षमता विकास | २०८१/०८२ देखि २०८३/०८४ सम्म ३ | ८ | गा.पा. को सेवा प्रवाह प्रभावकारीमा सञ्चालन हुने छ । |
| ३. | विवाद मध्यस्थता, कानूनी साक्षरता, तथा मेलमिलाप कार्यक्रम | गाउँपालिका बाट संविधान, ऐन र नियमले तोकेको | २०८१/०८२ देखि | १० | गाउँपालिकाबाट अधिकतम मात्रामा न्याय सम्पादन भएको हुने छ । |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कूल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | अधिनमा रही न्याय संम्पादन गर्ने | २०८३/०८४ सम्म | | |
| **संगठन तथा क्षमता विकास** | | | | | |
| १. | जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि तालिम | गा.पा.मा कार्यरत जनशक्तिलाई सीप युक्त दक्ष सेवा प्रदान गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | १५ | गा.पा.मा कार्यरत जनशक्ति दक्ष सिपमूलक एवंम् सेवा ग्राही मुखी हुनेछन् । |
| २. | समुदाय स्तरीय संघ संस्था गठन परिचालन तथा प्रोत्साहन कार्यक्रम | टोल सुधार समिति गठन र परिचालन गर्ने | २०८१/०८२ देखि २०८३/०८४ सम्म | ९ | विकासमा जनसहभागिता विस्तार गरी अपनत्व कायम भएको हुनेछ । |
| **स्रोत परिचालन तथा व्यवस्थापन** | | | | | |
| १. | आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण तथा सुधार कार्ययोजना | गा.पा.को आन्तरिक स्रोत परिचालन तथा राजस्व वृद्धि गर्ने | २०८१/०८२ देखि २०८३/८४ | १० | आन्तरिक स्रोतहरूको यकिन भई परिचालन भएको हुनेछ । |
| २. | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | राजस्व परिचालनमा सुदृढता ल्याउने | २०८१/०८२ देखि २०८३/८४ | ५ | राजस्व चुहावट नियन्त्रण भई सुधार आएको हुनेछ । |
| ३. | राजस्व शाखा स्थापना र सुदृढीकरण | राजस्व परिचालनमा सुदृढता ल्याउने | २०८१/०८२ देखि २०८३/८४ | १० | राजस्व चुहावट नियन्त्रण भई सुधार आएको हुनेछ । |
| ४. | करदाता शिक्षा कार्यक्रम | गा.पा.को आन्तरिक स्रोत परिचालन तथा राजश्व वृद्धि गर्ने | २०८१/०८२ देखि २०८३/८४ | ५ | गा.पा.को आन्तरिक स्रोत परिचालन अभिवृद्धि भएको हुनेछ । |
| **विकास व्यवस्थापन** | | | | | |
| १. | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | गुरुयोजनाको आधारमा काम गर्ने प्रवृति अभिवृद्धि गर्ने | २०८१/०८२ देखि २०८३/०८४ | १५ | गुरुयोजनाको आधारमा काम गर्ने प्रवृतिको विकास भएको हुने छ । |
| २. | नतिजामूलक अनुगमन, मूल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | सन्तुलित विकास आयोजनाहरू समय अवधिमा सम्पन गर्ने | २०८१/०८६ देखि २०८३/०८४ | ५ | गा.पा.को सबै वडाहरूमा क्षेत्रगत विकासमा सन्तुलित तथा दिगो विकासको अवधारण कार्यान्वय हुने छ । |

### ७.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

गाउँपालिकाको एकीकृत प्रशासकीय भवन र सबै वडा कार्यालयका आफ्नै भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भएको हुनेछ। जनप्रतिनिधि र कर्मचारीको आचार संहिता निर्माण भई लागु भएको हुनेछ । कर्मचारीहरूको मनोबल तथा कार्य क्षमतामा उल्लेख्य सुधार भई पूँजीगत बजेट शत प्रतिशत खर्च भएको हुनेछ ।

### ७.१.८ अनुमान तथा जोखिम पक्ष

माथि उल्लिखित योजनाहरू कार्यान्वयनका लागि राष्ट्रसेवक कर्मचारीहरू योजनाको कार्यान्वयन दृढ, विवाद तथा मेलमिलापको काम संस्थागत रूपमा निराकरण, ऐन, नियमहरूको पूर्ण पालना, सूचना प्रणाली व्यवस्थित, शीर्षक अनुसारको बजेट निर्माण र खर्च, मितव्ययी खर्च प्रणाली, भ्रष्टाचारमा शून्य सहनशीलता भएको हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पर्न जाने नकारात्मक असरहरूले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

# अनुसूचीहरू

## अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | प्रमुख, शैक्षिक प्रशासन शाखा | सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ४. | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ५. | प्रमुख, आर्थिक विकास शाखा | सदस्य |
| ६. | प्रमुख, सामाजिक विकास शाखा, | सदस्य सचिव |

# अनूसुची २: मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

## पृष्ठभुमि

शासन व्यवस्थाको वर्तमान अवस्थामा अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको अवसरका ढोकाहरू खुल्दै गएका छन् । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास उपलब्धि हासिल गर्ने गति तीव्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन घरदैलोसम्म विकासको मार्ग कोर्न आवश्यक छ। संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रूपमा स्थानीय सरकारहरूले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाडि बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेका अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ । उपरोक्त सन्दर्भलाई आत्मसात गरी सरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्नु पर्दछ। यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नुपर्नेछ । स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्न सक्ने र चाहना सम्बोधन गर्ने खालको हुनुपर्छ। योजनाले उपलब्ध हुने सक्ने संभाव्य स्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको बीचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । यस अवस्थामा आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभूति गर्ने तथा कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रम छनोट तथा सोको लागि बजेट विनियोजन गर्नु जरुरी देखिन्छ । यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेस गर्नु पर्ने व्यवस्था गरेको छ। यसै गरी उपदफा (५) ले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरूको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ। यस प्रकार खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नु पर्ने अवस्था आउँदैन। यस प्रकार व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना तर्जुमा

प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत महाशाखा/शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट संबन्धित शाखा/उपशाखा/एकाइ वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाको आधारमा यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनोट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ। आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा आवधिक विकास योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु मध्यमकालीन खर्च संरचना आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

रामप्रसादराई गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पालिका, समुदाय तथा नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयनतर्फ उन्मुख रहेको देखिन्छ। स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन्। बजेट तथा कार्यक्रम कार्यान्वयनको समय तालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्य तालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महसुस गरिएको छ। आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखि नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नुपर्ने सिकाइ समेत भएको छ। आवधिक विकास योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र हालसम्मको उपलब्धि समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको संभव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपेक्षागत रूपमा तर्जुमा गर्नुपर्नेछ।

## योजना तथा बजेट तर्जुमाका आधारहरू

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका स्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाका प्रस्तुत गर्दछ । बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास र समृद्धि हासिल गर्ने प्रमुख औजारको रूपमा लिइन्छ। यसका साथै संविधान व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरूको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ । नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो। संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न पालिका

निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ। मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछ:

१. नेपालको संवधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)
२. पालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली
३. प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड र अनुदान)
४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखि ६८ र परिच्छेद १०: दफा ६९ देखि ८०)
५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेद: वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)
६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू ( बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृति र संशोधन, प्रगति समीक्षा)
७. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधिसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)
८. दिगोविकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)
९. दीर्घकालीन सोँच तथा पन्धौं योजनाको सान्र्दभिक बुँदाहरू
१०. आवधिक विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना।
११. समपूरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

**बजेट सीमा**

आगामी आ.व. २०८१/८२ समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना, कार्यक्रम र विषयगत उप-क्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कूल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा स्रोको स्रोत समेत समावेश गरिएको गरिएको छ (अनसूची २ )।

## अनूसुची ३: तीन आर्थिक वर्षको बजेट सिमा

| क. सं | विषय क्षेत्र/उपक्षेत्र | २०८१/०८२ (रु मा) | | | २०८२/०८३ (रु मा) | | | २०८३/०८४ (रु मा) | | | कूल जम्मा | बजेट स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु खर्च | पूँजीगत खर्च | कुल | चालु खर्च | पूँजीगत खर्च | कुल | चालु खर्च | पूँजीगत खर्च | | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| (क) | **आर्थिक विकास** | **१२७७५६१८८.४१** | **६२६००५३२.३२** | **६५१५५६५६.०९** | **१४६९१९६१६.६७** | **६९०५२२१९.८३** | **७७८६७३९६.८३** | **१६८९५७५५९.१७** | **७६०३०९०१.६३** | **९२९२६६५७.५४** | **४४३६३३३६४.२४** | **५३०५९६६२.३३** | **२९६९४६०२८.०९** | **१४९५९१६७.७५** | **७८६६८५०६.०७** |
| १ | कृषि तथा पशुपंन्छी | ५०८३४१८७.३७ | २४९०८७५१.८१ | २५९२५४३५.५६ | ५८४५९३१५.४७ | २७४७५८७८.२७ | ३०९८३४३७.२० | ६७२२८२१२.७९ | ३०२५२६९५.७६ | ३६९७५५१७.०४ | १७६५२१७१५.६३ | २१११२४३९.६४ | ११८१५४८२४.५८ | ५९५२२५२.८५ | ३१३०२१९८.५७ |
| २ | सिंचाई | ३२५१३९४९.९५ | १५९३१८३५.४८ | १६५८२११४.४७ | ३७३९१०४२.४४ | १७५७३७८९.९५ | १९८१७२५२.४९ | ४२९९९६९८.८१ | १९३४९८६४.४६ | २३६४९८३४.३४ | ११२९०४६९१.२० | १३५०३६८४.०६ | ७५५७२७६४.१५ | ३८०७१०८.१९ | २००२११३४.८० |
| ३ | पर्यटन, संस्कृति तथा सम्पदा | ३११७२५०९.९७ | १५२७४५२९.८९ | १५८९७९८०.०९ | ३५८४८३८६.४७ | १६८४८७४१.६४ | १८९९९६४४.८३ | ४१२२५६४४.४४ | १८५५१५४०.०० | २२६७४१०४.४४ | १०८२४६५४०.८७ | १२९४६५५७.६१ | ७२४५४८३०.८५ | ३६५००३६.९३ | १९१९५११५.४८ |
| ४ | उद्योग र व्यापार | ८९४२९३३.१९ | ४३८२०३७.२६ | ४५६०८९५.९३ | १०२८४३७३.१७ | ४८३३६५५.३९ | ५४५०७१७.७८ | ११८२७०२९.१४ | ५३२२१६३.११ | ६५०४८६६.०३ | ३१०५४३३५.५० | ३७१४१७६.३६ | २०७८६२२१.९७ | १०४७१४१.७४ | ५५०६७९५.४२ |
| ५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ४२९२६०७.९३ | २१०३३७७.८९ | २१८९२३०.०४ | ४९३६४९९.१२ | २३२०१५४.५९ | २६१६३४४.५३ | ५६७६९७३.९९ | २५५४६३८.२९ | ३१२२३३५.६९ | १४९०६०८१.०४ | १७८२८०४.६५ | ९९७७३८६.५४ | ५०२६२८.०४ | २६४३२६१.८० |
| (ख) | **सामाजिक क्षेत्र** | **१८१४१२७१४.४१** | **८८८९२२३०.०६** | **९२५२०४८४.३५** | **२०८६२४६२१.५७** | **९८०५३५७२.१४** | **११०५७१०४९.४३** | **२३९९१८३१४.८०** | **१०७९६३२४१.६६** | **१३१९५५०७३.१४** | **६२९९५५६५०.७७** | **७५३४४२७४.८२** | **४२१६६०८६५.५९** | **२१२४१८९२.५५** | **१११७०८६१७.८२** |
| १ | स्वास्थ्य तथा पोषण | ८६६२४५७१.१३ | ४२४४६०३९.८५ | ४४१७८५३१.२८ | ९९६१८२५६.८० | ४६८२०५८०.७० | ५२७९७६७६.१० | ११४५६०९९५.३२ | ५१५५२४४७.८९ | ६३००८५४७.४२ | ३००८०३८२३.२४ | ३५९७६८९१.२३ | २०१३४३०६३.३२ | १०१४३००३.६९ | ५३३४०८६५.०१ |
| २ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | १६८८९५२३.७१ | ८२७५८६६.६२ | ८६१३६५७.०९ | १९४२२९५२.२७ | ९१२८७८७.५७ | १०२९४१६४.७० | २२३३६३९५.११ | १००५१३७७.८० | १२२८५०१७.३१ | ५८६४८८७१.०९ | ७०१४५५१.९९ | ३९२५६६२६.५९ | १९७७६२०.२० | १०४०००७२.३२ |
| ३ | खानेपानी तथा सरसफाई | ६५५४४४१३.७१ | ३२११६७६२.७२ | ३३४२७६५०.९९ | ७५३७६०७५.७७ | ३५४२६७५५.६१ | ३९९४९३२०.१६ | ८६६८२४८७.१४ | ३९००७११९.२१ | ४७६७५३६७.९३ | २२७६०२९७६.६२ | २७२२१८८६.४९ | १५२३४६०७०.७४ | ७६७४६९५.७८ | ४०३६०३२३.६२ |
| ४ | महिला, वालवालिका तथा लक्षित वर्ग | ४६८०४४८.०३ | २२९३४१९.५४ | २३८७०२८.५० | ५३८२५१५.२४ | २५२९७८२.१६ | २८५२७३३.०८ | ६१८९८९२.५२ | २७८५४५१.६३ | ३४०४४४०.८९ | १६२५२८५५.७९ | १९४३८८२.२९ | १०८७८८५०.३३ | ५४८०४०.८३ | २८८२०८२.३४ |
| ५ | युवा तथा खेलकुद | ७६७३७५७.८२ | ३७६०१४१.३३ | ३९१३६१६.४९ | ८८२४८२१.४९ | ४१४७६६६.१० | ४६७७१५५.३९ | १०१४८५४४.७२ | ४५६६८४५.१२ | ५५८१६९९.५९ | २६६४७१२४.०३ | ३१८७०६२.८२ | १७८३६२५४.६१ | ८९८५३२.०५ | ४७२५२७४.५३ |
| (ग) | **पूर्वाधार क्षेत्र** | **२०४९६७९२९.३२** | **१००४३४२८५.३७** | **१०४५३३६४३.९५** | **२३५७१३११८.७२** | **११०७८५१६५.८०** | **१२४९२७९५२.९२** | **२७१०७००८६.५३** | **१२१९८१५३८.९४** | **१४९०८८५४७.५९** | **७११७५११३४.५६** | **८५१२७२१९.७०** | **४७६४१०६७९.२५** | **२४०००००८.७४** | **१२६२१३२२६.८८** |
| १ | वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण | १९२४६४८८.५६ | ९४३०७७९.४० | ९८१५७०९.१७ | २२१३३४६१.८५ | १०४०२७२७.०७ | ११७३०७३४.७८ | २५४५३४८१.१२ | ११४५४०६६.५१ | १३९९९४१४.६२ | ६६८३३४३१.५४ | ७९९३४४५.९३ | ४४७३४९६२.७८ | २२५३६००.८२ | ११८५१४२२.०० |
| २ | सडक, पुल तथा यातायात | १७७०५१२९७.३५ | ८६७५५१३५.७० | ९०२९६१६१.६५ | २०३६०८९९१.९५ | ९५६९६२२६.२२ | १०७९१२७६५.७३ | २३४१५०३४०.७४ | १०५३६७६५३.३३ | १२८७८२६८७.४१ | ६१४८१०६३०.०४ | ७३५३२८९२.३८ | ४११५२३५४४.७४ | २०७३१२०७.५५ | १०९०२२९८५.३८ |
| ३ | जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा | ६३१३०१२.२२ | ३०९३३७५.९९ | ३२१९६३६.२३ | ७२५९९६४.०६ | ३४१२१८३.११ | ३८४७७८०.९५ | ८३४८९५८.६६ | ३७५७०३१.४० | ४५९१९२७.२७ | २१९२१९३४.९४ | २६२१९१८.३७ | १४६७३४४८.९२ | ७३९२००.२७ | ३८८७३६७.३९ |
| ४ | सुचना, संचार तथा प्रविधि | २३५७१३१.१९ | ११५४९९४.२८ | १२०२१३६.९१ | २७१०७००.८७ | १२७४०२९.४१ | १४३६६७१.४६ | ३११७३०६.०० | १४०२७८७.७० | १७१४५१८.३० | ८१८५१३८.०५ | ९७८९६३.०३ | ५४७८७२२.८१ | २७६०००.१० | १४५१४५२.११ |
| (घ) | **वन, वातावरण तथा विपत व्यवथापन क्षेत्र** | **१७४९२०२७.४८** | **८५७१०९३.४६** | **८९२०९३४.०१** | **२०११५८३१.६०** | **९४५४४४०.८५** | **१०६६१३९०.७५** | **२३१३३२०६.३४** | **१०४०९९४२.८५** | **१२७२३२६३.४९** | **६०७४१०६५.४१** | **७२६४७८३.६७** | **४०६५७०३७.०३** | **२०४८१६८.२८** | **१०७७१०७६.४३** |

# मध्यमकालीन खर्च संरचना

| क्र. सं | विषय क्षेत्र/उपक्षेत्र | २०८१/०८२ (रु मा) | | | २०८२/०८३ (रु मा) | | | २०८३/०८४ (रु मा) | | | कूल जम्मा | बजेट स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु खर्च | पूँजीगत खर्च | कुल | चालु खर्च | पूँजीगत खर्च | कुल | चालु खर्च | पूँजीगत खर्च | | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | राजस्व बाँडफाँड |
| १ | वन तथा जैविक विविधता | ३३०५९९३.१९ | १६१९९३६.६६ | १६८६०५६.५३ | ३८०१८९२.१७ | १७८६८८९.३२ | २०१५००२.८५ | ४३७२१७६.०० | १९६७४७९.२० | २४०४६९६.८० | ११४८००६१.३६ | १३७३०४४.११ | ७६८४१८०.०० | ३८७१०३.८१ | २०३५७३३.४५ |
| २ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ५०८१४३३.९८ | २४८९९०२.६५ | २५९१५३१.३३ | ५८४३६४९.०८ | २७४६५१५.०७ | ३०९७१३४.०१ | ६७२०१९६.४४ | ३०२४०८८.४० | ३६९६१०८.०४ | १७६४५२७९.५० | २११०४१९.६६ | ११८१०८६९.२६ | ५९४९९२.८९ | ३१२८९९७.७० |
| ३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ४५२३४३८.३१ | २२१६४८४.७७ | २३०६९५३.५४ | ५२०१९५४.०५ | २४४४९१८.४० | २७५७०३५.६५ | ५९८२२४७.१६ | २६९२०११.२२ | ३२९०२३५.९४ | १५७०७६३९.५२ | १८७८६७३.०६ | १०५१३९०९.७७ | ५२९६५६.३२ | २७८५४००.३६ |
| ४ | विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जनवायु उत्थानशीलता | ४५८११६२.०० | २२४४७६९.३८ | २३३६३९२.६२ | ५२६८३३६.३० | २४७६११८.०६ | २७९२२१८.२४ | ६०५८५८६.७४ | २७२६३६४.०३ | ३३३२२२२.७१ | १५९०८०८५.०३ | १९०२६४६.८४ | १०६४८०७८.०० | ५३६४१५.२७ | २८२०९४४.९२ |
| (ङ) | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **४९३६४००.३९** | **२४१८८३६.१९** | **२५१७५६४.२०** | **५६७६८६०.४५** | **२६६८१२४.४१** | **३००८७३६.०४** | **६५२८३८९.५२** | **२९३७७७५.२८** | **३५९०६१४.२४** | **१७१४१६५०.३६** | **२०५०१८४.३५** | **११४७३७६५.०५** | **५७८०१०.६८** | **३०३९६९०.२८** |
| १ | कानून, नीति तथा सुशासन | १२४१०११.०६ | ६०८०९५.४२ | ६३२९१५.६४ | १४२७१६२.७२ | ६७०७६६.४८ | ७५६३९६.२४ | १६४१२३७.१२ | ७३८५५६.७१ | ९०२६८०.४२ | ४३०९४१०.९० | ५१५४१६.३५ | २८८४५०४.५३ | १४५३११.८९ | ७६४१७८.१४ |
| २ | संगठन तथा क्षमता विकास | २४२५७४७.१५ | ११८८६१६.१० | १२३७१३१.०५ | २७८९६०९.२३ | १३११११६.३४ | १४७८४९२.८९ | ३२०८०५०.६१ | १४४३६२२.७७ | १७६४४२७.८४ | ८४२३४०६.९९ | १००७४६०.५९ | ५६३८२०८.१५ | २८४०३४.४५ | १४९३७०३.८० |
| ३ | श्रोत परिचालन तथा व्यवस्थापन | ५६४२३०.५६ | २७६४७२.९८ | २८७७५७.५९ | ६४८८६५.१५ | ३०४९६६.६२ | ३४३८९८.५३ | ७४६१९४.९२ | ३३५७८७.७१ | ४१०४०७.२१ | १९५९२९०.६४ | २३४३३६.०७ | १३११४५१.३५ | ६६०६६.६२ | ३४७४३६.६० |
| ४ | विकास व्यवस्थापन | ७०५४११.६२ | ३४५६५१.६९ | ३५९७५९.९२ | ८११२२३.३६ | ३८१२७४.९८ | ४२९९४८.३८ | ९३२९०६.८६ | ४१९८०८.०९ | ५१३०९८.७७ | २४४९५४१.८४ | २९२९७१.३४ | १६३९६०१.०३ | ८२५९७.७३ | ४३४३७१.७४ |
| **कूल जम्मा** | | **५३६५६५२६०.००** | **२६२९१६९७७.४०** | **२७३६४८२८२.६०** | **६१७०५००४९.००** | **२९००१३५२३.०३** | **३२७०३६५२५.९७** | **७०९६०७५५६.३५** | **३१९३२३४००.३६** | **३९०२८४१५५.९९** | **१८६३२२२८६५.३५** | **२२२८४६१२४.८८** | **१२४७१४८३७५.००** | **६२८२७२४८.००** | **३३०४०१११७.४८** |

## अनूसुची ४: अन्तिम मस्यौदा प्रतिवेदन प्रस्तुतीरणमा सहभागीहरुको सूची

आज मिति २०८१।०२।३० गते यस रामप्रसाद राई गाउँपालीकाको आयोजनामा सडक यातायात गुरुयोजना (MTMP), मध्यमकालीन खर्च संरचना (MTEF) र आवधिक विकास योजना (PDP) को विभिन्न चरणमा भएको छलफल, कार्यक्रम, तथ्याङ्क संकलन पश्चात तयार भएको मस्यौदा प्रतिवेदन माथीको छलफल कार्यक्रम आयोजना गरीयो। उक्त कार्यक्रममा निम्नलिखितको उपस्थिति रहेको थीयो।

उपस्थीती

| क्र.सं. | नाम थर | पद/संस्था | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्याम ब. राई | अध्यक्ष | |
| २. | विरेन्द्र राई | उपाध्यक्ष | |
| ३. | ओगेन्द्र राई | वडा अध्यक्ष-१ | |
| ४. | राजकुमार तामाङ | वडा अध्यक्ष-२ | |
| ५. | रामु थापा मगर | वडा अध्यक्ष-३ | |
| ६. | बाबु कुमार राई | वडा अध्यक्ष-४ | |
| ७. | भगत ब. चौहान | वडा अध्यक्ष-५ | |
| ८. | खगराज आचार्य | वडा अध्यक्ष-६ | |
| ९. | मनराजी राई | वडा अध्यक्ष-७ | |
| १०. | बाँच कुमार राई | वडा अध्यक्ष-८ | |
| ११. | सन्तोष पाख्रेल | प्रमुख प्र. अधिकृत | |
| १२. | सविना तामाङ | कार्यपालिका सदस्य | |
| १३. | बिना विश्वकर्मा | कार्यपालिका | |
| १४. | अजय राई | कार्यपालिका सदस्य | |
| १५. | प्रतिमा राई | कार्यपालिका सदस्य | |
| १६. | भावना कुमारी थापा | (इ.वि.ख) | |
| १७. | धिरज कु. ठाकुर | कृषि अधिकृत | |
| १८. | दानु बहादुर भट्टराई | प्राविधिक सहायक | |
| १९. | कर्ण बहादुर नकाल | प० स०प्रा० | |
| २०. | सजन सुब्बा | सु०प्र०अ० | |
| २१. | मन्दिरा राई | रोजगार संयोजक | |

२३ योगेन्द्र प्र. शाह — रवि सेयेन्द्र राम प्रसाद मेम्बर
२४. ज्ञानराज भट्टराई — योजना शाखा
२५. जोशन कोइत — पूर्वाधार विकास शाखा
२६. टेकराज भट्टराई — लेखासमिति संयोजक
२७ मिलन विश्वकर्मा — कार्यपालिका सदस्य
२८. अशोक कुमार खवास — कार्यपालिका सदस्य
२९. विकास राई — व नं वडा सदस्य
३०. अनन्त राई — अधिकृतस्तर सातौं

प्रस्ताव
१. अन्तीम प्रतिवेदन पेश गर्ने सम्बन्धी।
२. विविध

निर्णय नं. १ माथी छलफल गर्दा उल्लेखीत विषयका सम्बन्धमा माथी छलफल कार्यक्रममा उठेका सुझाव तथा छलफल लाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नको लागि परामर्शदातालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. २ माथी कुनै विषय वस्तु नभएकोले यस कार्यक्रम लाई स्थगित गर्ने निर्णय गरीयो।